सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२८ चैत २०८१, बिहीबार (10 Apr 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक ३५४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आफैंले गठन गरेका आयोगले खर्च कटौती गर्न दिएका सुझाव कार्यान्वयन गर्दैन सरकार

सरकारले सार्वजनिक फजुल खर्च कटौती नगर्दा कर्मचारीलाई तलबभत्ता खुवाउनसमेत सकस, आर्थिक असन्तुलन बढ्दै जाँदा २५ चैतसम्ममा राजस्व आम्दानीभन्दा खर्च एक खर्ब ८१ अर्बले बढी

नयाँ गाडी र फर्निचर खरिद नगर्नेदेखि परामर्श सेवा नलिनेसम्मका मापदण्ड बनाइन्छन्, कार्यान्वयन हुँदैनन्

कृष्ण रिजाल/नयाँ पत्रिका

अर्थमन्त्री विष्णु पौडेलले ३ चैतमा संसद्लाई सम्बोधन गर्दै आर्थिक असन्तुलनको दुःख बिसाए- लक्ष्यअनुसार राजस्व उठ्न सकेको छैन, खर्च भने बढिरहँदा चालू खर्च धान्नसमेत धौ-धौ परेको छ। तर, यस्तो अवस्था आउन सक्ने अनुमान ६ वर्षअघि ०७४/७५ मै गरिएको थियो। सरकार आफैंले गठन गरेको सार्वजनिक खर्च पुनरावलोकन आयोगले फजुल खर्च कटौती गर्न दिएको सुझावलाई बेवास्ता गर्दा राजस्व संकलन र खर्चबिच सन्तुलन बिग्रिएको हो।

तत्कालीन सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले फजुल खर्च कटौती तथा मितव्ययिता अपनाउन सुझाव दिँदै त्यसो नगरिए भविष्यमा सार्वजनिक वित्त व्यवस्थापनमा समस्या आउने चेतावनी दिएको थियो। सरकारले ६ वर्षसम्म गोप्य राखेर बल्लतल्ल प्रतिवेदन सार्वजनिक त गऱ्यो, तर कार्यान्वयन भने गरेन। त्यसअघि पनि सरकारले यस्ता दुई आयोग बनाएको थियो, तर सुझाव भने पालना गरेको थिएन। सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ र सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६

» पृष्ठ २ मा क्रमशः

■ १८ वर्षमा तीन आयोग : कर्मचारीको दरबन्दी कटौतीदेखि मन्त्रालय संख्या घटाउनसम्मका सुझाव, तर टेरेन सरकारले

● सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ ले मन्त्रालय/विभागको संख्या घटाउन, क्षेत्रीय कार्यालयहरू खारेज गर्न, कर्मचारीको मौजुदा दरबन्दी कटौती गर्न, मन्त्रालयपिच्छे कानुन अधिकृत नराख्न, बेरुजु गर्नेलाई जिम्मेवार बनाउन, आयोजनाको अवधि नथप्न, पाँच वर्ष पदपूर्ति नगर्नलगायत सुझाव दिएको थियो। खर्च कटौतीका लागि महत्त्वपूर्ण रहेका यी कुनै पनि सुझाव कार्यान्वयन नै भएनन्। यो आयोगले दिएका मुख्य ६८ सुझावमा पाँचवटा पूर्ण र २८ आंशिक कार्यान्वयनमा आए। तर, खर्च कटौतीमा खास मानिएका ३५ सुझाव भने सरकारले कार्यान्वयनमै ल्याएन।



● सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ ले दिएको मुख्य ९४ सुझावमा चारवटा मात्रै पूर्ण कार्यान्वयन भए। त्यस्तै, ५६ सुझाव आंशिक कार्यान्वयन भएकामा ३४ सुझाव कार्यान्वयन हुनै सकेनन्। वित्तीय अनुशासनसम्बन्धी छाता कानुन तर्जुमा गर्नुपर्ने, नतिजामा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्ने, सबै दातृ निकायहरूलाई नेपाल सरकारको कोष प्रणालीमार्फत निकासा तथा खर्च गर्न लगाउने, आर्थिक वर्षको अन्तिम चौमासिकमा बजेट विनियोजन नभएको शीर्षक र उपशीर्षकमा रकमान्तर वा स्रोतान्तर नगर्ने, आर्थिक सहायताको दुरुपयोग रोक्ने, आयोजना प्रमुख एवं कर्मचारीको चाँडो-चाँडो सरुवा नगर्ने, आयोजना बैंक तयार गरी प्राथमिकताक्रम निर्धारण गर्नेलगायत खर्च कटौतीमा कोसेढुंगा साबित हुने अधिकांश सुझाव कार्यान्वयन नै भएनन्।

● सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले त मन्त्रालय संख्या नै घटाएर १६ मा झार्न सुझाव मात्रै दिएको थिएन, विभागहरू पनि ३५ मा झार्न, कर्मचारी कटौती गर्न तथा बोर्ड र समितिहरू खारेज गर्न सुझाव दिएको थियो। त्यस्तै, संघ, प्रदेश र स्थानीय तहमा क्रमशः ३५, २० र ४० गरी ९५ हजारको कुल संख्यामा नबढ्ने गरी दरबन्दी पुनर्संरचना गर्न, केन्द्र, प्रदेश सरकार र स्थानीय तहमा रहेका हालका कार्यालय संख्यालाई पुनरावलोकन गरी ३५ सय मात्र राख्न, सवारीसाधन खरिदको मापदण्ड तोकी नयाँ कार्यालयबाहेक सबै कार्यालयमा तीन वर्ष सवारीसाधन खरिद नगर्न, आर्थिक वर्षको दोस्रो चौमासिक समाप्ति अर्थात् फागुन मसान्त नसकिँदै रकमान्तर, स्रोतान्तर थप निकासालाई पूर्ण बन्देज लगाउन पनि आयोगले सुझाव दिएको थियो। तर, ६ वर्षसम्म गोप्य राखेर बल्लतल्ल प्रतिवेदन सार्वजनिक गरे पनि सुझाव कार्यान्वयनको समीक्षा हालसम्म गरिएको छैन।

खर्च कटौती नगरे सार्वजनिक वित्त व्यवस्थापनमा संकट आउँछ



● **डा. डिल्लीराज खनाल**, अध्यक्ष
सार्वजनिक खर्च पुनरावलोकन आयोग

सार्वजनिक खर्च व्यवस्थापन तथा कटौतीका लागि सरकारले पटक-पटक आयोग बनायो, तर सुझाव कार्यान्वयनमा अग्रसरता देखाएन। मेरो नेतृत्वमा ०७५ मा बनेको आयोगले दिएका सुझावसहितको प्रतिवेदन पनि दराजमा थन्क्याएर राख्यो। सरकार आफैंले बनाएका खर्च कटौतीका मापदण्डसमेत कार्यान्वयन गर्न सकेको छैन। त्यसैले, सरकारलाई अहिले सार्वजनिक वित्त व्यवस्थापनमा समस्या भइरहेको छ। फजुल खर्च कटौती तथा मितव्ययिता नअपनाउने हो भने सरकारलाई भविष्यमा सार्वजनिक वित्त व्यवस्थापनमा समस्या आउँछ भनेर हामीले त्यतिबेलै सचेत गराएको हो। नभन्दै अहिले सरकारलाई समस्या परिरहेको छ। अब पनि खर्च कटौती नगरे भविष्यमा संकट आउँछ।

समयमै सुधार नगरे आर्थिक असन्तुलनको दलदलमा फस्ने जोखिम छ



● **मीनबहादुर श्रेष्ठ**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

पछिल्ला वर्षहरूमा हाम्रो सञ्चित कोष निरन्तर नोक्सानमा रहेको देखिन्छ। आय र व्ययबिच ठुलो खाडल छ। सरकारले हस्तक्षेपकारी भूमिका निर्वाह नगर्दा राजस्व आम्दानी अपेक्षाअनुसार बढ्न सकेको छैन। सरकार पनि राजस्व वृद्धिमा बल गर्नुको साटो ऋण उठाएर खर्च गर्ने सजिलो बाटोमा रमाएको छ। यसले गर्दा वित्तीय असन्तुलन बढिरहेको छ। समयमै सुधार नगरे भविष्यमा अझ आर्थिक असन्तुलनको दलदलमा फस्ने जोखिम छ।

बक्यौता 'यकिन गरेर उठाउन' हितेन्द्रलाई ऊर्जामन्त्रीको निर्देशन

प्राधिकरणले यकिन गरेरै बिल काटिसकेको र अदालतले समेत त्यसलाई वैधानिकता दिइसकेको अवस्थामा मन्त्री खड्काले 'यकिन गरेर उठाउन' निर्देशन दिनुमा बिल सच्याउन खोजेको आशंका



मिलन विश्वकर्मा/नयाँ पत्रिका

कुलमान घिसिङलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाएसँगै ऊर्जामन्त्री दीपक खड्काले डेडिकेटेड फिडर र ट्रंकलाइनबापत विद्युत् प्रयोग गरेर वर्षौंसम्म महसुल नतिरेका उद्योगीलाई 'छुट दिने' कदम चालेका छन्। खड्काले बुधबार मन्त्रालयका सचिव सुरेश आचार्य, विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धिताल र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई मन्त्रालयमै बोलाएर 'बक्यौता यकिन गरेर उठाउन' निर्देशन दिएका हुन्।

उद्योगीहरूले तिर्नुपर्ने बक्यौता प्राधिकरणले पहिल्यै यकिन गरिसकेको र अदालतले समेत त्यसलाई वैधानिकता दिइसकेको अवस्थामा मन्त्री खड्काले फेरि 'यकिन गरी' भन्ने भाषा घुसाएर बक्यौता उठाउन निर्देशन दिनुले 'बिल सच्याउन' खोजेको आशंका देखिन्छ। मन्त्री खड्काले दिएको निर्देशनबारे उनको सचिवालयले प्रेस विज्ञप्ति जारी गरेर भनेको छ, 'ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले उद्योगहरूसँग डेडिकेटेड फिडर र ट्रंकलाइनको बाँकी बक्यौता रकम यकिन गरेर तत्काल उठाउन निर्देशन दिनुभएको छ।'

तर, प्राधिकरण आफैंले जारी गरेको बिल आफैंले सच्याउन मिल्दैन। अदालत वा अन्य कुनै अधिकारप्राप्त निकायको आदेश तथा निर्देशन चाहिन्छ। प्राधिकरणले जारी

» पृष्ठ २ मा क्रमशः

रास्वपाको निष्कर्ष- रविमाथि राज्यको निर्मम प्रतिशोध

दुई दिन तीन रातको हिरासत बसाइ गैरकानुनी



नयाँ पत्रिका

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सभापति रवि लामिछानेमाथि राज्य संयन्त्रबाट निर्मम प्रतिशोध साधिएको निष्कर्ष निकालेको छ। बुधबार बसेको केन्द्रीय सचिवालय बैठकले सभापति लामिछानेलाई कानुनी प्रक्रिया मिचेर पक्राउ गरिएको भन्दै उनको दुई दिन तीन रातको हिरासत बसाइ गैरकानुनी भएकोसमेत ठहर गरेको छ।

'उच्च अदालत तुल्सीपुर बुटवल इजलासको आदेश स्विकार्दै आफैं पक्राउमा सहयोग गर्ने सार्वजनिक घोषणा भइसकेको अवस्था र उच्च अदालतको आदेश कार्यान्वयन गर्न जिल्ला अदालत रुपन्देहीले प्रक्रिया सुरु नगर्दै २२ चैतमा गरिएको गिरफ्तारी कानुनविपरीत छ,' कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटीले बैठक निर्णय सुनाउँदै सञ्चारकर्मीहरूसँग भने, '२५ चैतमा मात्र जिल्ला अदालतमा उपस्थित गराई थुनुवा पुर्जी दिइएकाले दुई दिन तीन रातको हिरासत बसाइ स्वतः अवैध छ।'

प्रहरीले निवासमा सभापतिमाथि गरेको गैरकानुनी र अमर्यादित व्यवहारले राज्यले निर्मम प्रतिशोध साधेको पुष्टि भएको रास्वपाको निष्कर्ष छ। 'कानुनले निर्धारण गरेका आधारभूत कागजात र अदालतको आदेशसमेत नलिई घर प्रवेश गर्नु र सभापतिले मागेपछि मात्र ढिला गरी दिनु, उच्च अदालतले आदेश गरिसकेको स्थितिमा अनुसन्धानका लागि भन्दै पक्राउ गर्नु र प्रहरीका उच्च अधिकारीले नै अन्तिम इच्छा सोध्नुले प्रहरीको गैरव्यावसायिकता मात्रै प्रस्ट्याएको छैन र यसले कानुनकै धज्जी उडाएको छ,' निर्णयमा भनिएको छ, 'जिल्ला अदालतले प्रक्रिया सुरु नगर्दै प्रहरीले सभापतिलाई आफ्नै निवासबाट पक्राउ गर्न सक्रिय हुनु र त्यहाँ देखिएको व्यवहार भन्ने आपत्तिजनक छ। निवासमा गरिएको गैरकानुनी र अमर्यादित व्यवहारले राज्यको निर्मम प्रतिशोध पुष्टि गर्छ।'

मानव अधिकार आयोगलाई ध्यानाकर्षण पत्र

मानव अधिकार उल्लंघनकर्तामाथि छानबिन गरी कारबाही गर्न माग



● **कवीन्द्र बुर्लाकोटी**
कार्यवाहक महामन्त्री

राज्य संयन्त्र रातारात सक्रिय भई उहाँ (रवि लामिछाने)को सामान्य जीवनमा ठुलो हलचल ल्याउने उद्देश्यले उत्रिएको छ। शयन कक्षमै प्रवेश गरी अभद्र व्यवहार र धरपकड भएको छ। प्रचलित कानुन र न्यायिक प्रक्रिया अवलम्बन नगरी गैरकानुनी पक्राउ भएको छ। यसले उहाँको मानव अधिकारको गम्भीर उल्लंघन भएको छ। विस्तृत अध्ययन अनुसन्धान गरी दोषीलाई आवश्यक कारबाही गर्न आयोगलाई अनुरोध गरेका छौं।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सभापति रवि लामिछानेको मानव अधिकार उल्लंघन भएको दाबी गर्दै त्यसबारे आवश्यक छानबिन गरी दोषीमाथि कारबाही गर्न राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण गराएको छ। कार्यवाहक महामन्त्री कवीन्द्र बुर्लाकोटी र प्रमुख सचेतक विराजभक्त श्रेष्ठसहितको टोलीले बुधबार आयोगका अध्यक्ष तपबहादुर मगरलाई ज्ञापनपत्र बुझाउँदै औपचारिक ध्यानाकर्षण गराएको हो।

कार्यवाहक महामन्त्री बुर्लाकोटीले आयोगमार्फत निष्पक्ष छानबिन भई आवश्यक कारबाही होस् भन्ने अपेक्षाका साथ ज्ञापनपत्र बुझाइएको बताए।

कार्यवाहक महामन्त्री बुर्लाकोटीले आयोगबाट छानबिन भई आवश्यक कारबाही होस् भन्नका लागि ध्यानाकर्षण गराएको बताए। 'राज्य संयन्त्र रातारात सक्रिय भई उहाँ (रवि लामिछाने)को सामान्य जीवनमा ठुलो हलचल ल्याउने उद्देश्यले उत्रिएको छ। हामी त्यसको घोर भर्त्सना गर्दछौं। अन्य कुनै नागरिकले यस्ता अनुभव भोग्न नपरोस् भन्ने कामना राख्दै र देशमा पूर्ण मानव

» पृष्ठ २ मा क्रमशः

■ त्रिवि उपकुलपतिको राजीनामा पत्र १३ दिनदेखि प्रधानमन्त्री कार्यालयमै अलपत्र

राजीनामा स्वीकृत भएन, उपकुलपतिलाई प्रधानमन्त्री कार्यालयबाट फोन पनि गएन

शिवहरि घिमिरे/नयाँ पत्रिका

त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालले कुलपतिसमेत रहेका प्राधानमन्त्री केपी ओलीसमक्ष बुझाएको राजीनामा १३ दिनसम्म पनि स्वीकृत भएको छैन। दुई सातासम्म त्रिवि उपकुलपतिविहीन हुँदा प्रधानमन्त्री कार्यालयले बराललाई एकपटक फोनसम्म गरेको छैन।

प्रधानमन्त्रीले काममा साथ दिनुको सट्टा सर्वोच्चको फैसलाविपरीत करार र अस्थायी प्राध्यापक तथा कर्मचारीलाई स्थायी गराउन दबाब दिएपछि बरालले १५ चैतमा प्रधानमन्त्री कार्यालयमै पुगेर उनको सचिवालयलाई राजीनामा पत्र बुझाएका थिए। प्रधानमन्त्रीलाई प्रत्यक्ष फोन र म्यासेजमार्फत जानकारी गराएका थिए। राजीनामा पत्रमा 'स्वास्थ्य ठिक नभएको' व्यहोरा खुलाएपछि नयाँ पत्रिकासँगको अन्तर्वार्तामा उनले 'प्रधानमन्त्रीको दबाब र हेपाइले राजीनामा दिन बाध्य भएँ' भनेका थिए।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भने अहिले आएर पनि उपकुलपति बरालको राजीनामा पत्रबारे कुनै जानकारी नै नभएको प्रतिक्रिया दिएको छ। कार्यालयका प्रवक्ता प्रेमप्रसाद आचार्यले भने, 'त्यसबारे (उपकुलपतिको राजीनामा) मलाई



जानकारी छैन, राजीनामा पत्र शिक्षा मन्त्रालयमा हुन सक्छ,' उनले भने, 'राजीनामा पत्र कुलपतिले स्वीकृत गर्ने हो वा मन्त्रिपरिषद्मा लैजानुपर्ने हो, त्यसबारे मलाई जानकारी भएन।'

उपकुलपति बरालले राजीनामा दिने अघिल्लो दिन नै गाडी र पिएसओ फिर्ता गरेका थिए। अहिलेसम्म आफ्नो राजीनामा स्वीकृत नभएको र सरकारका कुनै मान्छेबाट पनि फोन नआएको बरालले बताए। 'मैले त्यति वेला नै सुविधा फिर्ता गरेर राजीनामा दिएको हुँ, अझै स्वीकृत भएको छैन, प्रधानमन्त्रीज्यूले किन ढिलो गर्नुभएको हो, त्रिविमा झन् समस्या थपिँदै छन्,' उनले भने, 'काम गर्छु, त्रिवि सुधार्छु भनेर गएको हुँ, काम गर्ने वातावरण नभएपछि राजीनामा दिएँ।'

त्रिविका रेक्टर र रजिस्ट्रारले भने त्रिविमा फर्किन आग्रह गरेको उनले बताए। तर, प्रधानमन्त्रीकै कारण आफू राजीनामा दिन बाध्य भएका कारण फर्किने विषयमा नसोचेको बताए। 'रेक्टर र रजिस्ट्रारले बोलाउनुभएको छ, तर म फर्किने कुरा भएन, मलाई हटाउनलाई नै प्रधानमन्त्रीज्यूले बेवास्ता गर्नुभएको थियो, फेरि त्यस्तै हेला भोग्न म किन फर्किनु ?' उपकुलपति बरालले भने, 'म राजीनामा स्वीकृतिको पर्खाइमा छु।'

१० फागुन ०८० मा चार वर्षका लागि मेरिटअनुसार नै नियुक्त भएका बराल १३ महिनामै राजीनामा दिन बाध्य भएका थिए। उनी त्रिवि आएको छोटो समयमै केही सुधारहरू देखिएका थिए। त्रिविलाई दलीय भागबन्डाबाट मुक्त गराउँदै डिन नियुक्तिमा मेरिट शैली अपनाएका थिए। उनी उपकुलपति बनेपछि त्रिविको शैक्षिक क्यालेन्डर पनि बन्यो। परीक्षा तालिका र नतिजा ट्र्याकमा ल्याए। त्रिविको जग्गासम्बन्धी प्रतिवेदन पनि उनकै पालामा सार्वजनिक भयो।

केहीले युनको बर्खास्तीलाई दक्षिण कोरियामा उदार लोकतन्त्रप्रति जनताको विश्वास पुनर्स्थापित गर्ने प्रक्रियाको सुरुवातको रूपमा चित्रण गरेका छन्

(विस्तृत पृष्ठ ५)

९ महिनायताकै न्यून विन्दुमा महँगीदर



फागुनमा काठमाडौं उपत्यकाको मुद्रास्फीति ३.२५ प्रतिशत, तराईको ३.७७ प्रतिशत, पहाडको ३.७२ प्रतिशत र हिमालको ४.७७ प्रतिशत

जिडिपीको ५.५ प्रतिशत आन्तरिक ऋण उठाउन आयोगको सिफारिस

पहिलो चरणमा जिडिपीको ५ प्रतिशत मात्रै आन्तरिक ऋण उठाउन भनिएको छ। त्यो ऋण उपयुक्त देखिएका परियोजना कार्यान्वयनमा खर्च गर्नुपर्ने सर्त राखिएको छ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

आन्दोलनरत शिक्षकले माग्दै आएको विद्यालय शिक्षा ऐन कुन अवस्थामा छ ?



- विद्यालय शिक्षा विधेयकको १६९ दफामध्ये ३८ वटामा मात्रै छलफल, बाँकी १३१ वटा दफामा छलफल तथा संशोधन बाँकी
- विधेयकको प्रक्रियागत काम सक्न अझै एक महिना लाग्ने

(विस्तृत पृष्ठ ३)

कस्तो बजेट, कत्रो बजेट ?

अग्रलेख

● गोपीनाथ मैनाली

युवा, उद्यमी तथा सर्वसाधारणमा विश्वास जगाउन नसक्ने वास्तविकतासँग अपरिचित र अवास्तविक बजेटको काम छैन

(पृष्ठ ४)

अझै कायम छ दक्षिण कोरियाको राजनीतिमा युनको प्रभाव

अर्घाखाँचीमा दुईदिने पाणिनि तपोभूमि सम्मेलन सुरु

नेपाललाई देवभूमिका रूपमा चिनाउन ऋषिहरूको ठुलो भूमिका छ : प्रधानमन्त्री

बुटवल/ अर्घाखाँचीमा बुधबारदेखि पाणिनि तपोभूमि सम्मेलन सुरु भएको छ। लुम्बिनी प्रदेश सरकारअन्तर्गत उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, पर्यटन विकास परिषद्, पाणिनि गाउँपालिका र पाल्पाको रैनादेवी छहरा गाउँपालिकाको संयुक्त आयोजनामा दुईदिने सम्मेलन सुरु भएको हो।

पाणिनि ऋषिले पाणिनिमा तपस्या गरेर संस्कृत व्याकरणको रचना गरेको इतिहास छ। विश्वको प्राचीन भाषा संस्कृत व्याकरणको उत्पत्ति र रचना भएको पाणिनि तपोभूमिको गरिमा र महत्त्वलाई उजागार गर्दै यहाँको विकासमा ध्यान केन्द्रित गर्न सम्मेलन आयोजना गरिएको हो। सम्मेलनको उद्घाटन प्रधानमन्त्री केपी ओलीले गरेका छन्। उनले नेपालको भूमि ध्यानभूमि, ज्ञानभूमि तथा देवभूमिका रूपमा रहेको र यसका लागि महर्षि पाणिनिसहितका ऋषिहरूको ठूलो भूमिका रहेको बताए। प्रधानमन्त्री ओलीले पाणिनिले मात्र नभई शिव, शृंगेश्वर ऋषि, पतञ्जली र अन्य महर्षिको तप, साधना, योग, आयुर्वेद र ज्ञान साधनाको केन्द्रभूमिका रूपमा नेपाल रहेको बताए। उनले अब पाणिनि तपोभूमिको विकासका लागि गुरुयोजना बनाएर अगाडि बढ्नुपर्नेमा जोड दिए।

लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्यले विकासप्रतिको तीव्र आकांक्षा पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताए। पाणिनि सम्मेलनले प्राचीन ज्ञानको संरक्षण र लुम्बिनी प्रदेशको पर्यटन विकासलाई नयाँ उचाइमा पुऱ्याएको र तपोभूमिको गौरवलाई विश्वसामु उजागर गर्नु सम्मेलनको उद्देश्य रहेको बताए।

कार्यक्रममा कांग्रेस नेता चन्द्र भण्डारीले नेपालको विकासका लागि दूरदर्शी योजना अगाडि बढाउनुपर्ने बताए। कार्यक्रममा एमाले नेता प्रदीप ज्ञवाली, लुम्बिनी प्रदेश सभाका सभामुख तुलाराम घर्तीमगर, पाणिनि गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपानेलगायतले यस क्षेत्रबारे चर्चा गरेका थिए।

त्यस्तै, प्रधानमन्त्रीले महर्षि पाणिनि मन्दिरको शिलान्यास पनि गरेका छन्। मन्दिर उद्योग, पर्यटन तथा यातायात मन्त्रालयअन्तर्गत पर्यटन डिभिजन कार्यालय, रुपन्देहीको लगानीमा बन्नेछ। पाणिनिलाई संस्कृत व्याकरणका पिता मानिँदै आएको छ र यस स्थललाई ध्यानभूमि, ज्ञानभूमि तथा देवभूमिका रूपमा प्रचारप्रसार गर्दै धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित २७ लाख ४५ हजार ७२६ रुपैयाँ लागतमा मन्दिर बन्न लागेको हो।

डढेलो र प्रदूषणको चपेटामा वर्षाको मल्हम

काठमाडौंमा २७ दिनपछि वर्षा, आज र भोलि पनि सक्रिय रहनेछ पानी पार्ने प्रणाली

नयाँ पत्रिका



चरम सुक्खाका कारण देशभरका वनजंगलमा डढेलो बढ्नुका साथै वायु प्रदूषण पनि उच्च भएका वेला मंगलबारदेखि वर्षा हुन थालेपछि केही राहत मिलेको छ। बंगालको खाडीबाट भित्रिएको जलवाष्पयुक्त हावाको प्रभावका कारण मंगलबार र बुधबार पूर्वी र मध्य नेपालमा वर्षा भएको हो। वर्षाले यस क्षेत्रमा डढेलो केही घटाएको छ भने वर्षा भएका क्षेत्रमा तुवाँलो पनि कम गरेको छ।

वायु प्रदूषणको चरम मारमा परेको काठमाडौं उपत्यकामा पनि केही ठाउँमा बुधबार दिउँसो वर्षा भयो। सबै ठाउँमा वर्षा नहुँदा प्रदूषण न्यूनीकरणमा उल्लेखनीय सुधार हुन सकेको छैन। वर्षा भएका वेला प्रदूषण केही घटे पनि राति वायुको गुणस्तर सूचकांक (एक्युआई) २०८ पुग्यो।

जल तथा मौसम पूर्वानुमान महाशाखाका मौसमविद् गोविन्द झाका अनुसार वर्षा गराउने प्रणाली बिहीबार र शुक्रबार पनि कायमै रहने भएकाले प्रदूषण घटाउनमा मद्दत पुग्न सक्छ। 'बुधबार उपत्यकाका साँखु, मूलपानी क्षेत्रमा राम्रो पानी पऱ्यो। तर, मध्य सहरमा खासै परेन,' मौसमविद् झाले भने, 'बिहीबार र शुक्रबार पनि वर्षाको सम्भावना छ। बुधबारभन्दा बिहीबार धेरै पानी पर्ने देखिन्छ। यसले पक्कै पनि केही दिनका लागि तुवाँलो हट्छ होला।'

बुधबार साँखुमा २०.६ मिलिमिटर पानी परेको थियो। काठमाडौंमा २७ दिनपछि वर्षा भएको हो। यसअघि २ ९ फागुन र १ चैतमा वर्षा भएको थियो। १ चैतमा त्रिभुवन विमानस्थलको वर्षा मापन केन्द्रमा १.५ मिलिमिटर वर्षा रेकर्ड भएको थियो।

बुधबारै काठमाडौंबाहिर झापा, मोरङ, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, दोलखा, सिन्धुपाल्चोक, मकवानपुर, काभ्रेपलान्चोक, गोरखा, लमजुङ, कास्की र पाल्पाका केही ठाउँमा वर्षा भएको छ। त्यस्तै बाँके, जुम्ला, कालिकोट, मुगु, अछाम, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलालीका विभिन्न ठाउँमा पनि पानी परेको छ। मंगलबार पूर्वी र मध्य नेपालका केही ठाउँमा पानी परेको थियो।

आज कहाँ-कहाँ वर्षाको सम्भावना

मौसम पूर्वानुमान महाशाखाका अनुसार बिहीबार कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनीका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। कोशीका पहाडी क्षेत्रमा बादल लाग्ने र केही स्थानमा मेघगर्जन, चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुन सक्ने महाशाखाले बुलेटिनमा उल्लेख गरेको छ। कोशीका तराईका केही स्थानमा पनि पानी पर्ने सम्भावना छ। मधेशका केही स्थानबाहेक वर्षाको आकलन गरिएको छैन। तर, बागमतीमा उपत्यकासहितका ठाउँमा वर्षा हुने देखिन्छ।

डढेलो पनि घट्यो

मंगलबार र बुधबारको वर्षापछि डढेलो पनि घटेको छ। पानी परेका ठाउँमा डढेलो निभ्नुका साथै नयाँ ठाउँमा सल्किन नपाएको तथ्यांकले देखाउँछ। नासाको मोडिज उपग्रहले संकलन गरेको तथ्यांक हेर्दा पछिल्लो २४ घन्टामा २१ जिल्लाका ६० ठाउँमा मात्र डढेलो देखिन्छ।

यसअघि पूर्वी र मध्य नेपालका सबैजसो जिल्लाका वनजंगलमा डढेलो थियो। तर, बुधबार भने पूर्वी नेपालमा फाटफुट डढेले देखिए पनि अन्यत्र निभेको छ। सबैभन्दा बढी डढेलो चितवनमा १४ ठाउँमा देखिन्छ। त्यस्तै, पर्सामा ११ ठाउँमा डढेलो छ। पानी पर्नुअघि सोमबार २४१ र आइतबार २४९ ठाउँमा डढेलो थियो।

बक्यौता...

पृष्ठ १ बाट क्रमशः

गरेको बिलविरुद्ध उद्योगीहरू यसअघि पनि अदालत गएका थिए। तर, उनीहरूले हालेको ९० भन्दा बढी मुद्दा खारेज भएका छन्। अर्थात्, प्राधिकरणले जारी गरेको बिल ठिक भएको पुष्टि अदालतले समेत गरेको थियो।

यसअघि तिनै उद्योगीसँग बक्यौता उठाउन खोज्दा कुलमान प्रधानमन्त्री केपी ओली र ऊर्जामन्त्री खड्काको तारो बनेका थिए। उद्योगीकै पक्षमा लागेर सरकारले कुलमानलाई पदमुक्त गरेको थियो। कुलमानको ठाउँमा हितेन्द्रदेव शाक्यलाई ल्याएपछि मन्त्री खड्काले बक्यौता उठाउन निर्देशन दिएका हुन्।

पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा गठित आयोगको प्रतिवेदनको आधारमा टिओडी (टाइम अफ डे) मिटरअनुसार १५ दिनभित्र बक्यौता असुल गर्न गत २५ कात्तिकको मन्त्रिपरिषद्ले भनेको थियो। त्यसपछि कुलमानले पहिला पनि टिओडी मिटरकै आधारमा बिल काटेको भन्दै १२ मंसिरभित्र बक्यौता तिर्न उद्योगीलाई पत्राचार गरेका थिए। तर, मन्त्री खड्काले २ मंसिरमा बक्यौता जाँच गर्ने भन्दै तीन सदस्यीय जाँचबुझ समिति बनाएका थिए। त्यसपछि बक्यौता असुलीको प्रक्रिया रोक्न विद्युत् नियमन आयोगले निर्देशन दिएको थियो। जाँचबुझको नाममा उद्योगीको बक्यौता घटाउने ऊर्जामन्त्री खड्काको योजना थियो। तर, जाँचबुझको काम गर्ने अधिकार विद्युत् नियमन आयोगलाई मात्रै थियो। त्यसविरुद्ध रिट नै परेपछि ३ चैतमा सर्वोच्च अदालतले उक्त जाँचबुझ समितिबाट काम नगराउन अन्तरिम आदेश दिएको थियो। त्यसपछि ११ चैतमा कुलमानले बक्यौता असुलीको प्रक्रिया अघि बढाउन सहमति माग्दै आयोगमा पत्रचार गरेका थिए। त्यही दिन सरकारले कुलमानलाई हटाएको थियो।

कुलमानलाई बक्यौता उठाउन अवरोध गरेको सरकारले 'बक्यौता नउठाएको' भनेरै ११ चैतमा उनलाई हटाएर शाक्यलाई कार्यकारी निर्देशक नियुक्त गरेको थियो। कुलमानले उद्योगीबाट शतप्रतिशत बक्यौता उठाउन चाहेका थिए। तर, सरकारले भने उद्योगीको पक्षमा लागेर बक्यौतामा छुट दिन खोजेको थियो। मुख्यतः यही विषयमा कुलमानले सहयोग नगरेपछि उनलाई हटाइएको थियो।

उद्योगहरूलाई लोडसेडिङका वेला डेडिकेटेड फिडर र ट्रंकलाइनमार्फत २४ सै घण्टा विद्युत् दिइएको थियो। त्यसमा ६५ प्रतिशत थप शुल्क (प्रिमियम) लिने भनिएको थियो। त्यसबाट विद्युत् प्रयोगका अधिकांश ग्राहकले प्रिमियमसहित महसुल तिरेका छन्। तर, केही सीमित उद्योगीले नियमित महसुल तिरे पनि प्रिमियम महसुल तिर्न पहिलादेखि नै आनाकानी गर्दै आएका छन्। अझै पनि ४९ उद्योगको सवा आठ अर्ब रुपैयाँ बक्यौता छ। त्यसमा ३४ उद्योग भने बक्यौता तिर्ने प्रक्रियामै आएका छैनन्। उनीहरूको मात्रै ६ अर्ब ९३ करोड ९७ लाख रुपैयाँ बक्यौता छ।

यी हुन् बक्यौता तिर्ने प्रक्रियामै नआएका ३४ उद्योग

- जगदम्बा स्टिल - १ अर्ब ६० **करोड** १८ लाख
- रिलायन्स स्पिनिङ मिल्स - ७५ **करोड** ३७ लाख
- शिवम् सिमेन्ट - ६६ **करोड** ८८ लाख रुपैयाँ
- मारुती सिमेन्ट - ५७ **करोड** ४५ लाख
- घोराही सिमेन्ट उद्योग - ५० **करोड** ८५ लाख
- अर्घाखाँची सिमेन्ट इन्डस्ट्रिज - ४४ **करोड** ८४ लाख
- त्रिवेणी स्पिनिङ मिल्स - ३२ **करोड** १० लाख
- सोनापुर मिनरल एन्ड आयल - २४ **करोड** ३० लाख
- जगदम्बा सिन्थेटिक - २० **करोड** ५० लाख
- बुटवल सिमेन्ट - १८ **करोड** ४५ लाख
- अशोक स्टिल - १७ **करोड** ५८ लाख
- हुलास स्टिल - १४ **करोड** १२ लाख
- हिमाल आइरन एन्ड स्टिल - १३ **करोड** ६५ लाख
- अरिहन्त मल्टिफाइबर लि. - ११ **करोड** ५३ लाख
- युनाइटेड सिमेन्ट प्रालि - ११ **करोड** ३७ लाख
- कसमस सिमेन्ट फ्याक्ट्री - ९ **करोड** ७७ लाख
- एभरेस्ट पेपर मिल - ९ **करोड** ४४ लाख
- रघुपति जुल मिल - ८ **करोड** ५१ लाख
- अरिहन्त पोलिप्याक लि. - ६ **करोड** ६२ लाख
- हामा आइरन - ५ **करोड** ८५ लाख
- निगाले सिमेन्ट प्रालि - ५ **करोड** ८१ लाख
- त्रिवेणी सिन्थेटिक यार्न इन्डस्ट्रिज - ४ **करोड** ४० लाख
- विशाल सिमेन्ट इन्डस्ट्रिज - ३ **करोड** ३५ लाख
- बाबा जुट मिल - २ **करोड** ४९ लाख
- घराना फुड्स - १ **करोड** ८८ लाख
- सिद्धार्थ पेटप्लास्ट - १ **करोड** ८३ लाख
- एसआर फुड्स - १ **करोड** ४८ लाख
- गोयन्का फुड्स रूपन्देही - १ **करोड** ४८ लाख
- पञ्चकन्या स्टिल इन्डस्ट्रिज - ५२ लाख
- श्याम प्लास्टिक उद्योग - ४९ लाख
- भलवारी स्वचालित कारखाना - ३० लाख
- पञ्चकन्या प्लास्टिक इन्डस्ट्रिज - २५ लाख
- एभरेस्ट रोलिङ मिल - १७ लाख
- एसआर स्टिल इन्डस्ट्रिज - १६ लाख

आफैँले गठन...

पृष्ठ १ बाट क्रमशः

ले पनि अनावश्यक खर्च कटौती गर्न सुझाव दिएका थिए। तर, सरकार खर्च कटौतीमा गम्भीर नहुँदा कर्मचारीलाई तलबभत्ता खुवाउनै सकस परेको छ। सरकारको सञ्चित कोष एक खर्ब ८१ अर्बले घाटामा पुगेको छ। चालू आर्थिक वर्षको फागुन मसान्तसम्म आठ खर्ब ४१ अर्ब खर्च गरेको सरकारले राजस्व भने सात खर्ब २० अर्ब मात्रै उठाउन सकेको छ। अर्थात् सरकारको राजस्व आम्दानी र खर्चबिच एक खर्ब ८१ अर्ब १० करोडको अन्तर छ।

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष मीनबहादुर श्रेष्ठ राजस्व बढाउन नसक्ने र वैदेशिक स्रोत परिचालन गर्न नसक्ने अहिलेको अवस्थाले आगामी वर्ष झनै कष्टकर हुन सक्ने बताउँछन्। 'पछिल्ला वर्षहरूमा हाम्रो सञ्चित कोष निरन्तर नोक्सानमा रहेको देखिन्छ। आय र व्ययबिच ठुलो खाडल छ,' उनले भने, 'सरकारले हस्तक्षेपकारी भूमिका निर्वाह नगर्दा राजस्व आम्दानी अपेक्षाअनुसार बढ्न सकेको छैन। सरकार पनि राजस्व वृद्धिमा बल गर्नुको साटो ऋण उठाएर खर्च गर्ने सजिलो बाटोमा रमाएको छ। यसले गर्दा वित्तीय असन्तुलन बढिरहेको छ। समयमै सुधार नगरे भविष्यमा अझ आर्थिक असन्तुलनको दलदलमा फस्ने जोखिम छ।'

सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७ ले मन्त्रालय/विभागको संख्या घटाउन, क्षेत्रीय कार्यालयहरू खारेज गर्न, कर्मचारीको मौजुदा दरबन्दी कटौती गर्न, मन्त्रालयपिच्छे कानुन अधिकृत नराख्न, बेरुजु गर्नेलाई जिम्मेवार बनाउन, आयोजनाको अवधि नथप्न, पाँच वर्ष पदपूर्ति नगर्नलगायत सुझाव दिएको थियो। खर्च कटौतीका लागि महत्त्वपूर्ण रहेका यी कुनै पनि सुझाव कार्यान्वयन नै भएनन्। यो आयोगले दिएका मुख्य ६८ सुझावमा पाँचवटा पूर्ण र २८ आंशिक कार्यान्वयनमा आए। तर, खर्च कटौतीमा खास मानिएका ३५ सुझाव भने सरकारले कार्यान्वयनमै ल्याएन।

त्यस्तै, सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६ ले दिएको मुख्य ९४ सुझावमा चारवटा मात्रै पूर्ण कार्यान्वयन भए। त्यस्तै, ५६ सुझाव आंशिक कार्यान्वयन भएकामा ३४ सुझाव कार्यान्वयन हुनै सकेनन्। वित्तीय अनुशासनसम्बन्धी छाता कानुन तर्जुमा गर्नुपर्ने, नतिजामा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्ने, सबै दातृ निकायहरूलाई नेपाल सरकारको कोष प्रणालीमार्फत निकासा तथा खर्च गर्न लगाउने, आर्थिक वर्षको अन्तिम चौमासिकमा बजेट विनियोजन नभएको शीर्षक र उपशीर्षकमा रकमान्तर वा स्रोतान्तर नगर्ने, आर्थिक सहायताको दुरुपयोग रोक्ने, आयोजना प्रमुख एवं कर्मचारीको चाँडो-चाँडो सरुवा नगर्ने, आयोजना बैंक तयार गरी प्राथमिकताक्रम निर्धारण गर्नेलगायत खर्च कटौतीमा कोसेढुंगा साबित हुने अधिकांश सुझाव कार्यान्वयन नै भएनन्।

सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५ ले त मन्त्रालय संख्या नै घटाएर १६ मा झार्न सुझाव मात्रै दिएको थिएन, विभागहरू पनि ३५ मा झार्न, कर्मचारी कटौती गर्न तथा बोर्ड र समितिहरू खारेज गर्न सुझाव दिएको थियो। त्यस्तै, संघ, प्रदेश र स्थानीय तहमा क्रमशः ३५, २० र ४० गरी ९५ हजारको कुल संख्यामा नबढ्ने गरी दरबन्दी पुनर्संरचना गर्न, केन्द्र, प्रदेश सरकार र स्थानीय तहमा रहेका हालका कार्यालय संख्यालाई पुनरावलोकन गरी ३५ सय मात्र राख्न, सवारीसाधन खरिदको मापदण्ड तोकी नयाँ कार्यालयबाहेक सबै कार्यालयमा तीन वर्ष सवारीसाधन खरिद नगर्न, आर्थिक वर्षको दोस्रो चौमासिक समाप्ति अर्थात् फागुन मसान्त नसकिँदै रकमान्तर, स्रोतान्तर थप निकाशालाई पूर्ण बन्देज लगाउन पनि आयोगले सुझाव दिएको थियो। तर, ६ वर्षसम्म गोप्य राखेर बल्लतल्ल प्रतिवेदन सार्वजनिक गरे पनि सुझाव कार्यान्वयनको समीक्षा हालसम्म गरिएको छैन। उक्त आयोगका अध्यक्ष डा. डिल्लीराज खनाल अधिकांश सुझाव कार्यान्वयनमा नआएको बताउँछन्।

'सार्वजनिक खर्च व्यवस्थापन तथा कटौतीका लागि सरकारले पटक-पटक आयोग बनायो, तर सुझाव कार्यान्वयनमा अग्रसरता देखाएन। मेरो नेतृत्वमा ०७५ मा बनेको आयोगले दिएका सुझावसहितको प्रतिवेदन पनि दराजमा थन्क्याएर राख्यो,' उनले भने, 'सरकार आफैँले बनाएका खर्च कटौतीका मापदण्डसमेत कार्यान्वयन गर्न सकेको छैन। त्यसैले, सरकारलाई अहिले सार्वजनिक वित्त व्यवस्थापनमा समस्या भइरहेको छ।'

आफू नेतृत्वको आयोगले खासगरी बजेट प्रणाली, खर्च प्रणाली र अनुगमनमा व्यापक सुधार गरेर सार्वजनिक खर्चलाई चुस्त, दुरुस्त र परिणाममुखी बनाउन सुझाव दिएको खनालले बताए। 'मन्त्रालय र विभागहरूको संख्या घटाउन, बोर्ड र समितिहरू खारेज गर्न, कार्यालय र कर्मचारीको संख्या कटौती गर्न एवं नीतिगत तथा कानुनी सुधार गर्न सुझाव दिएका थियौँ। तर, एकाधबाहेक अधिकांश सुझाव कार्यान्वयन नै भएनन्। फजुल खर्च कटौती तथा मितव्ययिता नअपनाउने हो भने सरकारलाई भविष्यमा सार्वजनिक वित्त व्यवस्थापनमा समस्या आउँछ भनेर हामीले त्यतिवेलै सचेत गराएको हो,' उनले भने, 'नभन्दै अहिले सरकारलाई वित्त व्यवस्थापनमा समस्या परिरहेको छ। भविष्यमा यस्तो समस्या नहोस् भन्न अहिलेबाटै फजुल खर्च कटौती गर्नुपर्छ। सार्वजनिक वित्तलाई उत्पादनमुखी, परिणाममुखी र पारदर्शी नबनाउने हो भने भविष्यमा संकट आउँछ।'

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष श्रेष्ठ आर्थिक असन्तुलन निम्तिनुको एक प्रमुख कारण राजनीतिक दबाब र प्रभावमा अध्ययन तथा पूर्वतयारी नभएका कार्यक्रम र आयोजनामा बजेट राख्ने प्रवृत्तिलाई देखाउँछन्। 'राजनीतिक दबाब र प्रभावमा अध्ययन तथा पूर्वतयारी नभएका कार्यक्रम र आयोजना बजेटमा राख्ने प्रवृत्ति बढेको छ। यसले एकातर्फ स्रोतमा चाप पारेको छ भने अर्कोतर्फ समयमा खर्च नहुने र प्रतिफल प्राप्त नभएको अवस्था छ। सरकार र गठबन्धन फेरिएपिच्छे कार्यक्रम र आयोजना थपघट गर्ने, एउटाले बनाएको बजेट कार्यान्वयन गर्नेवेला अर्को आइपुग्नेलगायत कारण पनि समस्या निम्तिएको छ,' उनले भने, 'पछिल्ला वर्षहरूमा हाम्रो सञ्चित कोष निरन्तर नोक्सानमा देखिन्छ। आय र व्ययबिच ठुलो खाडल छ। महालेखाले पनि प्रश्न उठाउँदै आएको छ। खासगरी सरकारले हस्तक्षेपकारी भूमिका निर्वाह गर्न नसक्दा यस्तो भएको हो।' श्रेष्ठका अनुसार अर्थतन्त्र शिथिल भएको अहिलेकै अवस्थामा समेत २० खर्बभन्दा बढी राजस्व उठाउन सक्ने अध्ययनहरूले देखाएका छन्। तर, अनियमितता, मिलेमतो र राजनीतिक शक्तिका भारमा राजस्व चुहावट भइरहेको, भ्याट छली, भन्सार छली, चोरी-पैठारी विकराल बन्दै गएको उनले बताए।

पछिल्लो ०७५ को आयोगले सुझाव कार्यान्वयन भएको अवस्थामा अध्ययन गरिएको आवसहित १० वर्षमा प्रतिवर्ष औषत १०.५ प्रतिशतका दरले आर्थिक वृद्धिदर हासिल गर्न सकिने, सिमान्त पुँजीको प्रतिफल तत्कालीन समयको ५.२:१ बाट क्रमशः घटेर ४.१:१ मा झर्ने अनुमान गरेको थियो। त्यस्तै, कुल गार्हस्थ उत्पादनको तुलनामा सरकारी क्षेत्रको न्यून लगानी अनुपात ७.८ प्रतिशतबाट बढेर आव ०८४/८५ मा १६.५ प्रतिशत पुग्ने र कुल खर्चमा चालू खर्चको हिस्सा त्यतिबेलाको ६४-६५ प्रतिशतबाट ५७-५८ प्रतिशतमा झर्ने अनुमान पनि गरिएको थियो।

समग्रमा पुँजीगत खर्चको तत्कालीन २५ प्रतिशतको हिस्सालाई ०८४/८५ मा पुग्दा करिब ३५.६ प्रतिशतमा पुऱ्याउन सकिने आयोगको प्रतिवेदनमा उल्लेख छ। कुल गार्हस्थ उत्पादनको तुलनामा आन्तरिक राजस्वको अनुपात क्रमशः वृद्ध हुँदै गई ०८४/८५ मा करिव ३४.५ प्रतिशतको हाराहारीमा पुग्ने अनुमान आयोगको थियो।

पछिल्ला पाँच वर्षमा राजस्व संकलन र कुल खर्च

आर्थिक वर्ष	राजस्व संकलन	कुल खर्च
०७६/७७	८ खर्ब ४१ अर्ब ३१ करोड	९ खर्ब ७३ अर्ब २३ करोड
०७७/७८	९ खर्ब ७६ अर्ब ३२ करोड	१० खर्ब ५७ अर्ब ५ करोड
०७८/७९	११ खर्ब १३ अर्ब ८४ करोड	११ खर्ब ७० अर्ब ४० करोड
०७९/८०	८ खर्ब ३४ अर्ब ५ करोड	१४ खर्ब २१ अर्ब ३२ करोड
०८०/८१	९ खर्ब २९ अर्ब ४ करोड	१३ खर्ब ९३ अर्ब ४० करोड
०८१/८२ (२५ चैतसम्म)	७ खर्ब ९१ अर्ब ५३ करोड	९ खर्ब ७२ अर्ब ६३ करोड

नयाँ गाडी र फर्निचर खरिद नगर्नेदेखि परामर्श सेवा नलिनेसम्मका मापदण्ड बन्छ, कार्यान्वयन भने हुँदैन

सरकारले सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी बनाउने भन्दै पटक-पटक मापदण्डसमेत बनाउने गरेको छ। तर, कार्यान्वयन भने नहुँदा देखाउनका लागि मात्रै मापदण्ड बनाइएको आरोप लाग्ने गरेको छ।

पछिल्लोपटक गत २३ माघमा सरकारले 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१' जारी गऱ्यो। तर, कार्यान्वयन गर्ने कर्मचारीलाई 'उम्कने बाटो' तथा तजबिजी दिएर मापदण्ड फितलो बनाइएको छ। सार्वजनिक खर्च कटौटीका लागि भन्दै नयाँ गाडी, फर्निचर तथा पत्रपत्रिका खरिदमा रोक लगाउनेदेखि परामर्श सेवा लिन नपाइनेसम्मका मापदण्ड बनाइएको भए पनि कार्यान्वयनमा आउने छाँटकाँट देखिएको छैन।

यसअघि ०७८ कात्तिकमा पनि सरकारले यस्तै मापदण्ड जारी गरेको थियो। अर्थ मन्त्रालयले सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ जारी गर्दै सरकारी निकायलाई नयाँ गाडी, फर्निचर किन्न तथा परामर्श सेवा लिन रोक लगाएको थियो। तर, कार्यान्वय भने भएन। कटौती गर्ने भनिएकै शीर्षकमा त्यसयता अर्बौं खर्च भइरहेको सरकारी तथ्यांक छ।

चालू आर्थिक वर्षमा मात्रै सरकारले सेवा तथा परामर्श खर्चतर्फ १२ अर्ब ५३ करोड ४६ लाख, फर्निचरतर्फ एक अर्ब १९ करोड ८३ लाख, सवारीसाधन खरिदतर्फ एक अर्ब १३ करोड ८३ लाख र सवारीसाधन मर्मत तथा सञ्चालनतर्फ ६ अर्ब ८२ करोड ७१ लाख विनियोजन गरेको छ। गत आर्थिक वर्ष ०८०/८१ मा पनि सरकारले सेवा तथा परामर्श खर्चतर्फ ११ अर्ब ६ करोड सात लाख, फर्निचरतर्फ ९१ करोड २३ लाख, सवारीसाधन खरिदतर्फ १२ करोड ७० लाख, सवारीसाधन मर्मत तथा सञ्चालनतर्फ पाँच अर्ब ६८ करोड ९४ लाख खर्च हुने संशोधित अनुमान छ। उक्त वर्ष यी शीर्षकमा कति खर्च भयो भन्ने अन्तिम तथ्यांक आगामी बजेटमा आउँछ। ०७९/८० मा सरकारले सेवा तथा परामर्श खर्चतर्फ नौ अर्ब ४१ करोड एक लाख, फर्निचरतर्फ ९० करोड ७० लाख, सवारीसाधन खरिदतर्फ एक अर्ब ४९ करोड ३८ लाख, सवारीसाधन मर्मत तथा सञ्चालनतर्फ पाँच अर्ब ६६ करोड ४२ लाख खर्च गरेको थियो। यी शीर्षकमा बर्सेनि खर्च बढेको तथ्यांकले देखाउँछ।

दुई दशकमा तीन आयोग

कुन आयोगका कस्ता सुझाव ?

■ सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०७५

- मन्त्रालय संख्या घटाएर १६ र विभागहरू ३५ मा झार्नुपर्ने, कर्मचारी कटौती गर्नुपर्ने, बोर्ड र समितिहरू खारेज गर्नुपर्ने।
- संघ, प्रदेश र स्थानीय तहमा क्रमशः ३५, २० र ४० गरी ९५ हजारको कुल संख्यामा नबढ्ने गरी दरबन्दी पुनर्संरचना गर्नुपर्ने, केन्द्र, प्रदेश सरकार र स्थानीय तहमा रहेका हालका कार्यालय संख्यालाई पुनरावलोकन गरी ३५ सय मात्र राख्नुपर्ने।
- सवारीसाधन खरिदको मापदण्ड तोकी नयाँ कार्यालयबाहेक सबै कार्यालयमा तीन वर्ष सवारीसाधन खरिद नगर्ने, आर्थिक वर्षको दोस्रो चौमासिक समाप्ति अर्थात् फागुन मसान्त नसकिँदै रकमान्तर, स्रोतान्तर थप निकासालाई पूर्ण बन्देज लगाउनुपर्ने।
- सवारीसाधन सुविधा पाउने पदाधिकारीहरूलाई एकपल्ट उपलब्ध गराएपछि १२ वर्षसम्म सोही साधन उपयोग गर्ने व्यवस्था गर्नुपर्ने।
- शाखा अधिकृतदेखि माथिका पदाधिकारीलाई ल्यापटप उपलब्ध गराउने, ल्यापटप दिएपछि डेक्सटप नदिने, एकपटक ल्यापटप उपलब्ध गराएपछि ६ वर्षसम्म नदिने।
- सबै प्रकारका अनुदानलाई क्षमता विकास, उत्पादनशीलता अभिवृद्धि, कल्याणकारी सेवामा वर्गीकरण गरी वितरणका ठोस आधारसहितको सरकारी अनुदान वितरण ऐन बनाई लागू गर्नुपर्ने।
- योगदानमा आधारित निवृत्तिभरण प्रणाली निजामती, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना, विद्यालय र महाविद्यालयका शिक्षकहरूका लागि पनि लागू गर्नुपर्ने।
- सामाजिक सुरक्षा कार्यक्रमलाई एकीकृत र प्रभावकारी बनाउन अनिवार्य। यसका लागि सामाजिक सुरक्षासम्बन्धी एकीकृत नीति तयार गरी सबै नेपालीले जीवन निर्वाहका लागि आवश्यक रकम पाउने सुनिश्चिततासहितको योजना लागू गर्नुपर्ने।
- अनुदानलक्षित वर्ग स्पष्ट गरी लाभान्वित वर्गको संख्या र सुरक्षा दायित्वको सीमा गणना गर्नुपर्ने।
- बजेटमा परियोजना समावेश गर्दा मासिक खरिद योजना र वास्तविक चौमासिक बजेट योजना पेस गर्नुपर्ने।
- चालू खर्चलाई कुल गार्हस्थ्य उत्पादनको निश्चित अनुपातमा राख्नुपर्ने, निश्चित विधि र मापदण्डका आधारमा समग्र चालू खर्च र खर्च वर्गीकरण प्रक्षेपणको थालनी र संस्थागत व्यवस्था गर्नुपर्ने।
- १५ जेठदेखि १ साउनसम्म कार्यालय, मानव संसाधनको तयारी, कागजात, सूचना प्रकाशनजस्ता आन्तरिक तयारी गर्नुपर्ने।
- आर्थिक वर्ष सुरु भएपछि तुरुन्त खरिद प्रक्रिया सुरु गरेर ७० दिनभित्र करार सम्झौता सम्पन्न गर्नुपर्ने।
- भौतिक पूर्वाधारको कार्य गर्ने निकायहरूले निर्माण कार्यको अभिलेख दैनिक रूपमा प्रमाणित गर्ने व्यवस्था गर्नुपर्ने।
- निर्माण व्यवसायीले बिल पेस गरेको मितिले १५ दिनभित्रै भुक्तानी पाउने वा निजको खातामा रकम जम्मा हुने व्यवस्था गर्नुपर्ने।
- तोकिएको कार्यतालिकाअनुसार कार्यसम्पन्न नगर्ने, म्याद थपको मनासिव कारण नहुने, मूल्य समायोजनको आधारभूत प्रमाणविना भुक्तानी गर्नेदेखि कमजोरीका कारण दाबी गर्न रकम तिर्नुपर्ने अवस्था आएमा सिफारिस, प्रमाणित, स्वीकृत गर्ने तथा भुक्तानी गर्ने सबैबाट खर्च असुलउपर गर्ने प्रावधान आर्थिक कार्यविधि ऐन तथा सार्वजनिक खरिद ऐनमा गर्नुपर्ने।
- ०५२/५३ देखि नै बजेट वक्तव्यमार्फत घोषणा गरिएको, तर हालसम्म पनि कानुन नबनेको अवस्थामा 'खर्च उत्तरदायी वा जवाफदेहिता' कानुन तत्काल बनाई लागू गर्नुपर्ने।
- अनिवार्य दायित्वको रूपमा रहेको साँवा-ब्याज भुक्तानीलाई अर्को आवहरूमा सार्ने तथा निवृत्तिभरण कोषको व्यवस्था नगरी रकम छुट्याउने कार्य रोक्नुपर्ने।

■ सरकारी बजेट व्यवस्थापन तथा खर्च प्रणाली पुनरावलोकन आयोग, २०६६

- विकास कार्यक्रम तथा आयोजनामा सार्वजनिक खर्चको उपयोग सम्बन्धमा नतिजामूलक बजेट निर्माण गर्नुपर्ने।
- केन्द्रीयस्तर र जिल्लास्तरमा आयोजना छुट्याउन स्पष्ट आधार निर्धारण गरी कार्यान्वयन गर्नुपर्ने।
- आयोजना तथा कार्यक्रम सुरु भएको वर्ष र सम्पन्न हुने वर्ष उल्लेख गर्नुपर्ने।
- आयोजना बैंक तयार गरी प्राथमिकताक्रम निर्धारण गरी आयोजना छनोट गर्नुपर्ने।
- नियमित गर्नुपर्ने मर्मत-सम्भारका लागि बजेट विनियोजन गर्नुपर्ने।
- बजेट विनियोजन गर्दा सञ्चालन गर्ने निकायसँग बजेट खर्च गर्ने क्षमता हेर्नुपर्ने।
- सार्वजनिक खर्च व्यवस्थापन सम्बन्धमा वित्तीय अनुशासनसम्बन्धी छाता कानुन तर्जुमा गर्नुपर्ने।
- नतिजामा आधारित बजेट प्रणाली अवलम्बन गर्नुपर्ने।
- दातृ निकायहरूलाई सरकारको कोष प्रणालीमार्फत निकासा तथा खर्च गर्न लगाउने।
- आर्थिक वर्षको अन्तिम चौमासिकमा बजेट विनियोजन नभएको शीर्षक र उपशीर्षकमा रकमान्तर वा स्रोतान्तर नगर्ने।
- गैरसरकारी संस्थामार्फत भित्रिने रकमलाई नियमन गर्नुपर्ने।
- आर्थिक अनियमितता तथा बेरुजु फर्स्योटका लागि बेरुजु फर्स्योट समितिको कार्यक्षेत्रमा विस्तार, लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी किटान गर्ने।
- आर्थिक सहायताको दुरुपयोग रोक्ने।
- राष्ट्रिय आवश्यकता तथा प्राथमिकता प्राप्त क्षेत्रमा मात्र वैदेशिक सहायता परिचालन गर्ने, समयमा शोधभर्ना हुनुपर्ने।

■ सार्वजनिक खर्च पुनरावलोकन आयोग, २०५७

- सांगठनिक सुधार सम्बन्धमा मन्त्रालय तथा विभागको संख्या घटाउने, क्षेत्रीय कार्यालयहरू खारेज गर्ने, एकीकृत सेवा प्रदान गर्ने, एउटै निर्माण कार्यालय राख्ने, दरबन्दी घटाउने।
- राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा बजेट विनियोजन गर्ने, विगत वर्षमा कम खर्च गरेका आयोजनालाई स्रोत ओगट्न नदिने।
- आयोजनाको अवधि नथप्ने।
- कर्मचारीको मौजुदा दरबन्दीमा कटौती गर्ने, कानुन अधिकृत मन्त्रालयपिच्छे नराख्ने, पाँच वर्ष पदपूर्ति नगर्ने।
- कार्यसम्पादनमा आधारित विनियोजन प्रणाली अवलम्बन गर्ने।
- बेरुजु कम गर्न संस्थागत र प्रक्रियागत व्यवस्था गरी बेरुजु गर्नेलाई जिम्मेवार बनाउने।

मानव अधिकार...

पृष्ठ १ बाट क्रमशः

अधिकारको प्रत्याभूति होस् भन्ने मागसहित आयोगमा ज्ञापनपत्र बुझाएका हौँ,' बुर्लाकोटीले भने। रास्वपाको ध्यानाकर्षण-पत्रमा 'शयन कक्षमै प्रवेश गरी अभद्र व्यवहार र धरपकड गरी प्रचलित कानुन र न्यायिक प्रक्रिया अवलम्बन नगरी गैरकानुनी रूपमा पक्राउ गर्दा उहाँको मानव अधिकारको गम्भीर उल्लंघन गरेकाले नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोगलाई प्रत्यायोजन गरेको संवैधानिक अधिकार प्रयोग गरी उक्त घटनाको विस्तृत अध्ययन अनुसन्धान गरी दोषीलाई आवश्यक कारबाही गर्न अनुरोध गर्छौं' भनिएको छ।

उच्च अदालतको आदेश प्रमाणित भएर जारी नहुँदै हातहतियारसहितका प्रहरीले अघोषित रूपमा घर सिल गरेर आतंकित वातावरणमा लामिछानेलाई पक्राउ गरिएको रास्वपाको आरोप छ। आयोग अध्यक्ष मगरले निवेदनउपर आवश्यक छानबिन गरी दोषीलाई कारबाही गर्ने प्रतिबद्धता जनाएको पनि बुर्लाकोटीले बताए।

यसअघि पनि १९ मंसिरमा मध्यराति चितवनबाट पोखरा लैजाँदा रविको मानव अधिकार हनन भएको भन्दै पत्नी निकिताले आयोगमा उजुरी दिएकी थिइन्। राति सडकमार्गमार्फत पोखरा लैजाँदा परिवारका सदस्य र कानुन व्यवसायीलाई जानकारी नदिएको, मानव अधिकारको गम्भीर उल्लंघन गरेको, आफ्नो टाउको दुखेको र निद्रा नपुग्दा, प्रेसर बढ्दाबढ्दै पनि औषधि खान नदिएको र स्वास्थ्य परीक्षणसमेत नगरिएको रविले आयोग टोलीसँग बताएका थिए। त्यस्तै, राति सुतेको अवस्थामा मदिरा खाएका प्रहरी आई उठाएर, तानेर राति १२ बजेतिर कतै आफूलाई मार्ने त होइन भन्ने गरी चितवनबाट उठाएर ल्याइएको रविले पार्टी नेताहरूलाई बताएका थिए।

पोखरा पुऱ्याएपछि उनको रक्तचाप जाँच गर्दा १८०/९० देखिएको मानव अधिकार आयोगको टोलीले नै पुष्टि गरेको थियो। त्यसवेला जिल्ला अदालत कास्कीले प्रहरी हिरासतमा रहेका रास्वपा सभापति रविमाथि मानव अधिकारको उल्लंघन हुने कुनै कार्य नगर्न आदेश दिएको थियो।

आन्दोलनरत शिक्षकले माग्दै आएको विद्यालय शिक्षा विधेयक कुन अवस्थामा छ ?

■ विद्यालय शिक्षा विधेयकको १६९ दफामध्ये ३८ वटामा मात्रै छलफल, बाँकी १३१ वटा दफामा छलफल तथा संशोधन बाँकी ■ विधेयकको प्रक्रियागत काम सक्न अझै एक महिना लाग्ने

शिवहरि घिमिरे / नयाँ पत्रिका

विद्यालय शिक्षा ऐन माग्दै देशभरका शिक्षकहरू शैक्षिक हडतालमा छन् । उनीहरू तत्काल ऐन जारी हुनुपर्‍यो भन्दै आठ दिनदेखि काठमाडौंको सडकमा छन् । तर, विद्यालय शिक्षालाई एकीकरण गर्न बनेको ऐनको विधेयकमाथि भने निकै सुस्त गतिमा काम भइरहेको छ ।

संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विधेयकको प्रक्रियागत काम सक्न अझै एक महिना लाग्ने बताएको छ । 'शिक्षकहरू ऐन माग्दै सडकमा आए पनि प्रक्रिया पूरा गर्नैपर्छ । सबैखाले छलफल, प्रक्रिया पूरा गर्न एक महिना लाग्ने अवस्था छ,' समितिका सभापति अम्मरबहादुर थापाले भने, 'ऐन बनाउन त्यति सजिलो कहाँ छ र ? ऐन ल्याउने कुरा लेख लेखेजस्तो पनि होइन । कि त सरकारले अध्यादेश ल्याउनुपर्‍यो ।'

विद्यालय शिक्षा विधेयकको जम्माजम्मी १६९ वटा दफामध्ये उपसमितिले हालसम्म ३८ वटामा मात्रै छलफल सकाएको छ । बाँकी १३१ वटा दफामा छलफल तथा संशोधन गर्न बाँकी छ । यसका लागि थप १५-२० दिन लाग्ने समितिका सभापति थापाले बताए । 'एक हजार ७५८ वटा संशोधन बुँदामध्ये हालसम्म ७५८ बुँदामा छलफल सकिएको छ,' उनले भने, 'अझै एक हजार बुँदा बाँकी नै छन्, उपसमितिले १८ चैतदेखि छलफल थालेको थियो, छलफल थालेको ३५ दिनभित्र उपसमितिले समितिमा प्रतिवेदन पेस गर्नेछ ।' उनका अनुसार समितिमा प्रतिवेदन पेस भएपछि फेरि एक किसिमको छलफल चलाएर प्रतिनिधिसभामा टेबुल हुन्छ । विधेयकमाथि उठेका सुझावमा छलफल र संशोधन गर्न छविलाल विकको संयोजकत्वमा ११ सदस्यीय उपसमिति बनाइएको छ । उक्त उपसमितिमा शिक्षामन्त्रीसहितको उपस्थितिमा छलफल र संशोधन भइरहेको छ ।



आन्दोलनरत शिक्षकहरूले बुधबार बिजुलीबजार क्षेत्रमा निकालेको जुलुस । **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

■ विधेयक पास हुने यस्तो छ प्रक्रिया

उपसमितिमा संशोधनसहित छलफल चलिरहेको शिक्षा विधेयक सर्वप्रथम शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले संशोधन टुंगाएपछि प्रतिनिधिसभामा टेबुल हुन्छ । त्यहाँबाट राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभामा दफावार छलफल चलाइन्छ । राष्ट्रिय सभाले पास गरेपछि सन्देशसहित प्रतिनिधिसभामा पठाउँछ । प्रतिनिधिसभाले सन्देशसहित पास गरेपछि मात्रै प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाइन्छ । त्यसपछि राजपत्रमा प्रकाशन हुन्छ र ऐन लागू हुन्छ ।

■ आन्दोलनबाट पछि नहट्ने शिक्षकको अडान

सरकारले आन्दोलनरत शिक्षकलाई बुधबार पनि वार्ताका लागि बोलाएको थियो । तर, शिक्षकहरू उपस्थित नभएपछि वार्ता स्थगित भएको छ । 'सरकारले बोलाउँदैमा वार्तामा जाँदैनौं, वार्तामा आऊ यसो गर्छौं भनेर पहिले नै एजेन्डा आउनुपर्‍यो, ससर्त मात्रै वार्तामा बस्छौं,' महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले भने, 'अन्यथा वार्तामा सहभागी हुँदैनौं ।' मन्त्रालयले आन्दोलनरत शिक्षकलाई वार्ताका लागि मंगलबार पत्र पठाएको थियो । यसअघि मन्त्रालयले २१ र २२ चैतमा छलफल र परामर्शका लागि शिक्षकहरूलाई बोलाएको थियो । सो वार्तामा पनि शिक्षकहरू सहभागी भएनन् ।

● **अम्मरबहादुर थापा**, सभापति संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति



शिक्षकहरू ऐन माग्दै सडकमा आए पनि प्रक्रिया पूरा गर्नैपर्छ । सबैखाले छलफल, प्रक्रिया पूरा गर्न एक महिना लाग्ने अवस्था छ । ऐन बनाउन त्यति सजिलो कहाँ छ र ? ऐन ल्याउने कुरा लेख लेखेजस्तो पनि होइन, कि त सरकारले अध्यादेश ल्याउनुपर्‍यो ।

● **लक्ष्मीकिशोर सुवेदी**, अध्यक्ष, नेपाल शिक्षक महासंघ



सरकारले बोलाउँदैमा वार्तामा जाँदैनौं, वार्तामा आऊ यसो गर्छौं भनेर पहिले नै एजेन्डा आउनुपर्‍यो, ससर्त मात्रै वार्तामा बस्छौं । अन्यथा वार्तामा सहभागी हुँदैनौं ।

शिक्षकहरूसँग वार्ता प्रयास भइरहेको छ : शिक्षा मन्त्रालय

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले शिक्षकहरूलाई बैठकमा बोलाए पनि वार्तामा नआएको बताए । उनका अनुसार अन्य विकल्प र वार्ताको प्रयास भइरहेको छ ।

विद्यालय शिक्षासम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० प्रतिनिधिसभामा पेस भएकोमा त्यसलाई यथाशीघ्र पारित गरियोस् भन्ने माग राख्दै सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरू आठ दिनदेखि आन्दोलनमा छन् । यसअघि भएको सहमतिसमेत कार्यान्वयन गरी यथाशीघ्र शिक्षा ऐन आउनुपर्ने शिक्षकहरूको अडान छ । उनीहरूले अब कुनै पनि वार्तामा नबस्ने र ऐन ल्याएपछि मात्रै आन्दोलन स्थगन गर्ने चेतावनी दिएका छन् ।

शिक्षक आन्दोलनमा विभिन्न प्रकारका शिक्षक सहभागी छन् । राहत एवं अस्थायी शिक्षक, साबिक उच्च माविका शिक्षक, बालविकास शिक्षकलगायत ऐन अभावमा बढी प्रभावित छन् । उनीहरूले लामो समयदेखि शिक्षण पेसा अपनाउँदै आए पनि स्थायित्व नभएको गुनासो गर्दै आइरहेका छन् । गत वर्ष सरकार र शिक्षकबिच भएको सहमतिमा राहतलगायत सबै प्रकारका शिक्षकको माग सम्बोधन गरिने उल्लेख छ । तर, उक्त सहमति कार्यान्वयन गर्न सरकारले आलटाल गरिरहेको काभ्रेपलाञ्चोक भुम्लु गाउँपालिका- १ स्थित नवज्योति प्राथमिक विद्यालयका शिक्षक शिवप्रसाद ढुंगानाले बताए ।

'राहत शिक्षकहरू अन्य शिक्षकभन्दा बढी पीडित छन्, लामो समयदेखि शिक्षण पेसा गर्दै आइरहे पनि सरकारले राहत शिक्षक चिन्न सकेको छैन । राहत शिक्षकलाई तलबबाहेक अन्य कुनै पनि प्रकारको सुविधा छैन, सामाजिक सुरक्षा कोषमा समेत राहत शिक्षकलाई समेटिएको छैन,' उनले भने, 'यदि सरकारले शैक्षिक अवकाश दिने हो भने सेवा अवधिका आधारमा प्याकेज ल्याउनुपर्छ, अन्यथा हामी मान्दैनौं ।'

बार एसोसिएसनको अध्यक्षमा मिश्रको जित सुनिश्चित

५६० मत गन्न बाँकी, प्रतिद्वन्द्वीभन्दा मिश्र २६ सय ६२ मतले अघि

काठमाडौं/ नेपाल बार एसोसिएसनको अध्यक्षमा वरिष्ठ अधिवक्ता तथा प्राध्यापक डा. विजयप्रसाद मिश्रको जित सुनिश्चित भएको छ । उनी प्रतिद्वन्द्वी वरिष्ठ अधिवक्ता तथा पूर्वमहान्यायाधिवक्ता रमणकुमार श्रेष्ठभन्दा दोब्बर मतले अगाडि छन् ।

बुधबार अन्तिम समयमा मिश्रको मत चार हजार ८९२ छ भने प्रतिद्वन्द्वी श्रेष्ठले दुई हजार २२९ मत प्राप्त गरेको निर्वाचन समितिले जनाएको

कुल मतदाता : ९९९७
खसेको मत : ७९९५
गन्न बाँकी मत : ५६०



डा. विजयप्रसाद मिश्र

छ । मिश्र कांग्रेस र एमालेनिकट कानुन व्यवसायीको संगठन डिएलए र पिपिएलए गठबन्धनका उम्मेदवार हुन् । श्रेष्ठ भने माओवादीनिकट मानिन्छन् । श्रेष्ठले नेतृत्व गरेको प्यानलमा विपक्षी दलनिकट कानुन व्यवसायी छन् ।

अध्यक्ष, महासचिव र कोषाध्यक्षका साथै अन्य पदमा पनि सत्तागठबन्धनिकट कानुन व्यवसायी जितनिकट छन् । मतगणनाको तथ्यांक अद्यावधिक गरिरहेका अधिवक्ता जनक साउदले भने, 'अब ललितपुर जिल्ला बारको ५६० मत गन्न बाँकी छ । त्यो बिहीबार सुरु भएर अन्तिम नतिजा आउँछ ।'

शनिबार सम्पन्न मतदानपछि देशभरका ३५ मतदान केन्द्रको मत आइतबारबाट गन्न सुरु गरिएको हो । कानुन व्यवसायीको छाता संगठन बारको २७औं कार्यसमितिका लागि ५७ उम्मेदवार थिए । २५ सदस्यीय केन्द्रीय कार्यसमितिको निर्वाचनको अन्तिम मतपरिणाम बिहीबार आउने निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता ताराबहादुर सिटौलाले जानकारी दिए । अब केही मत मात्र गन्न बाँकी रहेको र नतिजाको औपचारिक घोषणा बिहीबार गरिने उनले बताए ।

निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता ताराबहादुर सिटौला भन्छन्-

२५ सदस्यीय केन्द्रीय कार्यसमितिको निर्वाचनको अन्तिम मतपरिणाम बिहीबार आउँछ । अब केही मत मात्र गन्न बाँकी छ ।

यसैगरी, महासचिव पदमा पनि सत्तागठबन्धनिकट केदारप्रसाद कोइराला दोब्बर मतले अगाडि छन् । निर्वाचन अधिकृत सिटौलाका अनुसार कोइरालाले चार हजार ७०४ मत पाउँदा श्रेष्ठ प्यानलका यज्ञमणि न्यौपानेले दुई हजार २९ मत पाएका छन् । कोषाध्यक्षमा पनि सत्तागठबन्धनिकट कानुन व्यवसायीकै अग्रता छ ।

जगतबहादुर कार्कीले चार हजार ९४० मत ल्याएका छन् । उनका प्रतिद्वन्द्वी दीपक राईले एक हजार ५८१ मत प्राप्त गरेका छन् । बारको निर्वाचनमा नौ हजार ९९७ मतदाता रहेकोमा सात हजार ९९५ मत खसेको थियो ।

संक्षेप

नारायणीमा बेपत्ता दिदीभाइ मृत भेटिए

नवलपरासी/ गैंडाकोट नगरपालिका- १ स्थित नारायणी नदीमा बेपत्ता भएका दुई दिदीभाइको शव फेला परेको छ । मंगलबार साँझ चप्पल झिक्ने क्रममा नदीमा बेपत्ता भएका उनीहरू बुधबार मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक यादव ढकालले बताए । बागलुङ घर भई गैंडाकोट- १ ब्रिटिस क्याम्पकी १३ वर्षीया दीक्षा सेपुन्जा र नौ वर्षीय स्वपनिल सेपुन्जा नदीमा डुबी बेपत्ता भएका थिए । नारायणी नदीकिनारमा ६० वर्षीया हजुरआमा सुनमाया कुमालसँग खेल्न गई फर्कने क्रममा हजुरआमाको चप्पल नारायणी किनारमा छुटेकाले उक्त चप्पल लिन जाँदा पहिला भाइ र पछि दिदी नदीमा डुबी बेपत्ता भएको प्रहरीले जनाएको छ ।

जयगढका अग्निपीडितलाई प्रदेश सरकारले ५० लाख राहत दिने

धनगढी/ सुदूरपश्चिम प्रदेश सरकारले अछाम जयगढ बजारका आगलागीपीडित परिवारलाई राहतस्वरूप आर्थिक सहयोग गर्ने भएको छ । गाउँपालिकाले राहत वितरण गर्ने गरी प्रदेश सरकारले अग्निपीडितलाई ५० लाख रुपैयाँ दिने निर्णय गरेको मुख्यमन्त्री कमलबहादुर शाहले जानकारी दिएका छन् । प्रदेश विपत् व्यवस्थापन कोषबाट उक्त रकम बान्नीगढी जयगढ गाउँपालिकालाई उपलब्ध गराइनेछ । अछामको बान्नीगढी जयगढ गाउँपालिका- ३ जयगढ बजारमा मंगलबार राति भएको आगलागीमा २७ घर पूर्ण रूपमा जलेर नष्ट भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार बेलुकी ७ बजेतिर ग्यास सिलिन्डर पड्केर आगलागी सुरु भएको थियो । आगलागीबाट करिब सात करोड रुपैयाँ क्षति भएको आकलन छ । मुख्यमन्त्री शाहले क्षतिको प्रारम्भिक विवरणका आधारमा तत्काललाई ५० लाख राहत दिन लागिएको बताए । क्षतिको यकिन विवरण आएपछि राहतसम्बन्धी थप निर्णय गरिने प्रदेश सरकारले जनाएको छ ।

मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

लहान/ पूर्व-पश्चिम लोकमार्गअन्तर्गत सिराहाको धनगढीमाई नगरपालिका- ७ कसाहा खण्डमा बुधबार बिहान दुई मोटरसाइकल आपसमा ठोक्किँदा गम्भीर घाइते भएका दुईजनाको उपचारका क्रममा मृत्यु भएको छ । सुखीपुर नगरपालिका- ८ का करिब ३० वर्षीय जयकुमार गिरी र कल्याणपुर नगरपालिका- १२ का करिब २८ वर्षीय सन्तोषकुमार यादवको आरके मेडिसिटी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ । सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार सन्तोषले चलाएको मोटरसाइकलको पछाडि बसेका सिराहा नगरपालिका- १२ का करिब २४ वर्षीय सिकन्दर यादवको सोही अस्पतालमा उपचार भइरहेको छ । पूर्वतर्फ आउँदै गरेको गिरीले चलाएको बा.४४ प १५६१ नम्बरको मोटरसाइकल र पश्चिमतर्फ जाँदै गरेको सन्तोषले चलाएको स.५प ७७४० नम्बरको मोटरसाइकल कसहा चोकमा आपसमा ठोक्किँदा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

वडाध्यक्ष भण्डारी मृत फेला

बागलुङ/ ताराखोला गाउँपालिका- ३ का वडाध्यक्ष कर्णबहादुर भण्डारी मृत भेटिएका छन् । बुधबार बिहान करिब ११ बजे घरनजिकै रहेको गोठको बाहिर भागमा रहेको काठको बलोमा नाइलनको डोरीको पासो लगाई झुन्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिए । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । गत स्थानीय तह निर्वाचनमा भण्डारी माओवादीबाट निर्वाचित भएका हुन् ।

नेता-कार्यकर्ता रिहा नगरे सामूहिक गिरफ्तारी दिने राजावादीहरूको चेतावनी

नयाँ पत्रिका



राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिका कार्यवाहक संयोजक डा. जगमान गुरुङले रवीन्द्र मिश्र, डा. धवलशमशेर राणा र नवराज सुवेदी (घरमै नजरबन्द)लाई २१ वैशाखसम्म मुक्त गर्न अल्टिमेटम दिएका छन् । राजावादीहरूले १५ चैतमा तीनकुनेमा आयोजना गरेको सभास्थलबाट पत्रकार परेका उनीहरूलाई रिहा गर्न गुरुङले माग गरेका हुन् ।

बुधबार आयोजित प्रतिबद्धता सभामा उनले उनीहरू रिहा नभए २२ वैशाखमा तीनकुनेमा जम्मा भएर सामूहिक गिरफ्तारी दिने चेतावनीसमेत दिएका छन् । तीनकुनेको सभास्थलमा हिंसा र अराजकता भड्केपछि समितिका नाममा सार्वजनिक कार्यक्रम भएको थिएन । बुधबार शंखमूलमा आयोजित प्रतिबद्धता सभामा राप्रपा नेपालका अध्यक्ष कमल थापा, राप्रपा पूर्वअध्यक्ष डा. प्रकाशचन्द्र लोहनी, उपाध्यक्ष विक्रम पाण्डे, महामन्त्री शरद पाठक, प्रवक्ता सगुन लावतीलगायत थिए । पूर्वमन्त्री केशरबहादुर विष्ट पनि सभामा पुगेका थिए । कार्यक्रममा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन भने सहभागी भएनन् । राप्रपाले ७ वैशाखदेखि आफ्नै आयोजनामा उपत्यकामा दैनिक प्रदर्शन गर्ने तय गरेको छ ।

'हामी सेलाएका छैनौं । गोर्खामा १९ वैशाखमा नेपाल प्राज्ञिक मञ्चको आयोजनामा अनुष्ठान हुन्छ । २१ वैशाखपछि एक्सनमा जान्छौं,' गुरुङले भने, 'हामी ज्यानको माया मारेर अघि बढ्नेछौं । भद्र अवज्ञा आन्दोलन गर्छौं, जसरी महात्मा गान्धीले भारतमा गरेका थिए, ००६ सालमा कांग्रेसले नेपालमा गरेको थियो ।'

प्रहरीले १५ चैतमा तीनकुनेवरपर भड्केको हिंसापछि समितिका संयोजक सुवेदीलाई गौरीघाटस्थित घरमै नजरबन्दमा राखेको छ भने समितिका सदस्यसचिव राप्रपा वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री एवं सांसद डा. धवलशमशेर राणालाई काठमाडौं प्रहरी परिसर भद्रकालीको हिरासतमा राखेको छ । विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाऊ महाअभियान'ले आयोजना गरेको कार्यक्रममा हिंसा भड्केको थियो । सुरुमा प्रहरीले मञ्चमा टियर ग्यास फालेपछि मुठभेडको स्थिति बनेको राजावादी नेताको दाबी छ । उनीहरूले घटनाको न्यायिक छानबिनको माग गर्दै आएका छन् । यसैबिच, प्रसाईंले बुधबार अज्ञातस्थलबाट भिडियो सन्देश जारी गर्दै मानव अधिकारवादी तथा कानुन व्यवसायीहरूको रोहवरमा २४ घण्टाभित्र प्रहरीमा पेस हुन तयार रहेको बताएका छन् ।

दृष्टिविहीन महिला बलात्कृत पेटमा २८ हप्ताको शिशु

अछाम/ अछामकी २१ वर्षीया दृष्टिविहीन महिलामाथि बलात्कार भएको घटना सार्वजनिक भएको छ । जिल्ला प्रहरी कार्यालय अछामका अनुसार ५१ वर्षीय चेतमान रोकायले दृष्टिविहीन महिलालाई बलात्कार गरेको भन्दै उजुरी परेको हो ।

रामारोशन गाउँपालिका- ५ का रोकायले मंगलसेनस्थित पालेवन सामुदायिक वनमा लगेर गत २१ असोजमा महिलालाई बलात्कार गरेको आरोप छ । महिलाको पेटमा २८ साताको शिशुसमेत छ । गर्भवती भएको थाहा पाएपछि पीडित पक्षले २६ चैतमा प्रहरी कार्यालय अछाममा जाहेरी दर्ता गराएको प्रहरी नायब उपरीक्षक ईश्वरीप्रसाद भण्डारीले बताए । 'मंगलसेनकी महिला हुन्,' उनले भने, 'जन्मजात दृष्टिविहीन महिलामाथि बलात्कार भएको देखिन्छ । आरोपीलाई पक्राउ गरिसकेका छौं ।' पक्राउ परेका रोकायले बयानका क्रममा घटना स्वीकार गरिसकेका छन् । रोकाय विवाहित हुन् । उनका ६ छोराछोरी तथा नातिनातिना छन् । उनी पनि अपांगता (खुट्टामा समस्या) भएका व्यक्ति हुन् । मंगलसेन नगरपालिका-१३ की पीडित महिला मंगलसेन बजारमा बस्दै आएकी थिइन् । जिल्ला अपांग संघको बैठकमार्फत उनीहरूबिच चिनजान र मोबाइल नम्बर साटासाट भएको थियो । त्यस दिन उनले महिलालाई घुम्न जाउँ भनेर सँगै लगी सदरमुकाम मंगलसेनस्थित पालेवन सामुदाय वनभित्र लगेर बलात्कार गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको छ । महिलालाई सुरक्षित आवास गृहको संरक्षणमा राखिएको डिएसपी भण्डारीले बताए ।

■ बलात्कार आरोपमा ताप्लेजुङमा एकजना पक्राउ

जिल्ला प्रहरी कार्यालय ताप्लेजुङले बलात्कार आरोपमा एकजनालाई पक्राउ गरेको छ । ५१ वर्षीया महिलालाई जबर्जस्ती करणी गरेको अभियोगमा फुङलिङ नगरपालिकाका ४३ वर्षीय एक पुरुष पक्राउ परेका हुन् । प्रहरी कार्यालयका प्रहरी निरीक्षक रोहितकुमार शर्मा बढईले आरोपित पुरुषले मादक पदार्थ सेवन गरी जबर्जस्ती करणी गरेको भन्दै पीडित महिलाले बुधबार जाहेरी दिएको आधारमा उनलाई पक्राउ गरेको बताए । शर्माले आरोपित पुरुषलाई बुधबार लुकीछिपी बसेको अवस्थामा फुङलिङ नगरपालिकाबाट पक्राउ गरिएको जानकारी दिए । आरोपित पुरुषलाई बुधबार जिल्ला अदालत ताप्लेजुङबाट सात दिनको म्याद थप भई अनुसन्धान अगाडि बढाइएको समेत शर्माले जानकारी दिए ।

निजी विद्यालयको मिलेमतोमा दमक नगरपालिकाले तोक्यो चर्को शैक्षिक शुल्क

नगर प्रमुख रामकुमार थापा भन्छन्– निर्णय कार्यपालिकाले पारित गरेको छैन, तसर्थ यो निर्णय तत्काल कार्यान्वयन हुँदैन

झापामा **चिरञ्जीवी घिमिरे**


निजी विद्यालयसँगको मिलेमतोमा दमक नगरपालिकाले चर्को शुल्क तोकेको छ । केही दिनअघि नगरपालिकाले निजी तथा संस्थागत विद्यालयको वर्गीकरण गर्दै शुल्क तोकेको हो ।

नगरपालिकाले दमकका निजी विद्यालयलाई 'क', 'ख', 'ग' र 'घ'मा वर्गीकरण गर्दै त्यहीअनुसार शुल्क तोकेको छ । जुन शुल्क विगतमा विद्यालयले लिइरहेको भन्दा ५० प्रतिशतले बढी हो । वर्गीकरणको 'क' श्रेणीमा रहेको सूर्योदय अंग्रेजी विद्यालयले गत शैक्षिक सत्रमा कक्षा ३ मा मासिक तीन हजार शुल्क तोकेको थियो । तर, नगरपालिकाले निर्धारण गरेको नयाँ शुल्कअनुसार अब विद्यालयले मासिक चार हजार चार सयसम्म लिन पाउनेछ ।

यस्तै, दमककै सिद्धार्थ अंग्रेजी विद्यालयले गत वर्ष कक्षा ७ मा मासिक तीन हजार पाँच सय रुपैयाँ शुल्क लिएको थियो । नगरपालिकाले निर्धारण गरेको नयाँ शुल्कअनुसार अब विद्यालयले कक्षा ७ मा मासिक पाँच हजार दुई सयसम्म असुल्न पाउनेछ ।

दमक नगरपालिकाले मासिक शुल्कमा मात्र होइन विद्यार्थी भर्ना, वार्षिक शुल्क, परीक्षा, कम्प्युटर, विशेष प्रशिक्षण, प्रमाणपत्र शुल्कलगायत शीर्षकमा यसअघि विद्यालयले लिइरहेको शुल्कभन्दा झन्डै ५० प्रतिशत बढी लिनसक्ने गरी शुल्क निर्धारण गरेको छ ।

दमक नगरपालिकाको शिक्षा समितिले बनाएको शुल्क निर्धारण समितिको सिफारिसमा कार्यपालिकाले अनुमोदन गरेर यो शुल्क लागू गरिएको थियो । शुल्क निर्धारण



समितिमा निजी विद्यालय सञ्चालकका तर्फबाट तीनजना प्रतिनिधि थिए । उनीहरूको प्रभावमा परेर मिलेमतोमा चर्को शुल्क निर्धारण गरिएको स्रोतको दाबी छ । 'नगरपालिकाले यो कसैको प्रभावमा परेर गरेको निर्णय हो । यसले अभिभावकलाई मर्कामा पारेको छ,' सूर्योदय अंग्रेजी विद्यालयमा छोरा पढाउँदै गरेका दमकका महेश घिमिरे भन्छन्, 'हिजो कम शुल्क लिने विद्यालयले पनि अब चर्को मूल्य लिनेछन् । यसको दोषी दमक नगरपालिका हुनेछ ।'

यद्यपि, सामाजिक सञ्जालमा चर्को आलोचना भएपछि दमक नगरपालिकाले तत्काल यो निर्णय कार्यान्वयन नहुने भन्दै विज्ञप्ति जारी गरेको छ । नगर प्रमुख रामकुमार थापाले कार्यपालिका बैठकले पारित नगरेको भन्दै यसले वैधता नपाएको बताए । 'कार्यपालिका बैठकले पारित गरेको छैन,' उनले भने, 'तसर्थ यसले वैधता पाएको छैन । यो निर्णय तत्काल कार्यान्वयन हुँदैन ।'

शिक्षा समिति संयोजक कुवेर भट्टराईले भने यसअघि बसेको कार्यपालिका बैठकले नगर शिक्षा समितिको शुल्क निर्धारण र विद्यालयको वर्गीकरणसम्बन्धी प्रस्ताव अनुमोदन गरेको बताए । उनले निर्णय प्रमाणीकरण गर्न बाँकी रहेकाले आलोचना भएपछि मेयर थापाले निर्णय प्रमाणीकरण नगरी कार्यपालिकाले पास नगरेको बहाना बनाएको आरोप लगाए । 'शुल्क निर्धारण गर्दा अधिकतम कतिसम्म लिने भनेर निर्धारण गरेका छौं । यसअघि विद्यालयमा एकरूपता थिएन । शुल्कमा अधिकतम कति लिने भन्ने भए पनि शिक्षा ऐन र नियमावलीअनुसार नै हुन्छ,' उनले भने, 'गत वर्ष जुन विद्यालयले जति लिइरहेका छन् । त्यसको दश प्रतिशतभन्दा धेरै लिन नै पाउँदैनन् ।'

■ सामुदायिक विद्यालयमा समेत छैन निःशुल्क शिक्षा

दमक नगरपालिकाभित्रका सामुदायिक विद्यालयमा समेत निःशुल्क शिक्षा छैन । यहाँका सामुदायिक विद्यालयमा समेत सहयोगका बहानामा शुल्क लिइरहेका छन् । दमक नगरपालिकाले बनाएको शिक्षा ऐनमा माध्यमिक शिक्षा निःशुल्क हुने उल्लेख छ । तर, ऐनविपरीत सामुदायिक विद्यालयले आफूखुसी शुल्क असुल्दा पनि नगरपालिका मौन छ । २१ वटा सामुदायिक विद्यालयले कति शुल्क उठाउने भन्ने कुनै मापदण्ड छैन । विद्यालयले आफूखुसी शुल्क लिइरहेका छन् ।

गत वर्ष सुमना श्रेष्ठ शिक्षामन्त्री हुँदा उनले सबै स्थानीय तहलाई माध्यमिक तहसम्म भर्ना शुल्क, मासिक पढाइ शुल्क, पाठ्यक्रमलगायत कुनै पनि शीर्षकमा शुल्क नलिन परिपत्र गरेकी थिइन् । तर, दमक नगरपालिकाका सामुदायिक विद्यालयले अनेक बहानामा शुल्क लिँदै आएका छन् ।

कस्तो बजेट, कत्रो बजेट ?

युवा, उद्यमी तथा सर्वसाधारणमा विश्वास जगाउन नसक्ने वास्तविकतासँग अपरिचित र अवास्तविक बजेटको काम छैन



● गोपीनाथ मैनाली

अग्रलेख

बजेट सरकारको सर्वाधिक महत्त्व राख्ने नीति कार्यक्रम हो । त्यसैले, बजेट कत्रो बनाउने, कस्तो बनाउने, बजेटले केकस्ता कार्यलाई प्राथमिकता दिने भन्ने विषय निकै अहं हुन्छ । सर्वसाधारणदेखि व्यापारी, उद्यमी, विश्लेषक, अनुसन्धाता, विद्यार्थी, युवा सबैले बजेटलाई चासो दिएर हेरिरहेका हुन्छन् । सबैमा आशा जगाउने गरी बजेट ल्याउनु सरकारको दायित्व हो, जुन निकै कठिन काम हो ।

पछिल्ला वर्षमा नेपालको बजेटको आकार लगातार अवास्तविक बन्दै आएको छ । आव ०७८/७९ का लागि १६४८ अर्ब रुपैयाँको बजेट तर्जुमा गरिएको थियो । बजेट ल्याउने सरकार फेरिएपछि नीति तथा प्राथमिकता परिवर्तन नगरी १६ अर्ब रुपैयाँ घटाई १६३२ अर्ब कायम गरियो, मध्यावधि मूल्यांकनमा पुनः घटाइयो र कार्यान्वयनमा पुग्दा त्यो झनै घट्यो । ०७९/८० का लागि १७९३ अर्बको बजेट तर्जुमा गरिएकोमा मध्यावधिमा करिब २०० अर्ब रुपैयाँ घटाई संशोधित अनुमान कायम गरियो । ०८०/८१ का लागि १७५१ अर्ब रुपैयाँको बजेट तर्जुमा गरिएको थियो, जसलाई मध्यावधि समीक्षा समयमा करिब २२५ अर्ब रुपैयाँ घटाइयो । चालू वर्षको बजेट १८६० अर्ब रुपैयाँ थियो, मध्यावधिमा संशोधित आकार १६९२ अर्ब रुपैयाँमा झारिएको छ । बजेटको आकार घटाइनु भनेको राजस्व परिचालन र खर्च सामर्थ्यको कमजोरी हो । राजस्व, खर्च र नीतिसम्बन्धी प्रस्ताव वास्तविक नहुँदा बजेट तर्जुमाका आधारभूत पक्षमै कमजोरी छ भन्ने देखिएको छ, यसतर्फ गम्भीरतासाथ सोचिएको छैन । बजेट घोषणा र कार्यान्वयनबिचको खाडलले बजेटप्रतिको जनविश्वास घटाउँदै लैजान्छ । आगामी आवका लागि १९६५ अर्ब रुपैयाँको सीमा निर्धारण गरिएको भए पनि १५५० अर्ब रुपैयाँजति प्रतिबद्ध दायित्व रहेकाले राजस्व चुहावट नियन्त्रण गर्न नसकिए यो आकार पनि वास्तविक ठहरिनेछैन ।

अर्थतन्त्रलाई चलायमान बनाउने र आर्थिक सामाजिक सान्दर्भिकतामा केन्द्रित गर्ने ऊर्जाका रूपमा बजेट रहनुपर्छ । अर्थतन्त्र सञ्चालनका पाँच पात्र घरपरिवार, उद्यमी व्यवसायी, सरकार, बैंक तथा वित्तीय संस्था र बाह्य क्षेत्र पारस्परिक विश्वास र अन्तरसम्बन्धमा रहेपछि मात्र अर्थतन्त्र गतिशील हुन्छ । अर्थतन्त्र गतिशीलताका आदर्श मान्यता छन् । सरकारले लगाउने कर तथा विनियोजन खर्चले घर परिवार, फर्म व्यवसाय, बैंक वित्तीय संस्था र बाह्य व्यापारलाई प्रभाव पार्छ । घर परिवारको खर्च वा बचतले प्रभावकारी माग सिर्जना गरी फर्म व्यवसाय, सरकारी कोष, वित्तीय क्षेत्र र आयात-निर्यातलाई प्रभाव पार्छ । फर्मले उत्पादन गर्ने वस्तुको परिमाण, स्तर, मूल्य र आपूर्ति एवं मूल्य शृंखलाबाट घर परिवार, वित्तीय संस्था, बाह्य व्यापार र राजस्व असुली प्रभावित हुन्छ । वित्तीय क्षेत्रले प्रवाह गर्ने पुँजीले उत्पादन, उपभोग, बजार र राजस्व संरचनालाई प्रभाव पार्छ । बाह्य वस्तु तथा सेवा प्रवाहले अन्य चार पक्षलाई प्रभाव पारिरहेको हुन्छ । यो सम्बन्धको सिलसिला अपेक्षित रूपमा सकारात्मक बनाउन सरकार चुक्नु हुन्न । पाँच पात्रमा सरकार सबैको अभिभावक, सहजकर्ता, नियामक र विश्लेषक पनि हो । आर्थिक-सामाजिक संकेत बुझ्न, टिप्न र तत्काल रेस्पोन्स गर्न सरकारले नसके बजेट केवल कानुनी-राजनीतिक वस्तु मात्र बन्छ । त्यसो हुँदा स्वयं राजनीतिका अभीष्टहरू नै पाखा लागेर समृद्धि (रोजगारी, सेवा र उत्पादन) धकेलिन्छ । अर्थतन्त्रका सम्भावना उपयोग गर्न सकिँदैन । युवा, उद्यमी तथा सर्वसाधारणलाई विश्वास जगाउन सकिँदैन । यी वास्तविकतासँग अपरिचित बजेट नै अवास्तविक बजेट हो ।

बजेट तर्जुमाका क्रममा अन्य समष्टिगत अनुशासनमा ध्यान पुऱ्याउनुपर्ने क्षेत्र छन् । विनियोजनका आधार निर्माण नभएकाले नीति प्रभाव पार्न सक्ने व्यक्तिका जिल्लामा सरकारी कोषको विनियोजन हुने र कमजोर आवाज भएका स्थानमा विनियोजन नहुने स्थितिले बजेट समन्यायिक बनेको छैन । कुनै भूगोल र क्षेत्रको अविकासको लागतमा अर्कोको विकास स्वयंमा अन्यायको विस्तार हो । बजेट न्याय, नीति, विकास, सम्बन्ध र विश्वास सिर्जना गर्ने संयन्त्रात्मक भूमिकामा रहनुपर्छ । गरिबी र बेरोजगारीको अवस्था सुदूरपश्चिम र कर्णाली प्रदेशमा अत्यधिक छ । बाजुरा, हुम्ला, डोल्पा, मुगु, कास्की, इलाम, रुपन्देही, झापाको तुलनामा पछि मात्र परेका होइनन्, आधारभूत नागरिक सेवामा समेत पछि पर्नुमा विनियोजन न्याय नहुनु प्रमुख कारण हो । नेपालका सीमा जोडिएका स्थानीय बस्तीमा सीमा क्षेत्र विशेष कार्यक्रम सञ्चालन गरी राष्ट्रियता सबलीकरण आवश्यक छ । आयोजना बैंक तथा मध्यकालीन खर्च संरचनालाई उपेक्षा गरी बहुवर्षीय योजना स्वीकृतिका नाममा प्रभुत्ववादीहरूले लामो समयसम्म राष्ट्रिय स्रोतमा धाबा बोल्ने विद्यमान प्रवृत्ति रोक्नु आवश्यक छ, जसका लागि प्रणालीबाटै यस प्रकारको बेथिति रोक्ने सफ्टवेयर (एलएमबिआइएस) चाहिन्छ । व्यक्ति र संस्थालाई विश्वास गर्न नसकिने अवस्थामा प्रविधिलाई उपयोग गर्नुको विकल्प छैन ।



पहिलो चरणको आर्थिक सुधार कार्यक्रमका उपलब्धि निश्चित गरी अर्को चरणको आर्थिक सुधार कार्यक्रम सञ्चालन गर्न निकै ढिला भइसकेको छ । पहिलो चरणको सुधारमा अर्थतन्त्रको उदारीकरण र सार्वजनिक क्षेत्रको कार्यक्षेत्र घटाउने काम भएको थियो । अहिले अर्थतन्त्रमा देखिएको सीमित उपलब्धि पहिलो निर्वाचित सरकारका आर्थिक सुधार कार्यक्रमको देन हो । अहिले आन्तरिक सन्दर्भ र बाह्य परिवेश परिवर्तन भएको छ । यस अवस्थामा पहिलो चरणको उपलब्धिलाई गुणात्मक बनाउँदै अर्थतन्त्रको नेतृत्वदायी क्षेत्र पहिचान गरी तिनलाई सहयोग गर्ने उपक्षेत्र र अन्तरसम्बन्धित क्षेत्रको प्रभावकारिता बढाउनु आवश्यक छ । अर्को चरणको आर्थिक सुधारका लागि छानिएका क्षेत्रकेन्द्रित कार्यक्रम अघि बढाउनुपर्छ । अहिले पनि अर्थतन्त्रमा सरकारको आकार ठुलो छ, जसले आर्थिक वृद्धिसँग नकारात्मक सम्बन्ध देखाउँछ । आर्थिक स्वतन्त्रता सूचकसँग पनि नकारात्मक छ । सरकारी उपभोग, हस्तान्तरण तथा अनुदान, सरकारी लगानी, करदर र सार्वजनिक संस्थानको सम्पत्तिले ठुलो सरकार र आर्थिक स्वतन्त्रताको न्यून स्तर देखाइरहेको छ । विश्वव्यापी परिवेशमा देखिएको कर तथा अध्यागमनका सवाल, उदीयमान अर्थतन्त्रले लिएका नीति र 'गिग अर्थतन्त्र'का सवाललाई सम्बोधन गर्ने गरी अर्को चरणको सुधार अर्थतन्त्रले चाहिरहेको छ । साथै, एक क्षेत्रमा लिइएका नीतिको 'साइड इफेक्ट' कस्तो पर्छ र त्यसको निराकरणका लागि पोलिसी 'हार्मोनाइजेसन' कसरी गर्ने भन्ने रणनीति चाहिन्छ । यस अवस्थामा उत्पादनको प्रमुख नेतृत्वदायी क्षेत्र पहिचान, शैक्षिक नीति पुनर्संरचना, स्थानीय आर्थिक संरचना निर्माण, सार्वजनिक वित्त र बजेट सुधार, बहुराष्ट्रिय कम्पनीसँगको सहकार्य, दिगो विकास र प्रमुख नीतिको कार्यमूलक संयन्त्रको पहिचान गरेर मात्र नेपालले आर्थिक समृद्धि प्राप्त गर्ने गरी अर्थतन्त्र चलायमान बनाउन सकिन्छ ।

> आगामी आवको बजेटका लागि १९६५ अर्ब रुपैयाँको सीमा निर्धारण गरिएको भए पनि १५५० अर्ब रुपैयाँजति प्रतिबद्ध दायित्व रहेकाले राजस्व चुहावट नियन्त्रण गर्न नसकिए यो आकार पनि वास्तविक ठहरिनेछैन

बजेटमार्फत केही नीति घोषणा गरी कार्यान्वयनको तारतम्य मिलाउनु आवश्यक छ । ठुलो संख्याका मातृभूमिमा सम्भावना नदेखेर बाहिरिएर विश्वभरि विस्तार भएका नेपाली डायस्पोराले आर्जन गरेको सीप, सम्बन्ध र ज्ञानबाट मातृभूमि लाभान्वित हुने नीति आवश्यक छ । उनीहरूलाई स्वदेश फर्काउन नसकिए पनि उनीहरूको ज्ञान, सीप र सम्बन्धबाट मातृभूमि लाभान्वित हुनुपर्छ । नेपाललाई ज्ञानको हब, योगको हब, चलचित्रको हब, शिक्षाको हब, कला दर्शन र अनुसन्धानको हब बनाउने गरी नीति कार्यक्रम ल्याउनुपर्छ, यसमा पनि नेपाली डायस्पोरालाई उपयोग गर्न सकिन्छ, किनकि जहाँ कर्म गरे पनि उनीहरूको मन मातृभूमिमै बसेको हुन्छ । संस्कार र सीपसहितको शिक्षाका लागि पाठ्यक्रम र पाठ्यविधि परिवर्तन, विश्वविद्यालयलगायत प्राज्ञिक अनुष्ठानका कार्यकारी तहका नियुक्ति योग्यता प्रणालीमा आधारित बनाउन लोकसेवा आयोगको संलग्नतामा संरचना बनाइनुपर्छ । समाजमा फैलिँदो बेथिति नियमनका लागि राष्ट्रिय सदाचार नीति चाहिन्छ । आर्थिक बेथिति र भ्रष्टाचारको जग खर्चिलो चुनाव व्यवस्थित गर्न दललाई 'स्टेट फन्डिङ'को व्यवस्था गरी चन्दा लिन नपाउने नीति घोषणा हुनु आवश्यक छ । दलको आर्थिक आचरण व्यवस्थित गर्न महालेखा परीक्षकबाट लेखा परीक्षण र प्रमुख पदाधिकारीका आयव्ययको परादर्शिताको व्यवस्था निर्वाचन आयोगबाट ल्याउने नीति चाहिएको छ ।

बजेटमा समावेश भएको वार्षिक विकास कार्यक्रमका आयोजना र क्रियाकलाप समयमै सञ्चालनमा नआएको परिप्रेक्ष्यमा खर्च नगर्ने कर्मचारी र उनीहरूमाथि सुपरीवेक्षणको जिम्मेवारी भएका कर्मचारीलाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ का व्यवस्थाअनुरूप कारबाही सक्रियताको पुनः प्रतिबद्धता चाहिन्छ । अन्यथा, सरकारले उच्च प्राथमिकता दिएका नीति कार्यक्रमलाई कार्यान्वयन प्रणालीले 'बाई' गर्ने अवस्था रहिरहन्छ । राजस्व प्रशासनको व्यावसायिकता र इमानदारी सधैं प्रश्नमा छ । नेपालमा विकास भन्नेबित्तिकै भौतिक पूर्वाधार भन्ने बुझिएको र अन्धाधुन्ध 'ननइन्जिनियरिङ' पूर्वाधारले प्रश्रय पाएकाले प्रत्येक विषय क्षेत्रमा कति पूर्वाधार संरचना आवश्यक हो र त्यो कुन तहको पर्छ भनी आवश्यकता चित्रांकन (म्यापिङ) चाहिएको छ । नीति, योजना र कार्यक्रमका आधार भरपर्दो सूचना भएकाले एकीकृत र खण्डीकृत तथ्यांकीय आधारका लागि राष्ट्रिय सूचना कोष आवश्यक छ । नरम राज्य प्रणालीले उत्ताउलिएको वित्तीय क्षेत्र, फौबन्जारीकरण हुँदै गएको बजार र व्यावसायिक सदाचार गुमाउँदै गएको राजस्व प्रशासनलाई नियमन कठोरतासहितको संयन्त्र चाहिएको छ । फेरि के भुल्नुहुन्न भने बजेटमार्फत घोषित नीति कार्यक्रमको निश्चित समयको अन्तरालमा नियमित रूपमा प्रभावकारी समीक्षा गरी कार्यान्वयन गर्ने कार्यमा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबिच कार्यमूलक सहकार्य गर्ने ढाँचा चाहिन्छ ।

(मैनाली नेपाल सरकारका पूर्वसचिव हुन्)

@mainaligopi

३ प्रश्न

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका पूर्वसचिव **डा. रोशन पोखेल**लाई



हामीकहाँ सुर्तीजन्य पदार्थले मानव स्वास्थ्यमा केकस्ता असर पारिरहेका छन् ?

सुर्तीजन्य पदार्थको सेवनले मानव स्वास्थ्यमा गम्भीर असर पारिरहेको छ । यसले ज्यानैसमेत लिने खालका गम्भीर समस्या निम्त्याइरहेको छ । पछिल्लो समयमा सुर्तीजन्य पदार्थको प्रयोगमा थोरै भए पनि सचेतना आएको देखिन्छ । तर, भेपको प्रयोगले गर्दा विद्यालय जाने उमेरका विद्यार्थीमा यसको लत गम्भीर बन्दै गएको छ । खासगरी 'टिन एज' प्रवेश गर्दागर्दै भेपको प्रयोग सुरु गर्नाले पछि धूम्रपान, लागु पदार्थलगायतको कुलतमा फस्ने जोखिम बढी हुन्छ । त्यसैले, यतिखेर सुर्तीजन्य पदार्थसँगै भेपको प्रयोग बढी नै चुनौतीपूर्ण बन्दै गएको छ ।

सुर्तीजन्य वस्तुको प्याकेटमा शतप्रतिशत ढाक्नेगरी चेतावनीयुक्त सन्देश राख्दा प्रयोगकर्तामा यसको कस्तो प्रभाव पर्ला ?

निश्चित रूपमा यस्ता चेतावनीयुक्त सन्देशले सकारात्मक प्रभाव पार्छ । सामान्यतः त्यस्ता चेतावनीयुक्त सन्देश छापिएका सुर्तीजन्य पदार्थका प्याकेट किनेर बोक्दा प्रयोगकर्तालाई लाज हुने र अरूसामु निकालेर प्रयोग गर्दा लज्जित हुनुपर्ने अवस्था आउँछ । यस्तो अवस्थामा पूरै बट्टा या प्याकेट किनेर प्रयोग गर्ने सेवनकर्ताले अब एक-दुई खिल्ली मात्र किनेर प्रयोग गर्छ । तर, कतिपय स्थानमा एक-दुई खिल्ली मात्र बिक्री नगरिने हुँदा सेवनको मात्रामा कमी आउन सक्छ । साथै, पछिल्लो समयमा सुर्तीजन्य पदार्थको मूल्य बढ्दै गएकाले पनि विपन्न वर्गका सेवनकर्ताले पूरै बट्टा नै खरिद गर्न कठिन हुँदै गएकाले पनि प्रयोगमा कमी आइरहेको देखिन्छ ।

उद्योगमन्त्रीले त यस्तो व्यवस्था कार्यान्वयन नगर्नू भनी स्वास्थ्य मन्त्रालयलाई पत्र लेखेको समाचार आएको छ नि ?

यो अन्तरमन्त्रालय सम्बन्धको विषय हो । उद्योग मन्त्रालयले उद्योगहरू चुलून् भन्ने उद्देश्य राखेको हुन सक्छ भने स्वास्थ्य मन्त्रालयले चाहिँ जनताको स्वास्थ्यलाई ध्यान दिएको हुन्छ । यस्तो विवादमा प्रधानमन्त्री कार्यालयले सहजीकरण गरिदिनुपर्छ ।

प्रेरक प्रसंग

सिंह बनेको देख्ने चाहना

एक बौद्ध भिक्षु जंगलमा दाउरा खोज्दै थिए । उनले नजिकै चारवटै खुट्टा नभएको एउटा फ्याउरो देखे । फ्याउरोलाई यस्तो अवस्थामा पनि हृष्टपुष्ट र स्वस्थ देखेर उनी छक्क परे । उनले मनमनै सोचे- आखिर यसले खान्छ चाहिँ के र यसलाई खुवाउँछ चाहिँ कसले ?

भिक्षु यस्तै केही सोच्दै थिए, नजिकै कतै सिंहको भयानक गर्जन सुने । सिंहको गर्जनसँगै जनावरहरूको भागदौड सुरु भयो । भिक्षु पनि तत्काल एक अग्लो रुखमा चढे । सिंहले हरिणको सिकार गरेको थियो । ऊ मुखमा हरिणलाई च्यापेर त्यही फ्याउरो भएको स्थानतिर अघि बढिरहेको थियो । सिंहले फ्याउरोलाई आक्रमण गर्नुको साटो हरिणको शरीरबाट केही टुक्रा मासु लुछेर उसको नजिकै राखिदियो र आफ्नो बाटो लाग्यो । भिक्षुलाई यो दृश्य अनौठो लाग्यो । उनलाई विश्वासै लागेन । तैपनि, आफ्नै आँखाले देखेको दृश्य विश्वास नगरी पनि सुख थिएन । भोलिपल्ट पनि भिक्षु त्यहीँ गए । उनले अघिल्लो दिनकै जस्तो दृश्य फेरि देखे । भिक्षुले मनमनै भने- यो सब भगवान् हुनुहुन्छ भन्ने प्रमाण हो । उहाँले जसलाई पैदा गर्नुहुन्छ, उसको पेट भर्ने व्यवस्था पनि स्वयं उहाँले नै गर्नुहुन्छ । अब यो फ्याउरोभर्ने म पनि भगवान्को दयामा बाँच्छु । उहाँले मेरो भोजनको पनि अवश्यै व्यवस्था गर्नुहुनेछ ।

उनी एउटा रुखको फेदमा पल्लैटी कसरी बसे । तर, एक दिन, दुई दिन हुँदै पाँचौं दिनसम्म पनि उनको पेटमा एक दाना भोजन परेन । उनी भोकले उभिनै नसक्ने अवस्थामा पुगे । उनमा बोल्ने शक्तिसम्म रहेन ।

छैटौं दिन एक महात्मा त्यही बाटो हुँदै कतै गइरहेका थिए । उनले भिक्षुलाई देखेर उनको त्यस्तो अवस्थाबारे जान्न चाहे । भिक्षुले सबै कुरा बताएर भने- भगवान् पनि कति निर्दयी हुँदा रहेछन् । मेरो प्राण जाने अवस्था आउँदा पनि मेरो भोजनको व्यवस्था गरेनन् । महात्माले भने- तपाईंले भनेको सत्य नै हो । तर, भगवान् तपाईं फ्याउरो होइन, सिंह बनेको देख्न चाहनुहुन्थ्यो । तर, तपाईंले उल्टो बाटो रोज्नुभयो । यसमा उहाँको के दोष ? महात्माको भनाइले भिक्षुका आँखा खुले । उनले अबका दिन अरूको जीवन बचाउने काममा समर्पित गर्ने अठोट गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

कामु गभर्नरलाई बधाई

२६ चैत, ०८१ को नयाँ पत्रिकामा प्रकाशित 'गभर्नर नियुक्तिमा ढिलाइ भएपछि तिमिल्सिनालाई गभर्नरको जिम्मेवारी' शीर्षकको समाचार पढियो । समाचारअनुसार नेपाल राष्ट्र बैंककी वरिष्ठ डेपुटी गभर्नर निलम ढुंगाना तिमिल्सिनालाई कायम मुकायम गभर्नरमा नियुक्त गरिएको पनि थाहा भयो । नेपालको पहिलो महिला गभर्नर हुन सफलता प्राप्त गर्नुभएकोमा तिमिल्सिनालाई हार्दिक बधाई छ । आउने दिनमा पुरुष गभर्नरले भन्दा राम्रो काम गरी आफ्नो कामलाई सहजतासाथ लिई देश र जनताको सेवामा तत्परतासाथ लाग्ने सफलता प्राप्त होस् भन्ने हामी सबै नेपालीको कामना छ ।

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

जाहेरी नलिनेलाई कारबाही गर

बलात्कारजस्तो जघन्य अपराधका आरोपीविरुद्ध पीडितले दिएको जाहेरी प्रहरीले दर्ता गर्न अस्वीकार गरेको समाचार पढ्दा दुःख लाग्यो । जब कुनै चेलीले म कसैबाट सामूहिक बलात्कारको सिकार भएँ भनेर उजुरी गर्छिन् भने प्रहरीले तत्काल त्यसलाई दर्ता गरेर आरोपी जोसुकै भए पनि पक्राउ गरी अनुसन्धान सुरु गर्नुपर्ने होइन र ? कपिलवस्तुको शुद्धोधन गाउँपालिकाको घटनामा प्रहरीले पीडकलाई जोगाउन खोजेको देखिन्छ । यसरी पीडितको जाहेरी लिन आलटाल गर्ने प्रहरी अधिकारीमाथि छानबिन गरी तत्काल कारबाही गरियोस् ।

● **मुक्तावली पाण्डे**
स्वयम्भू, काठमाडौं

उद्योगमन्त्रीलाई बर्खास्त गर

उद्योगीले तोकेको मूल्य नै अन्तिम हुने भनेर उद्योगी, व्यापारीको ढाल बनेर उभिएका उद्योगमन्त्री दामोदर भण्डारीकै कारण यतिखेर नेपाली बजारमा सिमेन्ट र रडको मूल्य अकासिएको छ । उद्योगीले दिनदिनै मूल्य बढाइरहेका छन्, मन्त्री भण्डारीले थपडी बजाएर तिनलाई समर्थन जनाइरहेका छन् । पछिल्लो समयमा उनले स्वास्थ्यमन्त्रीले गरेको निर्णयविरुद्ध आफ्नो मन्त्रालयबाट चिठी पठाएर सुर्तीजन्य पदार्थका खोल या बट्टामा शतप्रतिशत चेतावनीयुक्त तस्बिर नराख्न दबाब दिएको समाचार पढियो । यस्ता जनस्वास्थ्यविरोधी मन्त्रीलाई तत्काल बर्खास्त गरियोस् ।

● **सुबोधचन्द्र पण्डित**
गोकर्ण, काठमाडौं

प्रदूषणका नाममा उठेको रकम खोइ ?

काठमाडौं विश्वकै प्रदूषित सहरमा पहिलो नम्बरमा परेको छ । यहाँ न कुनै ठुला उद्योगधन्दा छन्, न कुनै कलकारखाना, के कारण काठमाडौं एक नम्बरको प्रदूषित सहर बन्यो भन्ने प्रश्न उब्जेको छ । फेरि सरकारले वायु प्रदूषणका नाउँमा उपभोक्ताबाट उठाएको रकमले प्रदूषण नियन्त्रणका लागि काम गर्नुपर्ने होइन र ? खोइ त, कहाँ गयो त्यो रकम ? विगत १७ वर्षदेखि उठाइँदै आएको रकम कहाँ गयो ? सरकार पनि अनभिज्ञ देखिनुको अर्थ के हो ? सरकारमातहतको विषय सरकारलाई नै थाहा नहुनु लज्जास्पद होइन ? सरकारले प्रदूषण नियन्त्रणका नाउँमा उपभोक्तासँग सवारीसाधनमा इन्धन हालेबापत प्रतिलिटर एक रुपैयाँ ५० पैसा उठाउँदै आएको छ । त्यो रकम कता गयो ? अहिलेसम्म २५ अर्ब ३९ करोड ६६ लाख रुपैयाँ उपभोक्ताबाट उठेको भन्ने समाचार आएको छ, आयल निगमले उठाएको रकम हरेक महिना अर्थ मन्त्रालयको खातामा हाल्ने गरेको सुनियो । निगमले उपभोक्ताबाट उठाएको रकम अर्थ मन्त्रालयको खातामा जम्मा गर्ने तर अर्थ मन्त्रालयले त्यसको हिसाबकिताब देखाउन नपर्ने, कस्तो नीति हो यो ? सरकारलाई समेत त्यो त्यति ठुलो रकम कहाँ गयो भन्ने जानकारी नहुनु दुःखलाग्दो विषय हो । हामीले तिरेको पैसाको हिसाबकिताब तत्काल चाहियो सरकार ! यसरी दिनदाहाडै उपभोक्तालाई राज्यले ठग्न पाउँदैन । जनताले समयमै नबोलिदिँदा सरकारले जे गर्दा पनि भएको छ । कम्तीमा गलतलाई गलत र सहीलाई सही भन्ने जनता भएको भए यस्ता कुरीति मौलाउने थिएनन् ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

ट्रम्पको भन्सार नीति र सत्ता आसक्ति

ट्रम्पको भन्सार शुल्कवृद्धि आर्थिक रणनीति मात्र होइन, यो सांस्कृतिक रूपान्तरणको माध्यम पनि हो



देश / विदेश

● रिचार्ड के सेरविन

राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो भन्सार शुल्कवृद्धि नीति लागू गरेपछि अर्थशास्त्री, लगानीकर्ता र व्यवसायीले यो नीतिको औचित्य र तर्कमाथि प्रश्न उठाएका छन् । वास्तवमा यो केवल आर्थिक नीति होइन, यो ट्रम्पको अमेरिकालाई पुनः महान् बनाऔं (मागा) अभियानको मूलभूत चरित्रसँग जोडिएको छ, अर्थात् यसले विज्ञान, कानुन र तर्कको तिरष्कार गरेको छ । इतिहासमा हामीले यस्ता प्रवृत्ति पहिले पनि देखेका छौं । नाजी जर्मनीको रहस्य आसक्ति र वैज्ञानिकताविरोधी सोचलाई लिन सकिन्छ, जहाँ कार्ल यङलले भन्ने गरेको आर्य जातिको 'आत्मिक विकास'को अवधारणालाई महत्त्व दिइन्थ्यो ।

ट्रम्पको भन्सार शुल्कवृद्धि केवल आर्थिक रणनीति मात्र होइन, यो त सांस्कृतिक रुपान्तरणको माध्यम पनि हो । उनले २ अप्रिललाई 'मुक्ति दिवस' घोषणा गर्दै विश्व व्यवस्थालाई आफ्नो इच्छाशक्तिबाट परिवर्तन गर्ने नायकका रूपमा आफूलाई प्रस्तुत गरेका छन् । भन्सार शुल्कले विश्वभर विशेषतः अमेरिकामा जनजीवनलाई कठिन बनाउनेछ । तर, उनका लागि मुख्य कुरा आर्थिक परिणाम नभई सांस्कृतिक नाटक हो, जहाँ चमत्कार र आक्रोशमार्फत जनचेतनालाई झस्काउने प्रयास हुनेछ । यो सिलिकन भ्यालीको 'छिटो अघि बढ र भत्काऊ' भन्ने मन्त्रसँग मेल खान्छ, जहाँ पुराना संरचना भत्काएर राष्ट्रको गहिरो आत्मा उजागर गर्न खोजिन्छ ।

यस्ता रुपान्तरण सक्रिय 'महान् नेता' नभई कसले सक्छ त ? यो महान् व्यक्ति नित्सेले भनेझैं आर्फैभित्रको अराजकतासँग बाँच्छ । र, यो नै मागा अभियानको प्रस्ताव हो । अब प्रश्न उठ्छः यो अराजकता निम्तिँदा हुने पीडालाई स्विकार्न तयार हुनुहुन्छ ? यो कुनै नीति कार्यान्वयनभन्दा बढी एक सामूहिक दीक्षा प्रक्रिया हो वा एक विशाल मनोवैज्ञानिक अप्रेसन हो । उदाहरणका लागि, सोभियत प्रोपगान्डा गर्नेले साथी वा शत्रु दुवैलाई स्पष्ट असत्य दोहोऱ्याउन बाध्य तुल्याउनु शक्ति परीक्षणको भरपर्दो उपाय हो भन्ने बुझाइ राखेका थिए । यस्तै प्रवृत्ति ट्रम्पले आफ्नो भन्सार शुल्कवृद्धिलाई सही ठहर गर्न 'संकटकालीन अवस्था'को घोषणा गरेका थिए । यस्ता घोषणाले पूर्ण प्रभुत्वको दाबीलाई मलजल गर्छ । नाजी कानुनविद् कार्ल स्मिटका अनुसार संकटकालको अवस्था सुरु गर्ने कार्यकारी निर्णयले नै व्यवहारमा प्रभुत्व के हो भन्ने निर्धारण गर्छ । संकटकाल घोषणा गर्नु आफैंमा संकटकाल हो । र, यही प्रक्रियाबाट कानुनी शासनको अन्त्य सुरु हुन्छ ।

'संकटकालीन अवस्था'ले राष्ट्र कसरी बाँच्नेछ भन्ने मात्र नभई को बाँच्नेछ भन्ने पनि निर्धारण गर्छ । त्यसैले स्मिटले जनतालाई साथी र शत्रुमा विभाजन गर्छन् । उदाहरणका लागि, इलन मस्कले 'साथी'को परिभाषा आफ्ना कम्पनी एक्सएआई, न्युरालिंक र स्पेसएक्समार्फत दिएको देखिन्छ । यसरी हेर्दा उनका साथी 'एआई-साक्षर', साइबर-अग्रगामी र सम्भवतः मंगल ग्रहमा उपनिवेश बसाल्न तयार मानव जातिका अगुवा हुन् ।

यसविपरीत शत्रुले समाजको चासो वा स्रोतमा कुनै दाबी गर्न सक्दैनन् । यही सोचअनुसार ट्रम्पले सबैभन्दा बढी ध्यान 'अवैध आप्रवासी'मा केन्द्रित गरेका छन्, जसलाई उनी बारम्बार 'परजीवी' र 'जनावर' भनेर सम्बोधन गर्छन् । जब 'राष्ट्रविहीन' अरूलाई छुट्टै उप-प्रजातिका रूपमा परिभाषित गरिन्छ, तब उनीहरू कानुनी संरक्षणबाट बाहिर धकेलिन्छन् । ट्रम्पका भन्सार शुल्कले मागा अभियानको विस्तारित वैज्ञानिकताविरोधी प्रवृत्तिलाई झल्काउँछ । उनी 'वैश्विक व्यापार सन्तुलन' मिलाउने, अमेरिकी उद्योग पुनर्स्थापित गर्ने वा राजस्व वृद्धि गर्ने क्रमिक उद्विकासमा आधारित छ र यो मस्कको अन्य ग्रह उपनिवेश बनाउने आकांक्षासँग पनि मेल खान्छ) जस्ता कार्यमा प्रयोग भइरहेका छन् । र, यो पूर्ण नियन्त्रण स्थापनाका लागि भइरहेको छ । पुटिनको नुक्रोक्रेसी, इलन मस्कजस्ता अर्बपति र मागा अभियान (जसको नयाँ संस्करण रहेको अमेरिकालाई पुनः स्वस्थ बनाऊ माहा अभियान) भनेकै व्यक्तिवादको पूजा हो । केवल पुटिनले मात्र रुसी जनताको उद्धार गर्न सक्छन् । केवल मस्कले आफ्ना अनुयायीलाई चेतनाको अर्को स्तरमा पुऱ्याउन सक्छन् । र, केवल ट्रम्पले मात्र अमेरिकालाई पुनः महान् बनाउन सक्छन् । नेताप्रति समर्पण नै परिवर्तनको मूल माध्यम हो भन्ने बनाइएको छ ।



तस्बिर : एन्ड्रयु हार्मिक/गेटी इमेजेस

निःसन्देह मागाभित्रको स्टिभ ब्याननको नेतृत्व 'जनभावना' समूह र मस्कको उदारवादी, सिलिकन भ्याली समूहबिचको लक्ष्य र स्वार्थमा भिन्नता छन् । यिनको शक्ति हत्याउने प्रतिस्पर्धा देखिएभन्दा गहिरो छ । तर, यो विभाजनलाई अहिलेसम्म ट्रम्प र उनका बफादारले नियन्त्रणमा राखेका छन् वा सम्भवतः आफ्नो फाइदाका लागि प्रयोग गरेका छन् । अन्ततः त्यो नेता नै हो, जसले राष्ट्रलाई यसको 'भाग्य'तर्फ डोऱ्याउन सक्ने रहस्यमय, सिर्जनात्मक-विध्वंसात्मक शक्ति बोकेको दाबी गर्छ । त्यो भाग्य जनताको सशक्तीकरण हो कि मस्क र पिटर थिएलजस्ता अर्बपति उदारवादीलाई सत्ताको शिखरमा पुऱ्याउनु हो, त्यो खुला प्रश्न हो । र, यसको उत्तर दुवै हुन सक्दैन । हालका लागि ट्रम्पका भन्सार शुल्कले व्यावसायिक वा आर्थिक नीतिभन्दा बढी महत्त्व पाएको विषय निरंकुशता सुदृढ गर्ने लक्ष्य हो भन्ने स्पष्ट देखिन्छ ।

(सेरविन न्युयोर्क ल स्कुलका इमिरेट्स प्राध्यापक हुन्)
प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

अझै कायम छ दक्षिण कोरियाको राजनीतिमा युनको प्रभाव

धेरैले युनको बर्खास्तीलाई दक्षिण कोरियामा उदार लोकतन्त्रप्रति जनताको विश्वास पुनर्स्थापित गर्ने प्रक्रियाको सुरुवातको रूपमा चित्रण गरेका छन्



● राफेल रसिद

(सियोलमा बसेर फ्रिलान्सिङ पत्रकारिता गर्ने रसिदको 'द कोरिया ह्वी रिफ्युज टु सी' पुस्तक प्रकाशित छ)



अब हुने निर्वाचनबाट चुनिने राष्ट्रपतिले देशमा गहिरिएको राजनीतिक विभाजन पुर्ने र युनले कमजोर पारेका लोकतान्त्रिक संस्थामाथि आमविश्वास पुनर्निर्माण गर्ने कठिन कामको सामना गर्नुपर्नेछ ।

लामो र कुनै वेला असहनीय लाग्ने पर्खाइपछि अन्ततः दक्षिण कोरियाको संवैधानिक अदालतले गत शुक्रबार युन सुक येओललाई राष्ट्रपति पदबाट हटाउने आदेश दियो । युनको महाभियोग मुद्दामा संवैधानिक अदालतका प्रधानन्यायाधीश मुन ह्युङ-बाईले २२ मिनेट लामो फैसला पढेर सुनाउँदा लार्खौं दक्षिण कोरियाली सास रोकेर पर्खिएका थिए । फैसलामा युनको कार्य 'लोकतन्त्रमाथि गम्भीर चुनौती' भएको उल्लेख गर्दै 'जनताको विश्वासमाथि गम्भीर विश्वासघात' भएको उल्लेख गरिएको थियो । फैसलाको अन्त्यमा जसै मुनले 'प्रतिवादी राष्ट्रपति युन सुक येओललाई पदबाट हटाइएको छ' भने बाहिरको भिडले तालीले निर्णयको स्वागत गऱ्यो । निर्णयले लोकतन्त्रमाथिको जनताको विश्वास पुनर्स्थापित गरेको धेरैले व्याख्या गरेका छन् ।

गत डिसेम्बरमा येओलले 'मार्सल ल' घोषणा गरेपछि उनीमाथि संसद्ले महाभियोगको अभियोग पास गरेको थियो । युनले 'मार्सल ल' घोषणा गरेपछि दक्षिण कोरियामा सन् १९८० को दशकको अन्त्यमा दक्षिण कोरिया प्रजातन्त्रको पुनर्स्थापनापछि सबैभन्दा खराब राजनीतिक संकट उत्पन्न भएको थियो । संसद्को महाभियोगको प्रस्तावलाई संवैधानिक अदालतले अनुमोदन गनुपर्ने संवैधानिक प्रावधानअनुरूप पछिल्लो निर्णय भएको थियो । फैसलाको ६० दिनभित्र अब नयाँ राष्ट्रपतिका लागि निर्वाचन गर्नुपर्ने हुन्छ । अब कार्यवाहक राष्ट्रपति हान डक-सुले निर्णयको १० दिनभित्र चुनावी मिति घोषणा गर्नुपर्नेछ ।

राजनीतिक दलहरू उम्मेदवार छनोटको दौडमा लागिसकेका छन् । मतसर्वेक्षणमा डेमोक्र्याटिक पार्टीका नेता ली जे-म्युङ अगाडि देखिन्छन् । कन्जर्भेटिभ पिपुल पावर पार्टीको काँधमा युनको असफल सरकारसँग जोडिएको कलंक नलागेको उम्मेदवार छनोट गर्नुपर्ने परीक्षा छ । डिसेम्बरमा नेसनल एसेम्ब्लीको पहिलो महाभियोग मतदानमा पार्टीलाई युनबाट दूरी देखाउने अवसर थियो । तर, पार्टीका सांसदहरूले मतदान बहिष्कार गर्दै आफ्ना संघर्षरत नेताप्रतिको समर्थन दोहोऱ्याए । त्यसपछि तिनले 'नेसनल एसेम्ब्ली'का लागि भएकालगायत अघिल्ला चुनावमा धाँधली भएको मुनको आरोपलाई जोडतोडका साथ प्रचार गर्न थाले । यो 'षड्यन्त्र सिद्धान्त' युनका समर्थकमाझ यति लोकप्रिय भयो कि उनीहरू 'चोरी रोकौं' जस्तो ट्रम्प-शैलीका नारा लगाउँदै सडकमा उत्रिए ।

विश्लेषकहरूका अनुसार युनले चर्को भाषामार्फत पहिले नै ध्रुवीकृत देशमा राजनीतिक विभाजनलाई थप गहिरो बनादिएका छन् । उनले आफ्ना विरोधीहरूलाई 'उत्तर कोरियाको समर्थक, राज्यविरोधी शक्ति' भन्दै शीतयुद्धकालीन भाषा प्रयोग गर्न थालेका थिए । अब आगामी चुनावपछि जो राष्ट्रपति बने पनि तिनले यस विभाजनलाई घटाउने र युनले कमजोर पारेका लोकतान्त्रिक संस्थाहरूमाथि विश्वास पुनर्निर्माण गर्ने कठिन कामको सामना गर्नुपर्छ । सन् २०२२ को राष्ट्रपतीय चुनावमा उदारवादी प्रतिद्वन्द्वी लीलाई अत्यन्त झिनो अन्तरले हराएका युनलाई सुरुमा एक दृढ र बलियो इच्छाशक्ति भएको नेताको रूपमा प्रशंसा गरिएको थियो । तर, पछि तिनै गुण उनको पतनको कारण बन्यो । उनी सम्झौता गर्न तयार नहुने र आलोचनालाई बिल्कुल नसहने नेताका रूपमा बदनाम भएका छन् । यही कारण कन्जर्भेटिभ पपुलिस्टको छवि बनाएका युनको पाँचवर्षे शासन तीन वर्षमै टुंगियो । सन् २०१७ मा तत्कालीन राष्ट्रपति पार्क ग्युन-हेविरुद्धको महाभियोग मुद्दाको नेतृत्व गरेका वरिष्ठ अभियोजक युन आफैं पनि महाभियोगबाट फालिए । विपक्षी दलको बहुमत रहेको नेसनल एसेम्ब्लीबाट बजेट र प्रमुख नीतिहरू कार्यान्वयन गर्न संघर्ष गर्दै गर्दा युनमा चिडचिडाहट बढ्दै गएको देखिन्थ्यो । उनले आक्रोशलाई आफ्नो आलोचना गर्ने पत्रकारहरू, हडतालमा उत्रिएका डाक्टरप्रति लक्षित गरे । प्रथम महिला किम किओन ही जोडिएको भ्रष्टाचार मुद्दामाथिको अनुसन्धान प्रयासलाई अवरुद्ध गरिदिएका युनले विपक्षी सांसदहरूलाई कम्युनिस्ट उत्तर कोरियासँग मिलेका 'अपराधीहरूको झुण्ड'को संज्ञा दिए ।

मानव अधिकारकर्मीले शुक्रबारको फैसलाको स्वागत गरेका छन् । एक विज्ञप्तिमा, ह्युमन राइट्स वाचले युनको 'मार्सल ल' घोषणाले 'मानव अधिकार र कानुनको शासनका लागि गम्भीर खतरा' खडा गरेको बताएको छ । 'यदि मार्सल ल कायम राखिएको भए दक्षिण कोरियालीले जथाभावी गिरफ्तारी र थुनाको जोखिम सामना गर्नुपर्थ्यो । साथै, तिनको अभिव्यक्ति र भेला हुने स्वतन्त्रतामा गम्भीर प्रतिबन्ध लाग्ने थियो । अन्य मानव अधिकार उल्लंघनका घटना बढ्थे । संवैधानिक अदालतको फैसला मानव अधिकार संरक्षण र लोकतान्त्रिक मूल्यलाई कायम राख्ने सन्दर्भमा एक निर्णायक कदमका रूपमा आएको छ,' ह्युमन राइट्स वाचले फैसलापछि एक विज्ञप्ति जारी गर्दै भनेको छ ।


केहीले युनको बर्खास्तीलाई दक्षिण कोरियामा उदार लोकतन्त्रप्रति जनताको विश्वास पुनर्स्थापित गर्ने प्रक्रियाको सुरुवातको रूपमा चित्रण गरेका छन् । सियोलमा रहेको इवा विश्वविद्यालयका प्राध्यापक लेइफ-एरिक एस्लीले अदालतको फैसलाले 'अनिश्चितताको प्रमुख स्रोत हटाएको' बताए । 'अब नयाँ आउने सरकारले उत्तर कोरियाको सैन्य धम्की, चीनको कूटनीतिक दबाब र ट्रम्पको व्यापार शुल्कलाई कसरी सम्बोधन गर्ने भन्ने देशका प्रमुख चुनौतीमा ध्यान दिन सक्नेछ,' एस्लीले भने । यही भावना फैसलाको प्रत्यक्ष प्रसारण हेर्न सार्वजनिक स्थलमा भेला भएका युन विरोधी प्रदर्शनकारीले साझा गरेका थिए ।

जब युनलाई बर्खास्त गर्ने घोषणा गरियो उनीहरू खुसीले नाचे । केही खुसीले रोइरहेका देखिन्थे । 'बर्खास्तको घोषणा गरिएपछि यति ठुलो खुसीको आवाज आयो कि च्यालीको नाराजस्तो महसुस भएको थियो,' २५ वर्षीय प्रदर्शनकारी किम मिन-जीले भनिन्, 'नागरिकले जितेको अवसरमा हामीले खुसीको आँसु बगायौं !' युनमाथि राज्यद्रोहको आरोपमा छुट्टै फौजदारी मुद्दा पनि चलिरहेको छ, जसमा दोषी पाइए आजीवन कारावास वा मृत्युदण्डको सजाय हुन्छ ।

राष्ट्रपति युन बर्खास्त गरिए पनि यो प्रकरण पूरै टुंगोमा पुगेको छैन । पछिल्लो चार महिनामा युनको पक्ष र विपक्षमा उठेका नाराले कोरियाली राजनीति निकै तित्क बनेको छ । आगामी राष्ट्रपति चुनावमा उम्मेदवार र मतदाताहरूले यी चार महिनाका तित्कतालाई बिर्सिएलान् भन्ने थोरै मात्र विश्वास गर्छन् । 'मानिसहरूले आफ्नो प्रतिकूल हुने चुनावी नतिजा अस्वीकार गर्न थाले भने अर्को पक्षले पनि त्यस्तै गर्न थाल्नेछ,' सियोलस्थित सुडसिल विश्वविद्यालयका प्राध्यापक किम ते-ह्युङले भने, 'यदि त्यो चक्र चलिरह्यो भने लोकतन्त्रमाथिको विश्वास पूर्ण रूपमा नष्ट हुनेछ ।'

- द गार्जियनबाट

मध्य-एसियामा प्रभावका लागि रुस र चीनबिच प्रतिस्पर्धा



रुस युक्रेन हमलामा व्यस्त रहेको र पश्चिमा प्रतिबन्धले सास्ती भोगिरहेको अवस्थामा चीनले भने यस क्षेत्रमा आफ्नो संलग्नतालाई गहिरो बनाउने अवसरलाई सदुपयोग गरेको छ



● दिलनोजा उबैदुल्लाएभा

उबैदुल्लाएभा अस्ट्रेलियाको फ्लिन्डर्स विश्वविद्यालयकी लेक्चरर हुन् ।

सम्भावित युद्धविराम सम्झौतामा युक्रेनमा आफ्नो क्षेत्रीय लाभलाई सुदृढ पार्न खोज्दै गर्दा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको एउटा आँखा रुसको दक्षिणी सिमानामा केन्द्रित छ भने अर्को दृष्टि मध्य-एसियामा रुसी प्रभाव कसरी बढाउने भन्नेतर्फ लक्षित छ । सन् २०२४ मा रुसको राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि पुटिनले चीन र बेलारुसपछि उज्बेकिस्तानको तेस्रो विदेश भ्रमण गरे । यो भ्रमणले मस्कोको लागि यस क्षेत्रको निरन्तर महत्त्वलाईसंकेत गऱ्यो । युक्रेन युद्धलाई लिएर मस्कोमाथि पश्चिमा प्रतिबन्धको प्रतिक्रियामा रुस र मध्य-एसियाली देशबिचको व्यापार र लगानी उल्लेखनीय रूपमा बढेको छ ।

रुसको लुकोइल र ग्याजप्रोमजस्ता चर्चित र प्रतिष्ठित कम्पनी अब उज्बेकिस्तानको ऊर्जा क्षेत्रका मुख्य विदेशी खेलाडी हुन् । काजाकिस्तानमा मस्कोले देशको युरेनियम उत्पादनको एकचौथाइ नियन्त्रण गर्छ । तर, रुसले यस क्षेत्रमा आफ्नो भूमिकालाई पुनः पुष्टि गर्ने प्रयास गर्दा चीनले पनि चुपचाप आफ्नो प्रभाव विस्तार गरिरहेको छ । के मध्य-एसियामा देखिएको यस्तो बढ्दो प्रतिस्पर्धाले बेइजिङ र मस्कोको बृहत् सम्बन्धलाई असर गर्न सक्छ ?

मध्य-एसियाली क्षेत्र पाँच राष्ट्रमा फैलिएको करिब सात करोड ९० लाख मानिसको साझा घर हो । सन् १९९१ मा यसको पतन हुनुअघि यो सोभियत संघको हिस्सा थियो । मध्यपूर्वको प्रवेशद्वारका रूपमा रुस र चीनबिच रहेको रणनीतिक स्थानले यसलाई लामो समयदेखि महाशक्ति राजनीतिका लागि 'महान् चेसबोर्ड' बनाएको छ ।

रुसले परम्परागत रूपमा यस क्षेत्रमा प्रभुत्व जमाएको भए पनि मध्य-एसियाली नेताले भने पछिल्लो समयमा मस्कोबाट आफूलाई केही हदसम्म टाढा राख्ने प्रयत्न गरेका छन् । त्यस्तै, सन् २०२३ मा पुटिनको काजाकिस्तान भ्रमणका क्रममा राष्ट्रपति कासिम-जोमार्ट तोकायेभले एक पत्रकार सम्मेलनमा रुसी भाषाको सट्टा कजाख भाषामा भाषण दिएर प्रतीकात्मक बयान दिए । यो एउटा दुर्लभ कदम थियो, जसले पुटिनको प्रतिनिधिमण्डललाई अचम्मित पारेको देखिन्थ्यो । अर्को उल्लेखनीय क्षणमा सन् २०२२ मा रुसमा भएको एक आर्थिक मञ्चमा युक्रेनबाट मस्कोले कब्जागरिएका क्षेत्रलाई उल्लेख गर्दै काजाकिस्तानले रुसको 'अर्ध-राज्य'लाई मान्यता नदिने घोषणा गऱ्यो । तैपनि, सबै मध्य-एसियाली राज्य कम्तीमा पनि रुस नेतृत्वको एक संगठनको हिस्सा रहन्छन्, जस्तै- स्वतन्त्र राज्यहरूको राष्ट्रमण्डल, सामूहिक सुरक्षा सन्धि संगठन वा युरेसियन आर्थिक संघ । तीन राष्ट्र (काजाकिस्तान, किर्गिस्तान र ताजिकिस्तान) सामूहिक सुरक्षा सन्धि संगठनमार्फत रुसी सुरक्षा सुनिश्चिततामा निर्भर छन् । र, उनीहरूको रुसमाथिको आर्थिक निर्भरता अझै पनि उल्लेखनीय छ । रुसमा रहेका ६१ लाख आप्रवासीमध्ये सबैभन्दा ठसलो समूह उज्बेकिस्तान, ताजिकिस्तान र किर्गिस्तानबाट आउँछन् । यी तीनै देश आप्रवासी कामदारबाट प्राप्त रेमिट्यान्समा निर्भर छन् ।


रुस युक्रेन हमलामा व्यस्त रहेको र पश्चिमा प्रतिबन्धले सास्ती भोगिरहेको अवस्थामा चीनले भने यस क्षेत्रमा आफ्नो संलग्नतालाई गहिरो बनाउने अवसरलाई सदुपयोग गरेको छ । मध्य-एसियामा बेइजिङको संलग्नता लामो समयदेखि आर्थिक पक्ष रहँदै आएको छ । उदाहरणका लागि सन् २०१३ मा चीनले काजाकिस्तानमा आफ्नो महत्त्वाकांक्षी, विश्वव्यापी बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई) अनावरण गऱ्यो । र, २०२४ सम्ममा ताजिकिस्तानबाहेक सबै मध्य-एसियाली देशको सबैभन्दा ठुलो व्यापारिक साझेदार रुस नभई चीन थियो।तर, पछिल्ला वर्षमा चीनले आर्थिक सम्बन्धभन्दा बाहिर आफ्नो प्रभाव विस्तार गरेको छर बेइजिङले राजनीतिमा आफूलाई एक प्रमुख खेलाडीका रूपमा स्थापित गरेको छ । उदाहरणका लागि सन् २०२३ मा भएको पहिलो चीन-मध्य एसिया शिखर सम्मेलनमा चिनियाँ नेता सी जिनपिङले यस क्षेत्रको सार्वभौमसत्ता, सुरक्षा र क्षेत्रीय अखण्डताका लागि समर्थन गर्ने वाचा गरे । यो परम्परागत रूपमा रुसले खेल्ने भूमिका हो । सीले मध्य-एसियाली राज्यमा हाई प्रोफाइल भ्रमणपनि सम्पन्न गर्दै आएका छन्, जसले यहाँ बेइजिङको बढ्दो रणनीतिक चासोको संकेत गर्छ । यद्यपि, स्थानीय मानिस सचेत देखिन्छन् । जनमत सर्वेक्षणले चीनलाई रुसभन्दा बढी नकारात्मक रूपमा हेरिएको देखाउँछ । धेरै चिनियाँ लगानीमा बनाइएका परियोजनाले आफ्नै कामदार ल्याउँछन्, जसले गर्दा स्थानीयका लागि रोजगारीका अवसर सीमित हुन्छन् र आक्रोश बढ्छ सम्भावित 'ऋण पासो' कूटनीतिबारे पनि चिन्ता छ । नागरिक समाज समूहहरूले बेइजिङमाथि अत्यधिक निर्भरताबाट जोगिन आर्थिक विविधीकरणको लागि आह्वान गरेका छन् ।

पश्चिमी चीनको सिनजियाङ क्षेत्रमा मुस्लिम अल्पसंख्यक उइगुर जनसंख्यामाथि बेइजिङको व्यवहारले विषयलाई थप जटिल बनाएको छ । यसले मुस्लिम बाहुल्य रहेको मध्य-एसियामा चीनको दीर्घकालीन मनसायबारे आशंका बढेको छ ।

बढ्दो प्रतिस्पर्धाले मस्को र बेइजिङबिचको फराकिलो 'सीमारहित' सम्बन्धमा सम्भावित प्रभावबारे प्रश्न उठाउँछ । हालैको एक फोरममा पुटिनले यस क्षेत्रमा बेइजिङको बढ्दो आर्थिक भूमिकालाई स्वीकार गरे । यद्यपि, उनले जोड दिए कि रुसको अझै पनि मध्य-एसियाली राज्यसँग 'विशेष सम्बन्ध' छ र त्यसले इतिहासमा गहिरो जरा गाडेको छ । चीनको विस्तारवादी उद्देश्यबारे उत्पन्न चिन्तालाई उल्लेखनीय रूपमा खारेज गर्दै उनले भने, 'चिनियाँ दर्शनमा प्रभुत्वबारे केही छैन । तिनीहरू प्रभुत्वका लागि प्रयास गर्दैनन् ।' तर, धरातलीय रूपमा कुरा त्यति सरल छैन । अहिलेसम्म चीन र रुस एकअर्काको खुट्टामा टेक्नबाट बच्न सफल भएका छन् । तर, त्यो सन्तुलन कति समयसम्म रहन्छ भन्ने यक्ष प्रश्न हो ।

यसैबीच, मध्य एसियाली देशहरूले दुवै पक्षलाई प्रभाव पारिरहेका छन् र दुई शक्तिभन्दा बाहिरको सम्बन्धलाई विविधीकरण गरिरहेका छन् । यस क्षेत्रका धेरै शिक्षित सम्भ्रान्त वर्गले रुसी र चिनियाँ प्रभुत्वको विकल्पको रूपमा टर्की रटर्कीभाषी एकतालाई बढ्दो रूपमा हेरिरहेका छन् । मध्य-एसियामा रुसको ऐतिहासिक प्रभाव बलियो छ । तर, बेइजिङको निर्विवाद प्रभुत्वका दिन भने अब सकिएको देखिन्छ । रुसले आफ्नो प्रभुत्व स्थिति पुनर्स्थापित गर्ने प्रयास गर्न सक्छ, तर चीनको बढ्दो आर्थिक उपस्थिति कतै जाँदैनादुवै देशले आ-आफ्नै क्षेत्रीय एजेन्डा अघि बढाइरहेका वेला, एक-अर्काको समानता रप्रतिस्पर्धी स्वार्थका कारण भविष्यमा हुने टकरावको सम्भावनालाई बेवास्ता गर्न गाह्रो छ ।

इतिहासमा आज



सन् १८१५ : इन्डोनेसियाको माउन्ट ट्याम्बोरामा रेकर्ड राख्न थालेयताको सबैभन्दा ठुलो ज्वालामुखी विस्फोट भयो, जसमा करिब नब्बे हजारसम्मको ज्यान गयो । विस्फोटपछि आकाशमा जम्मा भएको विशाल खरानीले सूर्यको किरण छेक्दा विश्वभर चिसो बढेको थियो ।

सन् १७१० : बौद्धिक सम्पत्तिमाथि संरक्षण प्रदान गर्ने विश्वको पहिलो सर्वाधिकारसम्बन्धी कानुन 'स्ट्याचुट अफ एन' बेलायतमा जारी भयो ।

सन् १९१२ : टाइटानिक जहाजले आजकै दिन साउथएम्पटनबाट पहिलो (र, अन्तिम) यात्रा सुरु गऱ्यो ।

सन् १९१५ : नर्वेले 'कास्टबरगियन बाल कानुन' पारित गर्दै विश्वमा पहिलोपटक विवाहेतर सम्बन्धबाट जन्मिएका बालबालिकाको सुरक्षा प्रदान गऱ्यो ।

सन् १९८८ : नर्दन आयरल्यान्ड सम्बन्धमा आइरिस सरकार र ब्रिटिस सरकारबिच गुड फ्राइडे सम्झौतामा (बेलफास्ट सम्झौता पनि भनिने) हस्ताक्षर ।

सन् १९९६ : अस्ट्रेलियाको ब्यारो आइल्यान्डमा आएको हुरीको गति ४०८ किमि मापन भयो, जुन हालसम्म रेकर्ड भएको सबैभन्दा तीव्र गतिको हुरी हो ।

सन् २०१९ : ब्ल्याक होल (कालो छिद्र)को पहिलो तस्बिर सार्वजनिक गरियो । 'इभेन्ट होराइजन टेलिस्कप (इएचटी)' सहकार्यले सार्वजनिक गरेको तस्बिर एम ८७ तारापुञ्चको केन्द्रमा रहेको कालो छिद्रको थियो ।

अमेरिकाको १०४ प्रतिशत भन्सारको जवाफमा चीनले लगायो ८४ प्रतिशत

बेइजिङ / चीनले सबै अमेरिकी सामानको आयातमा ८४ प्रतिशत नयाँ भन्सार कर लगाउने घोषणा गरेको छ । यस घोषणाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सुरु गरेको व्यापार युद्ध थप बढ्नुका साथै विश्वव्यापी सेयर बजार थप प्रभावित बनेको छ ।

चिनियाँ अर्थ मन्त्रालयले बिहीबारदेखि चीन भित्रिने अमेरिकी सामानमा ८४ प्रतिशत भन्सार कर लाग्ने घोषणा गऱ्यो । यसअघि उसले यो दर ३४ प्रतिशत तोकेको थियो । ट्रम्पले चिनियाँ आयातमाथिको कर १०४ प्रतिशत पुऱ्याउने निर्णय गरेको केही घण्टापछि चीनले पनि भन्सार बढाउने निर्णय गरेको हो । चीनको जवाफी कदमले बुधबार सेयर बजारमा थप गिरावट ल्यायो । अमेरिका, बेलायत, जर्मनी, फ्रान्स र स्पेनका प्रमुख सेयर बजारका सूचकांक खस्किएका छन् ।

८४ प्रतिशत भन्सार घोषणा गर्नुअघि चीन सरकारले आफूले व्यापार युद्ध लड्न नचाहेको बताएको थियो । तथापि, बेइजिङले 'चिनियाँ जनताको वैध अधिकार र हितलाई क्षति पुऱ्याएको चुपचाप हेरेर नबस्ने' चेतावनी दिएको थियो । अमेरिका सबै देशका आयातमाथि लगाएको न्यूनतम १० प्रतिशत भन्सार दर अप्रिल ५ मै लागू भइसकेको छ । त्यस वेलादेखि नै विश्वभर मन्दीको डर उत्पन्न भएको छ । यही डरका कारण तेलको मूल्यमा समेत गिरावट देखिएको छ । बुधबार लगातार पाँचौं दिन तेलको मूल्य घट्यो ।

उता, ट्रम्प भने आफ्नो नीतिले विदेश गएका अमेरिकी कम्पनी अमेरिकामा फर्किन बाध्य हुने र देशको कमजोर उत्पादन पुनर्जीवित हुने विश्वास गरेर बसेका छन् । तर, अधिकांश व्यापार विज्ञ र अर्थशास्त्रीले भने भन्सार वृद्धिले आमउपभोग्य वस्तुको मूल्य बढ्ने र उच्च मुद्रास्फीति आउने चेतावनी दिएका छन् ।

Tarakeshwor Municipality
Office of The Municipal Executive
Dharmasthali, Kathmandu
Bagmati Province, Nepal

Invitation for Bids

(Date of First Publication: 2081/12/28 (10th April, 2025))

1. **Tarakeshwor Municipality, Office of the Municipal Executive** invites electronic bids from eligible bidders for the procurement of following works (described on the table) under National Competitive Bidding procedures specified in public Procurement Act and Regulations.

Contract no./ID	*Description of Works*	*Total Estimated Amt (With VAT) Nrs.*	*Bid Security Amt (Nrs.)*	*Bid validity / bid security/ period*	*Bid Document Fee (Nrs.)*
TARA/45/ NCB/081-082	Construction works of Krishi Bazar Purbadhar Nirman tatha Nirantarta	98,32,941.98	1,50,000	90/120 days	3,000

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document in the following specified bank.

Information of bank account

i. Name of the Bank : NIC Asia Bank Manamaiju, Kathmandu
ii. Name of Office : Tarakeshwor Nagarpalika Office
iii. Rajaswa Khata No : 0172050029446002
iv. Dharauti Khata no : 17CA501509524006

3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before ***2082/01/27(10th May, 2025)*** 12:00 hours.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2082/01/27(10th May, 2025)*** 13:00 hours at the office of Tarakeshwor Municipality, Dharmasthali, Kathmandu Tarakeshwor,Kathmandu, Nepal.
5. For more information, contact at **9851263111, 9841423004**.

Chief Administrative Officer

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २८ चैत ०८१

९ महिनायताकै न्यून विन्दुमा महँगीदर

फागुनमा काठमाडौं उपत्यकाको मुद्रास्फीति ३.२५ प्रतिशत, तराईको ३.७७ प्रतिशत, पहाडको ३.७२ प्रतिशत र हिमालको ४.७७ प्रतिशत

पवन तिमिल्सिना/नयाँ पत्रिका



मुद्रास्फीति (महँगीदर) विगत नौ महिनायताकै न्यून विन्दुमा पुगेको छ। नेपाल राष्ट्र बैंकको चालू आर्थिक वर्ष ०८१/८२ को आठ महिनाको तथ्यांकमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिअनुसार फागुनमा मुद्रास्फीति ३.७५ प्रतिशत रहेको छ। यसअघि आव ०८०/८१ को असारमा मुद्रास्फीति ३.५७ प्रतिशत थियो। गत आर्थिक वर्षको फागुनमा मुद्रास्फीति ४.८२ प्रतिशत थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.३४ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.९७ प्रतिशत छ।

फागुनमा खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यु तथा तेल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १३.७४ प्रतिशत, दाल तथा गेडागुडीको ७.८० प्रतिशत, फलफूलको ६.८२ प्रतिशत र गैरमदिराजन्य पेय पदार्थको ५.१५ प्रतिशतले बढेको छ भने मरमसला उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक ५.१७ प्रतिशत, तरकारीको १.२४ प्रतिशत र माछा तथा मासुको ०.७४ प्रतिशतले घटेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकांक १०.१४ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ७.०१ प्रतिशत, मदिराजन्य पेय पदार्थको ६.०७ प्रतिशत, फर्निसिङ तथा घरायसी उपकरणको ५.५९ प्रतिशत र यातायातको ५.०७ प्रतिशतले बढेको छ।

फागुनमा ग्रामीण क्षेत्रको उपभोक्ता मूल्य सूचकांक ४.१८ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको यस्तो सूचकांक ३.६ प्रतिशतले बढेको छ। प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.६८ प्रतिशत, मधेश प्रदेशको ३.५२ प्रतिशत, बागमती प्रदेशको २.९८ प्रतिशत, गण्डकी प्रदेशको २.७७ प्रतिशत, लुम्बिनी प्रदेशको ३.७७ प्रतिशत, कर्णाली प्रदेशको ३.८० प्रतिशत र सुदूरपश्चिम प्रदेशको ४.४१ प्रतिशत छ। यो महिनामा काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ३.२५ प्रतिशत, तराईको ३.७७ प्रतिशत, पहाडको ३.७२ प्रतिशत र हिमालको ४.७७ प्रतिशत छ।

चालू खाता बढ्दा शोधनान्तर बचत घट्यो

अर्थतन्त्रका बाह्य क्षेत्रका सूचक धनात्मक देखिएका छन्। आठ महिनामा चालू खाता एक खर्ब ८० अर्ब आठ करोडले बचतमा छ। गत आवको सोही अवधिमा चालू खाता एक खर्ब ६७ अर्ब ४५ करोडले बचतमा थियो।

त्यस्तै, शोधनान्तर स्थिति तीन खर्ब १० अर्ब ३७ करोडले बचतमा छ। गत आवको सोही अवधिमा शोधनान्तर स्थिति तीन खर्ब २७ अर्ब ५५ करोडले बचतमा थियो। चालू आवको आठ महिनामा आठ अर्ब ४९ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ। गत आवको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी पाँच अर्ब ६३ करोड थियो।

सेवा आय घाटा बढ्यो

आठ महिनामा खुद सेवा आय भने घाटामा छ। समीक्षा अवधिमा खुद सेवा आय ७५ अर्ब १३ करोडले घाटामा छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय ४३ अर्ब ६३ करोडले घाटामा थियो।

सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय ९.७ प्रतिशतले वृद्धि भएको छ। अर्थात्, यस अवधिमा भ्रमण आम्दानी ५६ अर्ब ७० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ५१ अर्ब ६९ करोड थियो।

तर, भ्रमण आम्दानीको तुलनामा भ्रमण खर्च बढी भएकाले खुद सेवा आय घाटामा गएको हो। भ्रमण खर्च २०.६ प्रतिशतले वृद्धि भई एक खर्ब ४८ अर्ब ११ करोड पुगेको छ। यसमध्ये उच्च शिक्षा हासिल गर्न बिदेसिने नेपालीले ८८ अर्ब ९८ करोड खर्च गरेको छ। गत आर्थिक वर्षको सोही अवधिमा भ्रमण खर्च एक खर्ब २२ अर्ब ८१ करोड रहेकोमा शिक्षातर्फको खर्च ८० अर्ब १४ करोड थियो।

१४.३ महिनाको आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति

चालू आर्थिक वर्ष ०८१/८२ को आठ महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १७.२ महिनाको वस्तु आयात र १४.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। ०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति १८ प्रतिशतले बढेर २४ खर्ब नौ अर्ब २५ करोड पुगेको छ। कुल वस्तु निर्यात ५७.२ प्रतिशतले वृद्धि भएको छ। यो अवधिमा एक खर्ब ५८ अर्ब १७ करोड पुगेको छ। कुल वस्तु आयात ११.२ प्रतिशतले वृद्धि भई ११ खर्ब ४५ अर्ब ५७ करोड पुगेको छ।

निजी क्षेत्रमा तीन खर्बले बढ्यो कर्जा प्रवाह

बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जा तीन खर्ब चार अर्ब ८२ करोड (६ प्रतिशत)ले बढेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो कर्जा एक खर्ब ९९ अर्ब ५० करोड अर्थात् ४.२ प्रतिशतले बढेको थियो।

प्रमुख आर्थिक सूचकहरू

- मुद्रास्फीति ३.७५ प्रतिशत
- आयात ११.२ प्रतिशत र निर्यात ५७.२ प्रतिशतले बृद्धि
- रेमिट्यान्स नेपाली रुपैयाँमा ९.४ प्रतिशत र अमेरिकी डलरमा ६.९ प्रतिशतले बृद्धि
- शोधनान्तर स्थिति तीन खर्ब १० अर्ब ३७ करोडले बचतमा
- कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा १७ अर्ब २७ करोड
- नेपाल सरकारको खर्च आठ खर्ब ३९ अर्ब ३६ करोड र राजस्व परिचालन सात खर्ब २० अर्ब ३५ करोड
- विस्तृत मुद्राप्रदाय ४.८ प्रतिशतले बृद्धि। वार्षिक बिन्दुगत आधारमा मुद्राप्रदाय ९.९ प्रतिशत बढ्यो
- बैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ४.३ प्रतिशतले र निजी क्षेत्रमा प्रवाहित कर्जा ६ प्रतिशतले बृद्धि
- वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर ९.५ प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर ७.७ प्रतिशत



जिडिपीको ५.५ प्रतिशत आन्तरिक ऋण उठाउन आयोगको सिफारिस

नयाँ पत्रिका

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक ०८२/८३ मा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को ५.५ प्रतिशतको अनुपातमा आन्तरिक ऋण उठाउन सरकारलाई सिफारिस गरेको छ। आगामी आवको लागि जिडिपी अनुमान गर्न भने बाँकी छ। चालू आवमा जिडिपीको आकार भने ६३ खर्ब ७५ अर्ब १६ करोड रुपैयाँ छ।

पहिलो चरणमा जिडिपीको ५ प्रतिशत मात्रै आन्तरिक ऋण उठाउन भनिएको छ। त्यो ऋण उपयुक्त देखिएका परियोजना कार्यान्वयनमा खर्च गर्नुपर्ने सर्त राखिएको छ। साथै, राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र मध्यमकालीन खर्च संरचनाअन्तर्गतको पहिलो प्राथमिकता प्राप्त आयोजनाका लागि आन्तरिक ऋण उठाउन सकिने आयोगको भनाइ छ। त्यो अवस्थामा बजेट अपुग भएमा थप ०.५ प्रतिशत आन्तरिक ऋण उठाउन सकिने बताइएको छ।

आयोगले चालू आवका लागि पनि यही मोडेलमा जिडिपीको ५.५ प्रतिशत ऋण उठाउन सिफारिस गरेको थियो। त्यसमा जिडिपीको ५.१८ प्रतिशतको अनुपातमा आन्तरिक ऋण उठाउने गरी बजेट ल्याइएको छ। अहिले जिडिपी ६३ खर्ब ७५ अर्ब १६ करोड रुपैयाँ छ। त्यसमा चालू आवमा तीन खर्ब ३० अर्ब रुपैयाँ आन्तरिक ऋण उठाउने लक्ष्य छ। फागुन मसान्तसम्म सरकारले दुई खर्ब ६९ अर्ब १५ करोड रुपैयाँ आन्तरिक ऋण उठाइसकेको छ। त्यसमा अब ६० अर्ब ८४ करोड ५८ लाख रुपैयाँ आन्तरिक ऋण उठाउन सकिने सीमा छ।

अहिले सरकारको कुल आन्तरिक ऋण भने १३ खर्ब १५ अर्ब ५७ करोड रुपैयाँ छ। त्यसमा १३ खर्ब ६० अर्ब ४६ करोड विदेशी ऋण गर्दा सरकारको कुल सार्वजनिक ऋण भने २६ खर्ब ७६ अर्ब तीन करोड रुपैयाँ पुगेको छ।

यसैगरी, आयोगले प्रदेश र स्थानीय तहलाई राजस्व बाँडफाँड र आन्तरिक राजस्वबाट हुने कुल आम्दानीको १२ प्रतिशतको अनुपातमा आन्तरिक ऋण उठाउन सिफारिस गरिएको छ। चालू आवमा पनि प्रदेश र स्थानीय तहलाई यही अनुपातमा ऋण उठाउन भनिएको थियो।

आयोगले आन्तरिक ऋण उठाउने सीमा सम्बन्धमा सुझाव पनि दिएको छ। नाफामूलक आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर बढी भएका सामाजिक क्षेत्रका



आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्ने आयोगको सुझाव छ। 'आयोजनाको लागत लाभ विश्लेषण, खुद वर्तमान मूल्य र आन्तरिक प्रतिफल दरको विश्लेषण गरी प्रचलित पुँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफलदर बढी भएका नाफामूलक आयोजना र आर्थिक आन्तरिक प्रतिफलदर बढी भएका सामाजिक क्षेत्रका आयोजनामा मात्र आन्तरिक ऋणको उपयोग गर्ने,' आयोगले जारी गरेको सूचनामा उल्लेख छ।

यसैगरी, प्रतिफलबाट नै ऋण तिर्न सकिने र पूर्वतयारी पूरा भएका आयोजनामा ऋण परिचालन गर्नुपर्ने आयोगको सुझाव छ। 'ऋण लगानी गरी सञ्चालन हुने क्रमागत आयोजना वा नयाँ आयोजनाको पहिचान, विकास र छनोट गर्दा अन्य विषयका अतिरिक्त आयोजना वा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलबाट ऋण लगानीको साँबा र ब्याज भुक्तानी गर्न सकिने सुनिश्चित गर्ने र उत्पादन वृद्धि, रोजगारी सिर्जना, आय वृद्धि, पूर्वाधार विकास र पुँजी निर्माण हुने खालका पूर्वतयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्ने,' आयोगको सूचनामा उल्लेख छ।

ब्याजको १० प्रतिशत बुझाएर कर्जा पुनर्तालिकीकरण

नयाँ पत्रिका

निर्माण व्यवसायीले बैंक तथा वित्तीय संस्थालाई तिर्नुपर्ने ब्याजको १० प्रतिशत तिरेर कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्न पाउने भएको छ। नेपाल राष्ट्र बैंकले निर्माण व्यवसायीलाई प्रवाह भएको कर्जा पुनर्तालिकीकरण तथा पुनर्संरचना गर्न पाउने सुविधा दिएको छ। बुधबार एक निर्देशक जारी गर्दै केन्द्रीय बैंकले यस्तो सुविधा ल्याएको हो।

सरकारी निकायबाट कामको भुक्तानी हुन नसकेकाले बैंकको साँवाब्याज भुक्तानी गर्न असहज भएको भन्दै निर्माण व्यवसायीले पुनर्तालिकीकरण तथा पुनर्संरचनाको सुविधा माग गर्दै आएका थिए। त्यस्तै, बैंक तथा वित्तीय संस्थाले पनि कर्जा असुली प्रभावित भएको भन्दै यस्तो सुविधा दिनुपर्ने माग राखेको थियो। तर, केन्द्रीय बैंकले मंसियरता यस्तो सुविधा अघि बढाएको थिएन।

सार्वजनिक निकायबाट स्रोत सुनिश्चित भई परियोजनाको निर्माण कार्य सम्पन्न भएको वा निर्माण कार्य भइरहेको, तर भुक्तानी प्राप्त हुन बाँकी रहेका निर्माण व्यवसायीलाई प्रवाह भएको निर्माण व्यवसायसँग सम्बन्धित कर्जाको हकमा यो सुविधा लागू हुने केन्द्रीय बैंकले जनाएको छ। ऋणीको अनुरोधमा नगदप्रवाह विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुलउपर गरी यो सुविधा दिन सकिने भएको हो।

केन्द्रीय बैंकले यस्तो पुनर्तालिकीकरण वा पुनर्संरचना ०८२ असार मसान्तभित्र गरिसक्नुपर्ने बताएको छ। यसरी पुनर्तालिकीकरण वा पुनर्संरचना गरिएको कर्जालाई ०८१ मंसिर मसान्तमा जुन वर्गमा वर्गीकृत गरिएको थियो, कम्तीमा सोही वर्गमा वर्गीकरण गर्नुपर्ने भनिएको छ। साथै, त्यस्तो कर्जामा उक्त अवधिको पेनाल ब्याज लिन पाइने पनि निर्देशनमा उल्लेख छ।

पुनर्तालिकीकरण वा पुनर्संरचना गरिएका कर्जामा ५ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने उल्लेख छ। तर, यसअघि गरिएको कर्जा नोक्सानी व्यवस्था राइटअप गर्न नपाइने उल्लेख छ। निर्माण व्यवसायीले पनि सार्वजनिक निकायबाट भुक्तानी प्राप्त हुन बाँकी रहेको कागजात लिएको हुनुपर्ने उल्लेख छ।

विदेशमा बस्ने नेपालीलाई बैंकमा खाता खोल्दा परिचयपत्र नचाहिने

विदेशमा बसोवास गरिरहेका नेपाली नागरिकले विदेशमै बसी अनलाइनमार्फत बैंक तथा वित्तीय संस्थामा खाता खोल्दा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य नहुने भएको छ। यसरी खोलिने खाताका सम्बन्धमा खातावाला नेपाल फर्किएको ३५ दिनभित्र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले राष्ट्रिय परिचयपत्रको विवरण लिई अद्यावधिक गर्नुपर्ने उल्लेख छ। साथै, आफ्नो हेरचाह आफैं गर्न नसक्ने, असक्त, असहाय नागरिकले राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचयपत्र नम्बरबाहेकका अन्य आवश्यक कागजात संलग्न गरेरसमेत बैंक खाता खोल्न र कारोबार गर्न सक्ने उल्लेख छ

कोशी प्रदेशका व्यवसायीले दिए बजेटमा सुझाव

काठमाडौं/ आगामी आर्थिक वर्षको बजेटमा उद्योग-व्यवसाय क्षेत्रको उत्थानका लागि समेट्नुपर्ने विषयका बारेमा कोशी प्रदेशका व्यवसायीहरूले अर्थमन्त्री विष्णु पौडेललाई सुझाव पेस गरेका छन्। उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुराना, मोरङ उद्योग व्यापार संघका अध्यक्ष अनुपम राठी र सुनसरी उद्योग वाणिज्य संघका अध्यक्ष विजय श्रेष्ठसहितको प्रतिनिधिमण्डलले व्यावसायिक क्षेत्रले भोग्दै आएका समस्यालाई गम्भीरतापूर्वक लिँदै आगामी बजेटमा सम्बोधन गर्न अर्थमन्त्रीलाई आग्रह गरेका हुन्।

संगठनका अध्यक्ष सुरानाले उद्योग प्रतिष्ठानले अहिले ६ देखि ८ घण्टासम्मको लोडसेडिङ भोग्दै आएकाले प्रसारणलाइनजस्ता पूर्वाधारमा लगानी विस्तार गर्न र जलाशययुक्त आयोजनामा सम्पूर्ण लगानी फोकस गर्न अनुरोध गरे। 'व्यावसायिक विश्वासको वातावरण बनाउन राज्यले उद्योगी व्यवसायीहरूलाई भुक्तानी गर्नुपर्ने छुट सहुलियत, निर्यात अनुदानजस्ता रकम विलम्ब नगरी भुक्तानी गर्नुपर्छ,' उनले भने, 'साथै, नीतिगत स्थिरता कायम गर्न, खुला सिमाना नियमन गर्न, र उधारो कारोबारको नियमन र व्यवस्थापनका लागि स्पष्ट कानुन ल्याउनुपर्छ।' अध्यक्ष सुरानाले कतिपय उद्योगको कच्चा पदार्थ र तयारी वस्तुबिच भन्सारदरको फरक तीन तहको रहेको र कतिपयमा एक तह रहेको बताउँदै सबै प्रकृतिको उद्योगलाई एकै प्रकारको दर कायम गर्न अनुरोध गरे। यस्तै, मोरङ उद्योग व्यापार संघका अध्यक्ष राठीले अहिलेको आर्थिक सुस्तता, निराशालाई सम्बोधन गर्ने गरी आगामी बजेट निर्माण गर्न अर्थमन्त्रीसमक्ष आग्रह गरे।

४.४ प्रतिशतको आर्थिक वृद्धि हुने एडिबीको अनुमान

काठमाडौं/ एसियाली विकास बैंक (एडिबी)ले चालू आर्थिक वर्ष ०८१/८२ मा ४.४ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गरेको छ। एडिबीले बुधबार एसियन डेभलपमेन्ट आउटलुक सार्वजनिक गरेको छ। जसअनुसार चालू आवमा ४.४ प्रतिशत र आगामी आर्थिक वर्ष ०८२/८३ मा ५ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान प्रक्षेपण छ। कृषि मन्त्रालयले चालू आवमा धानको उत्पादन ४ प्रतिशतले बढ्ने अनुमान गरेको छ। औसतभन्दा बढी मनसुन, रासायनिक मलको उपलब्धता र बिउबिजनको उपलब्धताले आर्थिक वृद्धिलाई टेवा पुग्ने देखिन्छ। यद्यपि, पर्याप्त हिउँदे वर्षा नहुँदा हिउँदेबाली फस्टाउन सक्ने भएकाले समग्रमा कृषि क्षेत्रको वृद्धिदर २.८ प्रतिशतमा सीमित रहने अनुमान छ।

इन्धन र कच्चा पदार्थको मूल्य स्थिर रहेको, तरलता वृद्धि र ब्याजदर घटेकाले उत्पादन र निर्माण क्षेत्रमा सुधार आउने अनुमान छ।

चालू आर्थिक वर्षमा औसत मुद्रास्फीति ५.२ प्रतिशतमा सीमित रहने अनुमान छ। अन्तर्राष्ट्रिय कच्चा तेलमा गिरावट र भारतमा न्यून मुद्रास्फीतिले नेपालमा मुद्रास्फीति न्यून रहने अनुमान छ। आगामी आर्थिक वर्ष ०८२/८३ मा मुद्रास्फीति ५ प्रतिशत कायम रहने प्रक्षेपण छ।

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
Roads Division Damak

Invitation of Bid

Notice Number: 11-081/82
(Date of Publication :- 2081-12-28 (10th Apr 2025)

1. The Roads Division Damak invites electronic bids under e-procurement system from duly registered eligible national bidders for the following works.

S. N.	Contract ID	Description and Location of work	Average Annual Construction TurnoverNRS, Millions	Specific Experience Requirements	Bid Capacity NRS, Million	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Validity Period / Bid Security Validity Period	Remarks
1	RD-DMK/ 33701169-4/ 2081/082-75	Blacktop and related structural works along Padajungi Gauradaha Gaurigunj Altabari Road, Jhapa	76 .00	As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document	42.00	5,000.00	13,50,000.00	90 days / 120 days	Re-tender

2. **Details of Bid**

Last date of Submission	Date of Technical Bid Opening	Pre-bid meeting
2082-01-12 (25th Apr 2025) Time:- 12:00 hrs	2082-01-12 (25th Apr 2025) Time:- 12:15 hrs	2082-01-03 (16th Apr 2025) Time:- 11:00 hrs

3. **Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)**

Name of Bank	Account Name	Deposit Account No.
Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa	Ko. Le. Ni. Ka. Jhapa	2210100102030000

4. **Information to Purchase the Bidding Document**

Name of the Bank	Name of the Office	Office Code No.	Office Revenue Account No.	Office Revenue Head No.
Rastriya Banijya Bank Ltd, Damak, Jhapa	Road Division Damak, Jhapa	337011201	1000200010000	14229

5. **Eligible Bidders are advised to visit the PPMO's website https://bolpatra.gov.np/egp for further details.**
6. **Roads Division Damak reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.**

Division Chief

एआईको उपयोग गर्दै उत्पादकत्व बढाउन प्रधानमन्त्रीको आग्रह

काठमाडौं/ प्रधानमन्त्री केपी ओलीले कृत्रिम बौद्धिकता (एआई)को सदुपयोग गर्दै उत्पादन र उत्पादकत्व वृद्धिमा लाग्न निजी क्षेत्रलाई आह्वान गरेका छन्। नेपाल चेम्बर अफ कमर्सको ७४औं वार्षिक साधारणसाभालाई सम्बोधन गर्दै उनले प्रविधिको प्रयोगसहित प्रतिस्पर्धी र रचनात्मक उद्योग व्यवसाय गर्नुपर्नेमा जोड दिएका हुन्।



देशमा राजनीतिक स्थिरता आइसकेको औंल्याउँदै प्रधानमन्त्री ओलीले आर्थिक विकासका लागि ढुक्क भएर लगानी गर्न आग्रह गरे। 'कसैलाई गालीगलौज, बदनाम र भ्रम सिर्जना गर्न सूचना र प्रविधिको प्रयोग गर्नुहुँदैन,' उनले भने, 'मानिसलाई सहज रूपमा सेवा-सुविधा दिनका लागि सूचना प्रविधिको प्रयोग गरिनुपर्छ।'

प्रधानमन्त्री ओलीले निजी क्षेत्रको विकासका लागि सरकारले गर्नुपर्ने कुरामा कुनै कमी नहुने स्पष्ट पारे। 'देशमा उद्योग व्यवसाय फस्टाउने सवालमा हामी सधैं पवित्र र निकट सम्बन्ध राखेर सहकार्य गर्नेछौं' उनले भने, 'यो निकट सम्बन्ध कुनै कमिसनका लागि अवश्य होइन, देश बनाउने सवालमा हो।' उनले सुशासन र विकासका सवालमा कुनै पनि सम्झौता नहुने स्पष्ट पारे। 'स्थिरता ल्याउन ठुला पार्टीहरू मिलेर सरकार बनेको छ, आगामी निर्वाचनसम्म र त्यसपछि पनि यो सिलसिला कायम रहन्छ, तपाईंहरू ढुक्क भएर लगानी गर्नुस्, देशको विकासका योगदान गर्नुस्,' उनले भने।

चेम्बरका अध्यक्ष कमलेश कुमार अग्रवालले रेमिट्यान्सबाट भित्रिने रकमलाई उत्पादनमूलक क्षेत्रमा लगाउने गरी नीतिगत व्यवस्था गर्नुपर्ने बताए। रेमिट्यान्सको करिब ९० प्रतिशत हिस्सा उपभोगमै खर्च भइरहेको सन्दर्भमा अर्थतन्त्रको विस्तारमा योगदान गर्ने गरी उत्पादनमूलक क्षेत्रमा लगानीको वातावरण बनाउनुपर्ने उनको भनाइ थियो। स्थानीय उत्पादनको प्रवर्द्धन एवं निर्यात वृद्धि गरी आयात व्यवस्थापन गर्न अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी केन्द्र स्थापना गर्न आवश्यक रहेको उनले बताए।

'देशलाई आत्मनिर्भर बनाउन अर्थतन्त्रका हरेक क्षेत्रमा उत्पादन र उत्पादकत्व बढ्नु अपरिहार्य छ, आयात व्यवस्थापन र निर्यात प्रवर्द्धनका लागि पनि आन्तरिक उत्पादन बढाउनु अनिवार्य छ,' उनले भने, 'तुलनात्मक लाभ भएका कृषि, जलस्रोत, पर्यटन तथा सूचना प्रविधिको क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी भित्र्याउन आवश्यक छ।' उनले युवाहरूलाई स्वदेशमै रोजगारी सिर्जना गर्ने गरी रणनीतिक योजना बनाइनुपर्नेमा पनि जोड दिए।

बिमा अभिकर्ता पेसामा आबद्ध हुन मेटलाइफ नेपालको आह्वान

नयाँ पत्रिका



मेटलाइफ नेपालले जीवन बिमा क्षेत्रमा करिअर सुरु गर्ने अवसर प्रदान गर्दै अभिकर्ता पेसामा आबद्ध हुन अनुरोध गरेको छ । कम्पनी प्रेरणादायी भिडियो सन्देश जारी गर्दै यो विशेष अभियान सुरु गरेको हो । 'अब सकारात्मक परिवर्तन ल्याउने पालो तपाईंको' भन्ने नारासहित सुरु गरिएको अभियानअन्तर्गत कम्पनीका अभिकर्ताले परिवार, समुदाय, र राष्ट्रको जीवनमा कस्तो सकारात्मक प्रभाव पार्न सक्छन् भन्ने कुरा भिडियोमा देखाइएको छ ।

लाखौं नेपाली वैदेशिक रोजगारीमा गइरहेका वेला कम्पनीको यो अभियानले नेपालमै बसेर पनि अर्थपूर्ण र सम्मानजनक करिअर निर्माण गर्न सकिने सन्देश दिएको छ । 'बिमा अभिकर्ताका रूपमा व्यक्तिले आर्थिक स्वतन्त्रता, व्यावसायिक पहिचान र व्यक्तिगत सन्तुष्टिसहित आफ्नो समुदायमा सकारात्मक प्रभाव पार्न सक्छन् । यो अभियान नेपालीलाई आफ्नै देशमा बसेर भविष्य निर्माण गर्न र आत्मविश्वासपूर्ण जीवन सुनिश्चित गर्ने उद्देश्यसहितको करिअरमा योगदान पुऱ्याउन आह्वान गर्दछ,' कम्पनीले भनेको छ ।

मेटलाइफमा करिअर सुरु गर्ने अभिकर्ताले प्रशस्त अवसर, अन्तर्राष्ट्रियस्तरको बिमा र बित्तीसम्बन्धी तालिम, बहुराष्ट्रिय कार्यसंस्कृतिको अनुभवका साथै निरन्तर सिकाइ तथा विकासको पहुँच पाउने कम्पनीले जनाएको छ । आर्थिक सफलता मात्र नभएर, यस पेसामा एउटा गहिरो जिम्मेवारी पनि हुन्छ- व्यक्ति र परिवारलाई सुरक्षा र आर्थिक सुनिश्चितता प्राप्त गर्नेछन्

सन् १८६८ मा स्थापित मेटलाइफ अमेरिका, जापान, एसिया, युरोप तथा मध्य-एसियालगायत ४० भन्दा बढी सहरमा सेवा दिइरहेको छ । नेपालमा भने सन् २००१ देखि सञ्चालनमा आएको हो । कम्पनीले उपभोक्ता तथा व्यवसायलाई जीवन बिमा, दुर्घटना तथा स्वास्थ्य बिमा, र कर्मचारी लाभ (समूह बिमा)जस्ता सुविधा प्रदान गरिरहेको छ ।

परिसंघद्वारा म्यानमारका भूकम्प प्रभावितलाई राहत वितरण

काठमाडौं/ नेपाल उद्योग परिसंघले म्यानमारमा गएको विनाशकारी भूकम्पबाट प्रभावितलाई राहत सामग्री उपलब्ध गराएको छ । परिसंघले उक्त सामग्री नेपाल सरकारमार्फत म्यानमारलाई उपलब्ध गराएको हो ।



परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले मंगलबार परराष्ट्रमन्त्री डा. आरजु राणा देउवालाई भेटेर राहत सामग्री हस्तान्तरण गरे । परिसंघले चामल, दाल, चिउरा, चाउचाउ, बिस्कुटलगायतका खाद्य सामग्री उपलब्ध गराएको हो । सो अवसरमा परराष्ट्र सचिव अमृतबहादुर राई, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालयका उच्च अधिकारीहरू, परिसंघका महानिर्देशक डा. घनश्याम ओझालगायत उपस्थित थिए ।

गोर्खाज फाइनान्सको कामु सिइओमा न्यौपाने

काठमाडौं/ गोर्खाज फाइनान्सको कायममुकायम प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा दीपक न्यौपाने नियुक्त भएका छन् । फाइनान्सको बुधबार बसेको सञ्चालक समितिको बैठकले अर्को व्यवस्था नहुँदासम्मका लागि न्यौपानेलाई कामु सिइओ नियुक्त गर्ने निर्णय गरेको हो । रिक्त रहेको फाइनान्सको सिइओमा हाल मुकुन्द श्रेष्ठले जिम्मेवारी सम्हाल्दै आएका थिए । उनी पनि अनिवार्य अवकाशमा जाने भएपछि समितिले न्यौपानेलाई उक्त जिम्मेवारी दिएको हो । नवनियुक्त कामु सिइओ न्यौपाने तीन वर्षदेखि वरिष्ठ प्रबन्धक पदमा कार्यरत छन् ।



राष्ट्रिय वाणिज्य बैंकको ऋणपत्र ७ वैशाखदेखि

काठमाडौं/ राष्ट्रिय वाणिज्य बैंकले आगामी ७ वैशाखदेखि ऋणपत्र निष्कासन गर्ने भएको छ । बैंकले दुई अर्ब ५० करोड रुपैयाँबराबरको '७ प्रतिशत आरबिबिएल डिबेन्चर २०८८' ऋणपत्र निष्कासन गर्न लागेको हो । बैंकले प्रतिऋणपत्र एक हजार रुपैयाँमा २५ लाख कित्ता ऋणपत्र जारी गर्न नेपाल धितोपत्र बोर्डबाट चैत १२ गते स्वीकृति पाइसकेको छ । यो ऋणपत्रको अवधि सात वर्षको रहेको छ भने वार्षिक ब्याजदर पनि ७ प्रतिशत नै तोकिएको छ ।

कुल ऋणपत्रमध्ये १५ लाख कित्ता व्यक्तिगत तवरबाट बिक्री गरिनेछ । बाँकी १० लाख कित्तामध्ये ५० हजार कित्ता सामूहिक लगानी कोषलाई छुट्याएर नौ लाख ५० हजार कित्ता सर्वसाधारणलाई बिक्री गरिने बैंकले जनाएको छ । लगानीकर्ताले न्यूनतम २५ कित्ता र अधिकतम सबै कित्ताका लागि आवेदन दिन सक्नेछन् । आवेदन वैशाख १० गतेसम्म दिनुपर्नेछ । १० गतेसम्म पर्याप्त आवेदन नपरेमा म्याद २१ गतेसम्मका लागि लम्बिने बैंकले जनाएको छ । ऋणपत्र निष्कासक तथा बिक्री प्रबन्धकमा सानिमा क्यापिटल लिमिटेड रहेको छ ।

पोखरामा प्रभु बैंकको 'एसएमई एन्ड कन्जुमर बैंकिङ हब गण्डकी'



कास्की/ प्रभु बैंकले पोखरामा 'एसएमई एन्ड कन्जुमर बैंकिङ हब गण्डकी' स्थापना गरेको छ । उद्यमशीलता प्रवर्द्धनमा सहयोग पुऱ्याउनुका साथै वित्तीय पहुँचमा सहजता ल्याउने उद्देश्यसहित बैंकले गण्डकी प्रदेशका लघु तथा मझौला उद्यम (एमएसएमई) र उपभोक्ता वर्गलाई लक्षित गरी उक्त हब स्थापना गरेको हो । हब स्थापनासँगै व्यवसाय तथा परियोजना ऋण, उपभोक्ता ऋण (घर, गाडी, शिक्षा, स्वास्थ्य), वित्तीय परामर्श सेवा, द्रुत तथा प्रभावकारी कागजी प्रक्रियालगायतका सुविधा प्राप्त हुने बताइएको छ ।

बैंकका गण्डकी प्रदेशका प्रमुख प्रदेश अधिकृत राजु रानाले हबको उद्घाटन गर्दै गण्डकीमा ग्राहकलाई थप सशक्त सेवा प्रदान गर्न हब स्थापना गरिएको बताए । हबमार्फत गण्डकी प्रदेशका व्यवसायी तथा उपभोक्ताहरूले लक्षित, छरितो र प्रभावकारी बैंकिङ सेवा प्राप्त गर्न सक्नेछन् । विशेष गरी लघु, साना तथा मझौला उद्यमलाई व्यवसाय विस्तार, नयाँ उद्यम स्थापना तथा सञ्चालनमा आवश्यक पर्ने ऋण सुविधा तथा परामर्श सेवा प्रदान गर्ने रानाको भनाइ छ ।

हबले घर निर्माण, सवारीसाधन खरिद, शिक्षा, स्वास्थ्यलगायतका आवश्यकताका लागि विविध ऋण योजना उपलब्ध गराउनेछ । साथै, वित्तीय समावेशीकरण, रोजगारी सिर्जना र समग्र आर्थिक गतिविधिमा सकारात्मक प्रभाव पार्ने बैंकले जनाएको छ ।

लुम्बिनी विकास बैंक नेपाल पेमा आबद्ध

काठमाडौं/ लुम्बिनी विकास बैंक र एनसिएचएलबिच नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेमा आबद्ध हुनेबारे सम्झौता भएको छ । उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत उमेश रेग्मी तथा एनसिएचएलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत निलेशमान सिंह प्रधानले हस्ताक्षर गरेका हुन् । एनसिएचएलले हालै एनपिएस-एनसिएस पूर्वाधारको तयारी पूरा भएको घोषणा गरेको छ । बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो । त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन् । पूर्वाधारको कमर्सियल रोलआउटपश्चात् यस बैंकका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन् । एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिन लागेको एनसिएचएलले जनाएको छ ।

क्रेस्ट माइक्रो लाइफको सेयर नेप्सेमा सूचीकृत

काठमाडौं/ नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको सेयर सूचीकृत भएको छ । कम्पनीको प्रतिकित्ता १०० रुपैयाँका दरले ७५ लाख कित्ता सेयर बुधबार नेप्सेमा सूचीकृत भएको हो । सूचीकृत भएको दोस्रो कारोबार दिनबाट सेयर कारोबार हुनेछ । कम्पनीको प्रधान कार्यालय वीरेन्द्रनगर ६, सुर्खेतमा रहेको छ ।

'यामाहा ब्लु फेस्ट' आजदेखि भृकुटीमण्डपमा

काठमाडौं/ दुईपाङ्ग्रे सवारी एक्सचेन्ज मेला 'यामाहा ब्लु फेस्ट' बिहीबारबाट भृकुटीमण्डपमा सुरु हुँदै छ । ३ वैशाखसम्म चल्ने मेलाले बाइक एक्सचेन्ज मात्र नभई यामाहाको मूल मूल्यहरूलाई परिभाषित गर्ने एक्साइटमेन्ट, स्टाइल र पर्फर्मेन्स प्रदर्शन गर्ने बताइएको छ । मेला जुनसुकै ब्रान्डको बाइक साटाफेर गर्न सकिनेछ । त्यस्तै, यामाहा बाइक वा स्कुटरमा न्यूनतम ५० हजार र अन्य ब्रान्डमा न्यूनतम २५ हजारको मूल्यांकन, एक्सचेन्जमा अतिरिक्त १० हजार मूल्यांकन बोनस दिने कम्पनीले घोषणा गरेको छ ।

त्यसैगरी, कुनै ग्यारेन्टर आवश्यक नपर्ने गरी ७.९९ प्रतिशतको फाइनान्सिङ, 'थ्रिल अफ थ्री' योजनासहित एक लाखसम्म नगद छुट हुनेछ । त्यसबाहेक ग्राहकले थ्रिल अफ थ्री विज्ञापन सेयर गर्दा एक हजार, विज्ञापनको स्क्रिनसट देखाएर ५० हजारसम्म र यामाहा खरिद गर्दा एक लाखसम्म नगद छुट पाउनेछन् ।

विविधतायुक्त र बलियो प्रडक्ट रेन्जका लागि परिचित यामाहा दैनिक यात्रुदेखि रेसिङ उत्साही



र एडभेन्चर खोज्नेहरूका लागि डिजाइन गरिएको कम्पनीले जनाएको छ । साथै, ग्राहकले डुअर प्राइजमा स्मार्ट हेलमेटसमेत जित्न र यामाहा मोडेलको टेस्ट राइड गरी रोमाञ्चक उपहार पनि पाउन सक्नेछन् ।

इन्फिनिटी लघुवित्तको डिजिटल कारोबार सुरु

काठमाडौं/ इन्फिनिटी लघुवित्तले आफ्नो आन्तरिक प्रणालीमा एनसिएचएलको नेपाल पेमेन्ट इन्टरफेस जोडी डिजिटल कारोबार सुरु गरेको छ । यसैसँग इन्फिनिटी लघुवित्त एनपिआईमार्फत आफ्नो प्रणालीबाट कर्जाको भुक्तानी गर्ने पहिलो लघुवित्त बनेको छ । लघुवित्तका ग्राहकले अब एनसिएचएल-आइपिएस र आरपिएस प्रणालीमार्फत बचत निक्षेप, कर्जाको किस्ता भुक्तानीलगायतका विभिन्न संकलनका करोबार गर्न सक्नेछन् । साथै तलब, भेन्डर भुक्तानी, कर्जा निकासा, सरकारी राजस्व, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोषका भुक्तानीलगायतका विभिन्न प्रकारका भुक्तानीसम्बन्धी कारोबार आफ्ना तथा लाभग्राहीकै बैंक खातामा सोझै गर्न सकिने बताइएको छ । लघुवित्तले एनपिआईमार्फत आफ्ना शाखाको बैंक खातामा भएको रकम सहजै केन्द्रीकृतसमेत गर्न सक्नेछन् ।

एनसिएचएलका विभिन्न भुक्तानी प्रणालीको एकीकृत इन्टरफेसका रूपमा ओपन एपिआईको अवधारणामा एनपिआई विकास गरिएको हो । हाल यसमा ५३ सदस्य बैंक, वित्तीय संस्था आबद्ध छन् भने अन्य पिएसपी, पिएसओ, रेमिट्यान्स कम्पनी, ११ वटा लघुवित्त, मर्चेन्ट बैंक, सरकारी तथा अर्धसरकारी संस्थालगायतका सयभन्दा बढी गैरबैंकिङ सदस्यका रूपमा आबद्ध छन् । यसमार्फत सदस्य संस्थाले एनसिएचएल-आइपिएस र आरपिएस प्रणालीको प्रयोग गर्न सक्नेछन् ।

नेपाल राष्ट्र बैंक बाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था
NIC ASIA
एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड/कपरिट कार्यालय– थापाथली –११, ट्रेड टावर, काठमाडौं
फोन नं. ००९७७-१-५१११७७, फ्याक्स नं. ००९७७-१-५१११८०
Email: info@nicasiabank.com, URL: www.nicasiabank.com
को
१० वर्ष अवधि तथा वार्षिक ७ प्रतिशत ब्याजदर भएको
"७% एनआईसी एशिया डिबेञ्चर २०८१"को
सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना
एन आई सी एशिया बैंक लिमिटेडको १० वर्ष अवधि तथा वार्षिक ७ प्रतिशत ब्याजदर भएको प्रति डिबेञ्चर रु.१,०००/- अंकित मूल्यका ५० लाख कित्ताले हुन आउने रु.५ अर्ब बराबरको डिबेञ्चर मध्ये ६०% अर्थात ३० लाख कित्ता डिबेञ्चरले हुन आउने कूल रु.३ अर्ब ऋणपूँजी रकम व्यक्तिगत तवर (Private Placement) बाट बिक्री गरिने तथा ४०% अर्थात २० लाख कित्ता डिबेञ्चरले हुन आउने कुल रु.२ अर्ब ऋणपूँजी रकम (सो मध्ये ५% अर्थात १,००,००० कित्ता डिबेञ्चर सामुहिक लगानी कोषका लागि बाँडफाँड गरिएको सहित) सर्वसाधारण नेपालीहरुका लागि मिति २०८१ चैत्र २५ गतेदेखि मिति २०८१ चैत्र २८ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा व्यक्तिगत तवर (Private Placement) बाट मागभन्दा बढी आवेदन प्राप्त हुन आएको हुँदा **आज मिति २०८१ चैत्र २८ गते (बैंकिङ समय पश्चात्)** सो ऋणपत्रका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिन्छ ।
यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधिकारीक मानी ऋणपत्रका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८१ चैत्र २८ गते (बैंकिङ समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।
यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, निष्काशन बैंक तथा सम्बन्धित सबै नियमन निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।
धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
prabhu CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५५७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

Government of Nepal
Nepal Agricultural Research Council
National Animal Science Research Institute
National Fishery Research Centre
Godawari, Lalitpur
Invitation for Electronic Quotations
Date of publication: 10 April 2025
1. The National Fishery Research Centre, Godawari, Lalitpur invites electronic quotations from eligible bidders for the procurement of following works under SQ Bidding procedures specified in Public Procurement Act and Regulations. Bidding is open to all eligible Bidders.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at by visiting PPMO website www.bolpatra.gov.np

SQ No.	Contract Name	Estimated Amount NPR. (Exclusive of VAT)	Bid Security Amount NRs.
NFRC/SQ/W/ 081/82	Construction of Pond Dike and outlet channel	13,25,310.02	38,000

घरदैलो बहुउद्देश्यीय सहकारी संस्था लि.
गोदावरी नगरपालिका-१४, शिवली चोक, ठैब, ललितपुर
फोन नं. ०१-५५६०५४८, ईमेलः ghardhailocooperative@gmail.com
कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना
प्रथम पटक प्रकाशित मिति :- २०८१।१२।२८
यस संस्थामा सुरक्षण बापत तपसिलमा उल्लेखित सम्पत्ति धित्तो जमानतमा राखी तपसिलका ऋणीले विभिन्न मितिमा विभिन्न कर्जा शिर्षक अन्तर्गत लिनुभएको ऋण कर्जाको साँवा ब्याज लगायतका रकम समेत शर्त बमोजिम यस संस्थामा समय-समयमा दाखिला गर्नुपर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको र सो सम्बन्धमा पटक-पटक मौखिक, लिखित तथा घरसम्म पुगी तरताकेता गर्दा समेत उक्त ऋणको साँवा ब्याज रकम समेत चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएको हुनाले यो सूचना प्रकाशित मितिले ३५ (पैंतीस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम समेत चुक्ता भुक्तान गर्नुहुन सम्बन्धित तपसिलका सदस्यलाई यसै सूचना मार्फत सुचित गरिन्छ । अन्यथा सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ को नियम ३० र स्थानिय सरकार सञ्चालन ऐन २०७४, गोदावरी नगरपालिका सहकारी ऐन २०७५ को दफा १०० साथै परिच्छेद ८ नं. २७, २८, २९, ३०, ३१, ३२, ३३ ले तोके बमोजिमको कार्यविधि अवलम्बन गरी सो कर्जा लिँदा संस्थालाई धितो लेखिदिएको घर/जग्गा लिलाम बिक्री गरी यस संस्थाको लेना बाँकी रकम असुल उपर गरिने तर्फ कारवाही गरिने र सो धित्तोबाट यस संस्थाको सम्पूर्ण बाँकी रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीका अन्य जायजेथाबाट समेत असुल उपर गर्न आवश्यक कानूनी कारवाही भई जाने व्यहोरा समेत सूचित गरिन्छ ।
तपसिल

क्र.सं.	ऋणीको विवरण	फोटो	धितो विवरण
१	कर्जा नं.: १३२ ऋणीको नामः गणेशकुमार खत्री बाबुको नामः सिताराम खत्री श्रीमतीको नामः देवी खत्री ठेगानाः साविक गोदामचौर गा.वि.स. वडा नं. ७, हाल परिवर्तित गोदावरी न.पा. वडा नं. १, ललितपुर		ललितपुर जिल्ला साविक गोदामचौर वडा नं. ७(ख) (हाल) गोदावरी न.पा. वडा नं. १) को कि.नं. १३३ को क्षे.फ. ०-४-०-० जग्गा

यस संस्थाको नाममा रहेको जग्गा लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना
(प्रकाशित मिति : २०८१/१२/२८ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)
यस संस्थाको नाममा दर्ता स्वामित्व रहेको तपसिलमा उल्लेखित जग्गा जे जस्तो अवस्थामा रहेको छ सोही अवस्थामा तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहि लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक संघ संस्था एवं सर्वसाधारणबाट यो सूचना प्रकाशित मितिले **७ दिन भित्र** यस संस्थाको प्रधान कार्यालय, कमलादी काठमाडौंमा सिलबन्दी बोलपत्र पेश गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
तपसिल

सि.नं.	जिल्ला	जग्गाको ठेगाना गा.वि.स./न.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल
१	मोरङ्ग	साविक विराटनगर उ.म.न.पा	१४	१२४, १२५	०–०–१५, ०–०–५, (वि.क.धु)

शर्त बन्देजहरु :
१. बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।
२. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तिमा १० प्रतिशत धरौटी वापतको रकम यस संस्थाको प्रधान कार्यालयमा रहेको (Payable Auction Deposit A/C no. 917105010080) खातामा बोलपत्रदाताको नामबाट जम्मा गरी सोको सक्कल जम्मा भौचर, संस्थाको नाममा जारि गरेको Good For Payment चेक वा बैंक तथा वित्तीय संस्थाले यस संस्थाको नाममा जारी गरेको बैंक जमानत (Bid Bond) बोलपत्र साथ पेश गर्नुपर्नेछ । सो धरौटी वापत जम्मा गरिएको रकममा कुनै पनि व्याज गणना हुने छैन ।
३. सो सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको ३:०० बजे यस संस्थाको प्रधान कार्यालय कमलादी, काठमाडौंमा खोलिनेछ । बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा सोको लगतै कार्यालय खुलेको दिन सोहि स्थान र समयमा बोलपत्र खोलिने छ । बोलपत्र खोलिने दिन बोलपत्रदाताहरु उपस्थित हुनुपर्नेछ तर बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुगेको मानिने छैन ।
४. बढि बोलकबोल गर्ने सिलबन्दी बोलपत्रदातालाई बिक्री गर्ने निर्णय गरेमा त्यसको सूचना पाएको मितिले १५ दिन भित्र बाँकी रकम यस संस्थामा जम्मा गरी आफुले कबुल गरेको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नुपर्नेछ । उक्त अवधि भित्र बाँकी रकम जम्मा नगरेमा धरौटि बापत जम्मा गरेको रकम स्वतः जफत हुनेछ । यसमा पछि कुनै उजुर लाग्ने छैन ।
५. रित नपुगी वा म्यादनाघी पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित हुनेछ ।
७. स्वीकृत भएको बोलपत्रदाताको नाममा चल/अचल सम्पत्ति रजिष्ट्रेशन/दाखिल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर/सरकारी दै-दस्तुर आदि स्वयं (बोलपत्रदाता) ले नै व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रदाताले बोलपत्र फारम रु १,०००/- तिरी यस संस्थाको प्रधान कार्यालयबाट प्राप्त गर्न सकिनेछ तथा उक्त बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थाको प्रधान कार्यालय कमलादीमा कार्यालय समय भित्र पेश गर्नुपर्नेछ ।
९. इच्छुक बोलपत्रदातालाई यस संस्थाको नीति बमोजिम Auction Financing समेतको सुविधा उपलब्ध गराउँन सकिनेछ ।
शिलबन्दी खोलिने मिति : २०८२/०१/०४ गते बिहीबार
स्थान : प्रधान कार्यालय, कमलादी, काठमाडौं समय : दिनको ठिक ३:०० बजे ।
BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
BFC
प्रधान कार्यालय : बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन : ०१-४५४२४६१/६२/६३

Karnali Province Government
Ministry of Physical Infrastructure and Urban Development
Provincial and Local Road Improvement Program (PLRIP)
Provincial Project Management Unit (PPMU)
Birendranagar, Surkhet, Nepal
Invitation for Bids
IFB No: 4/PLRIP/KR/081/082
Date Publication: 2081/12/28 (2025/04/10 AD)
Loan No: - P171836
1. The Provincial and Local Road Improvement Program (PLRIP), Provincial Project Management Unit (PPMU), Karnali Province Birendranagar, Surkhet invites Open Competitive bidding for the following.

Contract No	Description of work	Unit	Quntity
PLRIP-KR-NCB-GD-VEH-01-081/082	The procurement (Supply and Delivery) of Standard double cab pickup, Right Hand Drive model with canopy	No.	1

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Provincial and Local Road Improvement Program (PLRIP), Provincial Project Management Unit (PPMU), Karnali Province Birendranagar, Surkhet Telephone Number : 083-590574 or may visit PPMO website www.bolpatra.gov.np/egp.
Office Chief

मोटरसाइकल हरायो
मिति २०८१/१२/११ गते अ. १८:३० बजेको समयमा जिल्ला काठमाडौं चौमतीमा पार्किङ गरिराखेको मेरो निम्न व्यहोरा भएको कालो, रातो रंगको 220 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।
नाम : दिलीप तमाङ
मो.सा.नं.: बा.प्र. ०२-०५५ प ४०४८
चेसिस नं.: MD2A13EX6RCH83732
इन्जिन नं.: DKSCRH49093
सम्पर्क न.: 9860732417

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.नं. १७/०६९/०७०

नयाँ पत्रिका

■ चारदेशीय टी-२० आई सिरिज

कतारमाथि नेपालको सानदार जित



कतारविरुद्ध ५० रनको साझेदारी गरेपछि नेपालका ओपनर ।

नयाँ पत्रिका

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले चारदेशीय टी-२० आई सिरिजमा सानदार जित निकालेको छ । हङकङको मोङ कोक मैदानमा बुधबार नेपालले कतारमाथि आठ विकेटको जित निकालेको हो । पाँच महिनापछि अन्तर्राष्ट्रिय क्रिकेटमा खेलेको नेपालले कतारलाई १७औँ ओभरमा पाखा लगाएको हो । नेपालले अन्तिमपटक गत अक्टोबरमा अमेरिकाविरुद्ध टी-२० आई खेलेको थियो ।

> कतारले दिएको १५२ रनको लक्ष्य पछ्याउँदा नेपालका ओपनर कुशल भुर्तेल र आसिफ शेखले ५.४ ओभरमा ८१ रनको साझेदारी गर्दै जितको आधार बनाए

चारदेशीय टी-२० आईमा कम वरीयता प्राप्त कतारले पहिलो ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो । कतारले २० ओभरमा पाँच विकेट गुमाएर १५१ रन बनायो । प्रत्युत्तरमा नेपालले १७ ओभरमा दुई विकेटको नोक्सानीमा १५४ रन बनाउँदै सिरिजमा पहिलो जित निकाल्यो । सिरिजअन्तर्गत अर्को खेलमा हङकङमाथि कुवेतले चार विकेटको जित दर्ता गऱ्यो ।

नेपालको जितमा ओपनर कुशल भुर्तेलले आक्रामक ब्याटिङ प्रदर्शन गरेका थिए । उनले केवल १९ बलमा ३८ रनको योगदान दिए । १५२ रनको लक्ष्य पछ्याएको इनिङ्समा नेपालका लागि ओपनर कुशल र आसिफ शेखले ५.४ ओभरमा ८१ रन जोडेर जितका आधार बनाएका थिए । भुर्तेल र शेखले प्रतिओभर १५ को रनरेटमा ब्याटिङ गरेका थिए । म्यान अफ दी म्याच भुर्तेलले ३८ रनको योगदान दिन चार चौका र तीन छक्का प्रहार गरेका थिए । मुजिब उर रेहमानको ओभरमा सट लगाउने क्रममा भुर्तेल कट एन्ड बोल्ड भए ।

त्यसपछि ७.६ ओभरमा नेपालले शेखलाई गुमायो । शेखले २१ बलमा चार छक्काको सहयोगमा ३३ रन बनाए । उनलाई गुमाउँदा नेपाल ९२-२ को बलियो अवस्थामा थियो । कप्तान रोहितकुमार पौडेल र बसिर अहमेदले तेस्रो विकेटका लागि नटआउट ६२ रनको साझेदारी गरे । रोहितले २९ बलमा दुई चौका र एक छक्का प्रहार गरी ३७ रन बनाए । बसिरले ३३ बलमा दुई चौकाको मद्दतमा ३० रनको योगदान दिए ।

पाँच महिनाको ब्रेकपछि चम्केका भुर्तेल

सन् २०२४ को सिजनमा ओपनर भुर्तेलको आकर्षक ब्याटिङ देखिएन । अक्टोबर-नोभेम्बरमा अमेरिका भ्रमणमा रहँदा कुशलले समग्रमा एकदिवसीय र टी-२० आईमा गरी २१७ रन जोडेका थिए । खराब ब्याटिङ प्रदर्शन गरे पनि उनले १० वटै इनिङ्समा अवसर पाए । अमेरिका भ्रमणमा उनले एक अर्धशतकीय इनिङ्स खेले । १० वटै खेलमा समग्रमा उनले १४ चौका र १० छक्का प्रहार गरेका थिए । सन् २०२४ को सिजनमा उनले २४ मध्ये २३ अन्तर्राष्ट्रिय खेलमा दुईपटक नटआउट रही ३८३ रन बनाएका थिए । उनले दुईपटक अर्धशतकीय इनिङ्स खेलेका थिए । उनी पाँचपटक डकआउट भएका थिए ।

उनले कतारविरुद्धको दुईवटा टी-२० आईमा ५० रन जोडेका छन् । कतारसँगको खेलमा उनले ६ चौका र तीन छक्का प्रहार गरे । यो पाँच महिनाभित्र नेपाल प्रिमियर लिग र प्रधानमन्त्री एकदिवसीय क्रिकेटमा सहभागी भएका भुर्तेल सन् २०२५ मा आफ्नो पहिलो अन्तर्राष्ट्रिय खेलमै उत्कृष्ट ब्याटिङ प्रदर्शन गर्न सफल भए ।

हेड टु हेडमा नेपाल अगाडि

अन्तर्राष्ट्रिय टी-२० मा नेपाल र कतारबिच अहिलेसम्म तीन खेल भए । हङकङमा यी दुवै टोली तेस्रोपटक आमनेसामने भएका हुन् । हेड टु हेडमा नेपालले कतारलाई २-१ ले पछि पारेको छ । २३ जुलाई २०१९ मा नेपाल र कतारबिच पहिलो टी-२० आई खेल भएको थियो । आइसिसी पुरुष टी-२० एसिया क्षेत्रीय फाइनलमा नेपाल कतारसँगको पहिलो भेटमै चार विकेटले स्तब्ध भएको थियो । कतारसँगको हार नेपाललाई निकै महँगो साबित भएको थियो । हारले नेपाल एसिया क्षेत्रीय छनोट पार गर्न सकेन । नेपालले टी-२० विश्वकपमा स्थानसमेत गुमायो । विश्वकप छनोटमा नेपालको कप्तानी पारस खड्काले गरेका थिए । १३ अप्रिल २०२४ मा नेपालले दोस्रोपटक कतारविरुद्ध प्रतिस्पर्धा गर्दा ३२ रनको जित निकाल्यो । एसिसी पुरुष प्रिमियर कपमा नेपालले पहिलो ब्याटिङ गरी सात विकेट गुमाएर २१० रन बनाएको थियो । कतारले २० ओभरमा नौ विकेटको क्षतिमा १७८ रन जोडेको थियो ।



डेब्युमै नन्दनले लिए विकेट

चारदेशीय टी-२० आई सिरिजमा दायाँहाते ब्याट्सम्यान तथा बलर नन्दन यादवले नेपालबाट डेब्यु गरेका छन् । नेपाल क्रिकेट संघले प्रधानमन्त्री कपमा अलराउन्डर प्रदर्शन गरेका नन्दनलाई राष्ट्रिय टोलीमा पहिलोपटक समावेश गरेको हो । उनी आफ्नो पहिलो अन्तर्राष्ट्रिय टी-२० आई खेलमा विकेट लिन सफल भए । उनले चार ओभरमा २८ रन खर्चेर एक विकेट हात पारेका हुन् । कतारको ब्याटिङमा आक्रामक रूपमा ब्याटिङ गरिरहेका कप्तान इक्रमुल्लाह खानको विकेट उनले लिएका हुन् । नन्दनले खानलाई बोल्ड गरे । इनिङ्सको १७.६ ओभरमा नन्दनले आफ्नो अन्तिम स्पेल फ्याँक्दा डेब्यु विकेट हात पारे ।

कतारविरुद्ध करण केसीले ३० रनमा एक विकेट हात पारे । यसैगरी, सोमपाल कामी, गुल्सन झा र ललितनारायण राजवंशीले समान एक विकेट लिए । अलराउन्डर दीपेन्द्रसिंह ऐरी विकेटविहीन रहे । हङकङको ब्याटिङमा कप्तान खानले ५३ बलमा पाँच चौका र दुई छक्का प्रहार गरे । सहजैव जमिलले २१ बलमा चार छक्काको सहयोगमा ३१ रन बनाए ।

■ तेस्रो नेपाल सुपर लिग

धनगढी र पोखराको गोलरहित बराबरी



तस्बिर : ज्ञानेन्द्र कार्की/नयाँ पत्रिका

नयाँ पत्रिका


नेपाल सुपर लिग (एनएसएल)को १२औँ खेलमा पोखरा थन्डर्स र धनगढी एफसीले गोलरहित बराबरी खेलेका छन् । दशरथ रंगशालामा बुधबार दुवै टोलीले आक्रामक खेले पनि गोल गर्न सकेनन् । पोखरा र धनगढी फाइनल थर्डमा चुके । दुवै टोलीले प्रतिस्पर्धामा समान पाँच विदेशी खेलाडी एकैसाथ उतारे पनि फिनिसिङमा कमजोर देखिए ।

बराबरीले धनगढीले दोस्रो स्थानमा उक्लने अवसर गुमाएको छ । धनगढी ५ अंकका साथ तेस्रो स्थानमा उक्लिएको छ । पोखरा ४ अंकसहित पाँचौँ स्थानमा रह्यो । चितवन शीर्ष स्थानमा रहेको छ । चितवनले सर्वाधिक ७ अंक बटुलेको छ । अंकतालिकाको शीर्ष चारमा रहने टोलीले प्लेअफमा स्थान बनाउनेछन् ।

धनगढीले पोखराविरुद्ध भने अपराजित यात्रा राखेको छ । यसअघि तीनमध्ये दुवै भेटमा पोखरालाई धनगढीले हराएको थियो । एक खेल बराबरी भएको थियो । यसअघिका भेटमा धनगढीले पोखराविरुद्ध चार गोल गर्दा तीन व्यहोरेको थियो । धनगढीले पहिलो खेलमा बुटवल लुम्बिनीलाई ४-१ ले पराजित गर्दै प्रभावशाली जित निकालेको थियो । तर, पहिलो खेलपछि धनगढीको प्रदर्शन सुस्ताएको छ । साबिक दुईपटकको उपविजेता धनगढी पटक-पटक फाइनल थर्डमा चुकेको छ ।

लगातार दुई खेलमा टोली गोलविहीन बन्यो । धनगढीले साबिक च्याम्पियन ललितपुर सिटी र पोखराविरुद्ध गोलरहित बराबरी खेलेको हो । पोखरा लगातार विपक्षीसँग अंक खोस्न सफल भयो । पोखराले ४ अंक जोडेको छ । पहिलो खेलमा एफसी चितवनसँग पोखरा २-० ले पराजित हुँदा दोस्रो खेलमा ललितपुरसँग ३-२ ले नै पराजित भयो । तेस्रो खेलमा काठमाडौंलाई हराउँदै पोखराले प्लेअफ सम्भावना कायम राखेको छ ।

धनगढी र पोखराको गोल प्रयास



खेलको ८६औँ मिनेटमा धनगढीले गोल अवसर गुमाएको थियो । धनगढीका कृतिशले पोस्टको ६ यार्ड बक्सबाट प्रहार गरेको बललाई नजिकमा रहेका खेलाडीले भेटाउन सकेनन् । यसैगरी, खेलको ८०औँ मिनेटमा धनगढीका प्लेमेकर हिजाजीले वान भर्सेज वानमा पोखराका गोलरक्षकलाई पार गर्न सकेनन् । उनले डिबक्सभित्र प्रहार गरेको बललाई पोखराका गोलरक्षक प्रिसोले बचाउ गरेका थिए ।

दोस्रो हाफमा नवयुग श्रेष्ठ मैदानमा प्रवेश गरेपछि पोखराका गोलरक्षक प्रिसोले आर्मब्यान्ड श्रेष्ठलाई दिएका थिए । यसअघि प्रिसोले खेलको कप्तानी गरेका थिए । खेलको ६७औँ मिनेटमा विपक्षी खेलाडीले धनगढीका हिजाजीलाई डिबक्सभित्र लडाएका थिए । हिजाजीले पेनाल्टी अपिल गरे पनि रेफ्रीले अस्वीकार गरे । खेलको ५७औँ मिनेटमा पोखराका सुदिल राईको प्रहार क्रसबारभन्दा माथि गएको थियो ।

अंक तालिका

टोली	खेल	जित	ड्र	हार	गोलअन्तर	अंक
चितवन	३	२	१	०	३	७
धनगढी	३	१	२	०	३	५
ललितपुर	३	१	२	०	१	५
काठमाडौं	४	१	२	१	-१	५
पोखरा	४	१	१	२	-१	४
झापा	३	०	३	०	०	३
बुटवल	४	०	१	३	-५	१

लुम्बिनी कपमा आठ टोली सहभागी हुने

नयाँ पत्रिका

लुम्बिनी कप महिला फुटबल प्रतियोगितामा आठ टोलीले प्रतिस्पर्धा गर्ने भएका छन् । नेपालगन्ज रंगशालामा आगामी ५ देखि १२ वैशाखमा लुम्बिनी कप हुनेछ । सात दिनसम्म चल्ने प्रतियोगितामा नेपालका तीन विभागीय र भारतको सिलगुडी फुटबल क्लबले प्रतिस्पर्धा गर्ने बुधबार आयोजकले जनाएको छ । घरेलु टोली बाँके-११, नेपाल एपिएफ, नेपाल पुलिस, त्रिभुवन आर्मी, कर्णाली एफसी, सुदूरपश्चिम, सिलगुडी र रौतहट जिल्ला फुटबल संघले प्रतिस्पर्धा गर्ने आयोजक अन्तरालका प्रमुख कार्यकारी निर्देशक जयनारायण शाहले बताए ।

प्रतियोगिताको विजेताले पाँच लाख पाँच हजार र उपविजेताले दुई लाख ५० हजार रुपैयाँ पाउनेछन् । हरेक खेलका उत्कृष्ट खेलाडी र विधागततर्फ उत्कृष्ट हुनेलाई पुरस्कृत गरिनेछ । 'लुम्बिनी कपपछि नियमित फुटबल प्रशिक्षण गर्ने तथा रंगशालाको भौतिक पूर्वाधार मर्मतमा पनि सहयोग जुट्नेछ,' शाहले भने ।

लुम्बिनी कपमा घोषणा गरिएको पुरस्कार राशि अहिलेसम्मकै बृहत् हुने आयोजकले जनाएको छ । 'प्रतियोगिताले नयाँ खेलाडी उत्पादनमा सहयोग गर्नेछ,' शाहले भने । बाँके जिल्ला फुटबल संघका अध्यक्ष भोजराज शाहीले पश्चिम नेपालमा महिला फुटबल खेलाडी उत्पादनमा लुम्बिनी कपले सहयोग गर्ने बताए ।

■ डिएलएसमा नेपालको युवा टोली ८५ रनले विजयी



नेपाली यू-१९ टोलीले बुधबार अफगानिस्तानविरुद्धको तेस्रो एकदिवसीय खेलमा डिएलएसअनुसार ८५ रनको जित निकालेको छ । मूलपानी क्रिकेट मैदानमा नेपालले दिएको १९२ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले २०.१ ओभरमा ६ विकेट गुमाएर ४६ रन बनाएको थियो । वर्षा भएँगै खेल रोकिएको थियो । वर्षा नरोकिएपछि डिएलएसअनुसार नेपाल विजयी भयो । नेपाल अफगानिस्तानसँग पहिलो खेलमा १३० र दोस्रो खेलमा १ रनले पराजित भएको थियो । अफगानिस्तानले सिरिज २-१ ले जित जितेको छ ।

■ केपी ओली टी-२० कप

गण्डकीले ग्रेट हिमालयनलाई १० विकेटले हरायो

कास्की / गण्डकी हिरोज र हिमालयन क्रिकेट एकेडेमीले केपी ओली टी-२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित निकालेका छन् । पोखरा रंगशालाको क्रिकेट मैदानमा बुधबार भएको पहिलो खेलमा गण्डकीले ग्रेट हिमालयन क्रिकेट क्लबलाई १० विकेटले पाखा लगायो । दोस्रो खेलमा हिमालयनले चितवन क्रिकेट क्लबलाई ६ विकेटले पराजित गऱ्यो । समूह 'बी'मा गण्डकी र हिमालयनले समान ४ अंक जोडेका छन् । ग्रेट हिमालयन र चितवनले दुवै खेल गुमाएका छन् । गण्डकी र हिमालयनबिच बिहीबार हुने खेलको विजेताले सेमिफाइनलमा स्थान बनाउनेछ ।

ग्रेट हिमालयनले १८.४ ओभरमा सबै विकेट गुमाएर १०२ रन बनायो । प्रत्युत्तरमा गण्डकीले १२ ओभरमा विनाविकेट क्षतिमा १०६ रन जोड्यो । गण्डकीको जितमा ओपनर सकिब हकले अर्धशतकीय योगदान दिए । उनले ५३ रन बनाउन ४३ बलमा सात चौका र दुई छक्का प्रहार गरे । अर्जुन कुमालले २९ बलमा नौ चौकाको सहयोगमा ४६ रन बनाए । ग्रेट हिमालयनका लागि रूपेशकुमार श्रीवास्तवले १८ बलमा दुई चौका र एक छक्काको सहयोगमा सर्वाधिक २१ रन बटुले । उत्तमरंघु थापामगरले १८ र दीपक केवतले १७ रन जोडे । गण्डकीका कृष्ण पौडेलले २५ रन खर्चेर चार विकेट र अमृत गुरुङले तीन विकेट हात पारे ।

दीपकको आक्रामक ब्याटिङ

दोस्रो खेलमा चितवनले १८.१ ओभरमा ११८ रन बनायो । हिमालयनले १२.४ ओभरमा चार विकेट गुमाएर ११९ रन जोड्यो । हिमालयनको जितमा दीपक बोहराले आक्रामक ब्याटिङ गरे । उनले ८० रनको योगदान दिँदा ४८ बलमा आठ चौका र पाँच छक्का प्रहार गरेका थिए ।

चितवनका आशुतोष घिरैयाले ४१ बलमा ६ चौका र दुई छक्काको सहयोगमा ५० रनको योगदान दिए । प्रतीक श्रेष्ठले २२ बलमा समान तीन चौका र छक्का प्रहार गरी ३८ रन जोडे । हिमालयनका प्रकाश जैशीले चार ओभरमा ११ रन खर्चेर चार विकेट र दीपक चन्दले तीन विकेट लिए ।

एनपिजिए उपाधिका लागि नीरज र धनबहादुर भिड्ने

नयाँ पत्रिका

सूर्य नेपाल गल्फ टुर, २०२४/२५ अन्तर्गत सूर्य नेपाल एनपिजिए म्याच-प्लेको उपाधिका लागि नेपालका नम्बर २ गल्फर नीरज तामाङ र धनबहादुर थापा उपाधिका लागि भिड्ने भएका छन् ।



नीरज र धनबिच बिहीबार ३६ होलको प्रतिस्पर्धा हुनेछ । रोयल नेपाल गल्फ क्लबमा बुधबार भएको सेमिफाइनलमा नीरजले साबिक विजेता दिनेश प्रजापतिलाई ३-२ ले हराउँदै अन्तिम दुईमा स्थान रक्षा गरेका हुन् । यसअघि नीरजले क्वार्टरफाइनलमा रामे मगरलाई ३-२ ले हराएका थिए ।

दिनेशले क्वार्टरफाइनलमा ११औँ वरीयताका तोरणविक्रम शाहीलाई १८औँ होलमा माथ दिएका थिए । तर, सेमिफाइनलमा नीरजसँग हारेपछि उनले तेस्रो स्थानका लागि खेल्नेछन् । दोस्रो सेमिफाइनलमा आठौँ वरीयताका धनबहादुर थापाले चौथो वरीयताका रवि खड्कालाई ३-२ ले माथ दिए । धनले क्वार्टरफाइनलमा अप्रत्याशित नतिजा निकाल्दै नेपाल नम्बर १ गल्फर भुवन नगरकोटीलाई १९औँ होलमा स्तब्ध पारेका थिए ।

१८ होलसम्म खेल बराबरीमा सकिएपछि पहिलो एक्स्ट्रा होलमा धनले जित निकालेका हुन् । यसअघि अन्तिम आठमा रविले प्रदीपकुमार लामालाई ३-२ ले हराउँदै सेमिफाइनलमा स्थान बनाएका थिए । रवि र भुवनले बिहीबार तेस्रो स्थानका लागि खेल्नेछन् । सन् २०२३/२४ को अर्डर अफ मेरिटका आधारमा १६ प्रोफेसनल गल्फरले प्रतिस्पर्धा गरेका हुन् । विजेताले ६० हजार र दोस्रो हुनेले ४२ हजार रुपैयाँ पाउनेछन् । तेस्रो हुनेले ३२ हजार र चौथो हुनेले २४ हजार रुपैयाँ हात पार्नेछन् ।

■ आइपिएल-२०२५

गुजरात शीर्ष स्थानमा उक्लियो

एजेन्सी

गुजरात टाइटन्स इन्डियन प्रिमियर लिग (आइपिएल) अंकतालिकाको शीर्ष स्थानमा उक्लिएको छ । आइपिलअन्तर्गत बुधबारको २३औँ खेलमा गुजरातले राजस्थान रोयल्समाथि ५८ रनको सानदार जित निकालेको हो । गुजरातले पाँच खेलमा चार जित र एक हार सामना गरेको छ । शीर्ष स्थानमा पुगेको गुजरातले सर्वाधिक ८ अंक बनाएको छ । हारका साथ राजस्थान रोयल्स सातौँ स्थानमा सीमित भएको छ । राजस्थानले पाँच खेलमा दुई जित र तीन हार सामना गरी ४ अंक बनाएको छ ।

अहमेदाबादमा पहिलो ब्याटिङ गरेको गुजरातले २० ओभरमा ६ विकेट गुमाएर २१७ रनको विशाल योगफल खडा गरेको थियो । प्रत्युत्तरमा राजस्थानले १९.२ ओभरमा सबै विकेट गुमाएर १५९ रन मात्र जोड्यो । राजस्थानको ब्याटिङमा ह्विमरन हेटमेयरले सर्वाधिक ५२ रनको योगदान दिए । उनले ३२ बलमा चार चौका र तीन छक्का प्रहार गरे । दोस्रो ओपनर तथा कप्तान सन्जु सामसङले २८ बलमा ४१ रन बनाए ।

उनले चार चौका र दुई छक्का प्रहार गरे । राजस्थानका पुछारका ब्याट्सम्यानले दोहोरो अंकमा रन बनाउन सकेनन् । बलिङमा गुजरातका लागि प्रसिद्ध कृष्णाले २४ रन खर्चेर सर्वाधिक तीन विकेट हात पारे । रसिद खानले ३७ रनमा दुई विकेट लिए । साई किशोरले २.२ ओभरमा २० रन दिँदै दुई विकेट हात पारे ।

सुदर्शनको अर्धशतकीय योगदान

यसअघि ब्याटिङ गरेको गुजरातका ओपनर साई सुदर्शनले अर्धशतकीय इनिङ्सको योगदान दिएका थिए । उनले ५३ बलमा आठ चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ८२ रन बटुले । इनिङ्सको १८.२ ओभरमा उनी आउट हुँदा गुजरात १८७-५ को बलियो अवस्थामा पुगेको थियो । तेस्रो क्रमका जोस बटलरले साईसँग दोस्रो विकेटका लागि ८० रनको साझेदारी गरेका थिए । बटलरले २५ बलमा पाँच चौकाको सहयोगमा ३६ रन बनाए । साईले साहरूख खानसँग तेस्रो विकेटका लागि ६२ रन जोड्दै टोलीलाई १५.४ ओभरमा १५६-३ को स्थितिमा पुऱ्याए । खानले २० बलमा दुई छक्का र चार चौका प्रहार गरी ३६ रनको योगदान दिए । राहुलले १२ बलमा समान दुई चौका र छक्का प्रहार गर्दै २४ रन बनाए । रसिद खानले चार बलमा १२ रन बनाए । बलिङमा राजस्थानका लागि तुसारले ५३ रन खर्चेर दुई विकेट हात पारे । महिस थिक्षणाले ५४ रन खर्चेर दुई विकेट हात पारेका थिए ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com